सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

२० कात्तिक २०८१, मंगलबार (5 Nov 2024, Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक १९८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

ओटिसी बजारमा हुने सेयर कारोबारमा पुँजीगत लाभकर छलीको आशंका

## ६० कम्पनीमाथि छानबिन गर्दै राजस्व विभाग

### करको दायित्व पालना भए-नभएको छानबिन गर्छौं

● **रामप्रसाद आचार्य**
महानिर्देशक, आन्तरिक राजस्व विभाग



नेप्सेमा सूचीकृत नभएका सेयर कारोबारको पुँजीगत लाभकरसँग कर कार्यालयहरू प्रत्यक्ष रूपमा जोडिँदैनन्। नेप्सेले सेयर कारोबारको पुँजीगत लाभकर उठाउँछ। यस्तोमा हुन सक्ने शंकास्पद कारोबारको छानबिन र अनुसन्धान गर्ने हाम्रो योजना हो। यसमा कारोबारीले करको दायित्व पूरा गऱ्यो कि गरेन र कर कार्यालयमा बुझाएको कर विवरण र नेप्सेलाई तिरेको करमा केही भिन्नता छ कि छैन भनेर हामीले हेर्न खोजेका हौं।

### ओटिसीमा कम मूल्यांकन गरेर कर छल्ने प्रवृत्ति छ

● **नीरज गिरी**
पूर्वकार्यकारी निर्देशक, धितोपत्र बोर्ड



ओटिसी कारोबारलाई व्यवस्थित नबनाएसम्म पुँजीगत लाभकर छली हुने जोखिम रहिरहन्छ। ओटिसीमा सेयरको न्यूनतम मूल्यांकन नगर्दा वास्तविक कारोबारबापत राज्यले पाउनुपर्ने राजस्व गुमिरहेको छ। खरिदकर्ता र बिक्रीकर्ताले समझदारीमा कम मूल्यांकनमा सेयर किनबेच गर्छन्।

### कर अनुसन्धानमा सहयोग गर्छौं

● **मुराहरि पराजुली**, प्रवक्ता, नेप्से



ओटिसीमा हुने सेयर किनबेचको मूल्यांकन निर्धारण नहुने भएकाले कम मूल्यमा कारोबार गरेर पुँजीगत लाभकर छली गर्ने सम्भावना रहन्छ। सायद त्यसैले आन्तरिक राजस्व विभागले ओटिसी कारोबारको विवरण छानबिन गर्न खोजेको हुन सक्छ। ओटिसीमा कारोबार गर्ने व्यक्तिले राजस्व खातामा पैसा जम्मा गरेर नेप्सेमा रसिद पेस गर्छन्। त्यसपछि नेप्सेले कारोबारको अनुमति दिन्छ। कर अनुसन्धानमा सहयोग गर्न हामी तयार छौं।

**पवन तिमिल्सिना**/नयाँ पत्रिका

आन्तरिक राजस्व विभागले 'ओभर द काउन्टर (ओटिसी)' बजारबाट हुने सेयर कारोबारमा पुँजीगत लाभकर छली भएको आशंका गर्दै ६० कम्पनीमाथि छानबिन गर्ने भएको छ। विभागले नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा सूचीकृत नभएका कम्पनीको पाँच लाख रुपैयाँभन्दा बढीका सेयर कारोबारमा कर छलीको आशंका गरेको छ। ती कम्पनीबाट गत आवमा मात्रै पाँच अर्बजतिको कारोबार भएको छ।

विभागका महानिर्देशक रामप्रसाद आचार्यले

» पृष्ठ २ मा क्रमशः

### ■ यी हुन् छानबिनको दायरामा रहेका ६० कम्पनी

०८०/८१ मा ६३ कम्पनीको सेयर ओटिसीमा किनबेच भएको छ। आन्तरिक राजस्व विभागले यीमध्ये ६० कम्पनीको विवरण मागेर छानबिन गर्ने तयारी गरेको हो।

६३ कम्पनीमध्ये एक सय रुपैयाँ प्रतिकित्तामा किनबेच भएका २९ कम्पनी छन्। जसमा अल फुड्स इन्डस्ट्री, अन्नपूर्ण केबलकार, अपोलो हाइड्रोपावर, अवसर इक्विटी, बन्दीपुर केबलकार, बिजनेस इन्ट्रेस्ट ग्रुप इन्डस्ट्रिज, चण्डेश्वरी महादेवखोला पावर, चितवन फुड इन्डस्ट्रिज, इलेक्ट्रो पावर, एभरेस्ट ग्यास उद्योग, एभरेस्ट हस्पिटालिटी होटेल, गरिमा क्यापिटल, गार्जाङ उपत्यका पावर र हाइलाइफ एग्रो एन्ड फुड्स इन्डस्ट्रिज छन्। यसैगरी, हिल्टन हाइड्रो, हिमरिभर पावर, हिमशिला पावर कम्पनी, होटेल फरेस्ट इन, काबेली हाइड्रोपावर, म्याक्स भिजन, मेडिकेयर हस्पिटल, मुक्तिनाथ कृषि कम्पनी, नेपाल हस्पिटालिटी एन्ड होटेल, श्री डिस्टिलरी, स्नो रिभर, सोपान मल्टिपल, टक्सार पिखुवा खोला हाइड्रोपावर, त्रिवेणी इन्टरनेसनल कलेज र याम्बालिङ हाइड्रोपावर छन्। एग्रो कमर्स नेपालको सेयर मूल्य प्रतिकित्ता १००.३७ रुपैयाँमा किनबेच भएको छ।

प्रतिकित्ता एक सयदेखि दुई सय रुपैयाँमा किनबेच भएका कम्पनीहरू २९ वटा छन्। जसमा मुक्तिनाथ कृषि कम्पनी प्रतिकित्ता एक सय रुपैयाँमा पनि किनबेच भएको देखिन्छ। अन्नपूर्ण केबलकार र बन्दीपुर केबलकार १४० रुपैयाँमा पनि किनबेच भएको छ। अवसर इक्विटी १५० रुपैयाँमा कारोबार भएको छ। अल्फा क्यापिटल, बरुण इन्भेस्टमेन्ट, भरतपुर सामुदायिक अस्पताल, बिओके क्यापिटल मार्केट, चार्टर्ड क्यापिटल एन्ड इन्भेस्टमेन्ट, आइएमई डिजिटल सोलुसन, जगदम्बा स्पिनिङ मिल्स, जनज्योति एजुकेसन फाउन्डेसन कञ्चनपुर, ज्योति क्यापिटल, काठमाडौं मेडिकल कलेज, खोलाङ हाइड्रोपावर, लक्ष्य क्यापिटल, लक्ष्य होल्डिङ्स, लाफा ग्रुप, लक्ष्मी स्टिल्स, मेडिकेयर हस्पिटल, मेरोजब, माउन्ट ग्लोरी फरेस्ट रिसोर्ट एन्ड स्पा, नेपाल क्यान्सर हस्पिटल एन्ड रिसर्च सेन्टर, नेपाल जलविद्युत् प्रवर्द्धन तथा विकास, ओभरसिज नेप्लिज इन्भेस्टमेन्ट कम्पनी, पाल्पा सिमेन्ट, सोपान मल्टिपल कम्पनी, ट्रेड टावर र त्रिशक्ति सेक्युरिटिज दुई सय रुपैयाँसम्ममा किनबेच भएको देखिन्छ।


नेसनल फुड म्यानेजमेन्ट प्रतिकित्ता ५२.४३ रुपैयाँ र ग्रिन गोर्खा इनर्जी १० रुपैयाँमै कारोबार भएको तथ्यांकले देखाएको छ।

११ कम्पनीको कारोबार दुई सय रुपैयाँभन्दा बढी मूल्यमा भएको देखिन्छ। जसमा काठमाडौं मेडिकल कलेज तीन सय रुपैयाँमा पनि किनबेच भएको देखिन्छ। मौलाकालिका केबलकार तीन सय रुपैयाँमा किनबेच भएको छ। एनआइसी एसिया क्यापिटल ५५० रुपैयाँमा किनबेच भएको छ। सबैभन्दा बढी मूल्यमा वर्ल्ड लिंक कम्युनिकेसन बिक्री भएको छ। यसको मूल्य प्रतिकित्ता नै नौ हजार ३७५ रुपैयाँ कायम छ। काठमाडौं फरेस्ट्री कलेज त दुईपटक दुई मूल्यमा कारोबार भएको छ। एकपटक एक हजार २०.७७ रुपैयाँ र अर्कोपटक एक हजार ८५.५ रुपैयाँमा कारोबार भएको छ। लर्डबुद्ध एकेडेमी ५४० रुपैयाँमा किनबेच भएको छ। लिटमस इन्डस्ट्रिज २९ रुपैयाँमा, डियरवाक ग्रुप २५०, सिआन सिड सर्भिसेज सेन्टर २४५ रुपैयाँ र पाल्पा सिमेन्ट २३२ रुपैयाँमा कारोबार भएको नेप्सेले जानकारी दिएको छ। कतिपय अवस्थामा एउटै कम्पनी पनि फरक-फरक मूल्यमा किनबेच भएका छन्।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

# मनसुनका चार महिनामा बाढीपहिरो र चट्याङबाट ४९५ को मृत्यु

### मनसुन अवधि २८ जेठदेखि २६ असोजसम्मको मानवीय क्षति




**यम बम**/नयाँ पत्रिका

यसपालिको बर्खामा बाढीपहिरो र चट्याङमा ४९५ जनाको ज्यान गएको छ। मनसुन अवधि २८ जेठदेखि २६ असोजसम्म बाढीपहिरो र चट्याङका दुई हजार १३७ घटना हुँदा ६६ जना बेपत्ता भएका छन् भने ५२२ जना घाइते भएका छन्। सबैभन्दा बढी काभ्रेमा ८२ जनाले ज्यान गुमाएका छन्।

मानवीय क्षति गत वर्षको सोही अवधिभन्दा पाँच गुणाभन्दा पनि बढी हो। गत वर्ष बर्खामा बाढीपहिरो र चट्याङमा ९३ जनाको ज्यान गएको थियो।

भौतिक क्षति पनि निकै ठुलो भएको छ। राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार यो अवधिमा ६ हजार १८३ घर पूर्ण र १२ हजार ६५० घरमा आंशिक क्षति पुगेको छ। सडक, पुल, सार्वजनिक भवन, जलविद्युत् आयोजना र धानबालीमा पनि ठुलो क्षति भएको छ। कम्तीमा दुई हजार ६११ पशुचौपाया मरेका छन्। प्रारम्भिक विवरणअनुसार ५० अर्बको क्षति आकलन गरिए पनि विस्तृत मूल्यांकन हुन बाँकी छ।

प्राधिकरणले मनसुनमा चार लाख घरपरिवारका १८ लाख

» पृष्ठ २ मा क्रमशः



तस्बिर : विपत् व्यवस्थापन प्राधिकरण

### बाढीपहिरोको एक महिना पुग्दासमेत अस्थायी आवासको लागेन अझै टुंगो

बाढीपहिरोको एक महिना पुग्दासमेत सरकारले अस्थायी आवासका लागि प्रक्रिया अगाडि बढाउन सकेको छैन। ६ कात्तिकमा प्रधानमन्त्री केपी ओलीको अध्यक्षतामा बसेको राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को बैठकले निजी अस्थायी आवास निर्माणको प्रक्रिया तत्काल अगाडि बढाउने र कात्तिकभित्र अनुदान वितरण गरिसक्ने निर्णय गरेको थियो। तर, राष्ट्रिय परिषद्ले कार्यकारी समितिको निर्णय अनुमोदन गरेको डेढ साता बित्दा पनि अस्थायी आवासका लागि अनुदान निकासा भएको छैन। विपत् जोखिम न्यूनीकरण प्राधिकरणका प्रवक्ता डिजन भट्टराईका अनुसार स्थानीय तहबाट लाभग्राहीको लगत संकलन हुन नसक्दा प्रक्रिया अगाडि नबढेको हो। 'पालिकाबाट लाभग्राहीको लगत आएलगत्तै जिल्ला विपत् व्यवस्थापन कोषबाट रकम निकासा हुन्छ। जिल्लामा रहेका यी कोषमा पैसा छ, अपुग भएमा प्राधिकरणले पठाउँछ,' उनले भने। अस्थायी आवासका लागि दुई किस्तामा ५० हजार दिने व्यवस्था छ।

### यसपालिको बाढीपहिरोले ठुलो पाठ सिकाएको छ

● **अनिल पोखरेल**
कार्यकारी प्रमुख, विपत् व्यवस्थापन प्राधिकरण



तराईमा मात्र बाढी आउँछ भन्ने भ्रमलाई यसपालिको बाढीले चिरेको छ। सहरी क्षेत्रमा पनि बाढीले ठुलो क्षति गर्दोरहेछ, सहरी क्षेत्रका मान्छेलाई बुझाउन सकेका रहेनछौं। अव्यवस्थित बस्ती विकास र सहरीकरण तथा अनियन्त्रित उत्खननले क्षति बढाएको छ। सिमलताल, झ्याप्लेखोला पहिरो भौगर्भिक अध्ययनविना सडक खन्दाका परिणाम हुन्। हिजो बस्नयोग्य स्थान पनि असुरक्षित बनेका छन्। बस्ती कहाँ सार्ने भन्नेमा चुनौती छ। अब बाढीपहिरोले क्षति पुऱ्याउन यति धेरै पानी पर्नुपर्दैन, २४ घण्टामा सय, डेढ सय मिलिमिटर पानी पर्दा पनि ठुलो क्षति हुने देखियो। क्षति न्यूनीकरणका लागि पूर्वसूचना प्रणालीका लागि उपकरण थप्नुपर्नेछ, नक्सांकन गरेर सुरक्षित बस्ती बसाउने र खानीको दोहन रोक्नुपर्छ। बस्ती विकास र सहरीकरण गर्दा भौगर्भिक र सम्भावित विपत्बारे अध्ययन गर्न आवश्यक छ।

### पूर्वाधार बनाउँदा इन्जिनियरिङ विश्लेषण गर्नुपर्ने देखिन्छ

● **वसन्तराज अधिकारी**, निर्देशक,
विपत् अध्ययन केन्द्र, पुल्चोक इन्जिनियरिङ संस्थान



पूर्वतयारीमा वैज्ञानिक तथ्यलाई विश्लेषण नगरी विपत् न्यूनीकरण गर्न नसकिने रहेछ। प्रभावमा आधारित पूर्वसूचना प्रणाली सुरु गर्न खोजेका छौं, तर कहाँ कति पानी पर्दा कस्तो असर पर्छ भन्न सकिएको छैन। दोस्रो, पूर्वाधार र संरचना बनाउँदा परिवर्तित जलवायु परिवर्तनको सिनारियोमा इन्जिनियरिङ विश्लेषण गर्नुपर्ने देखिन्छ। तेस्रो, केन्द्रमा बनाएका नीतिनियम पालिका र जनमानसमा विपत्को पूर्वतयारीबारे बुझाइ भएन। वा, बुझेर पनि आत्मसात् नगरेको पाइयो।

## ■ टुकुचामा फोहोरको थुप्रो



सिंहदरबारको मूलगेट र भद्रकालीबिचको पुलमुनि टुकुचा खोलामा प्लास्टिकजन्य फोहोरको थुप्रो। यो दृश्य राजधानीमा बस्ने मान्छेले प्रकृतिमाथि गरेको ज्यादतीको एक ज्वलन्त उदाहरण हो। यस्ता प्राकृतिक प्रदूषणले अन्ततः क्षति मान्छेलाई नै हुन्छ।

तस्बिर : **सञ्जीव योञ्जन**/नयाँ पत्रिका

**स्थानीय तह उपनिर्वाचन**

### दलहरू उम्मेदवार छनोटमा केन्द्रित

काग्रेसले तोक्यो कमान्डर, चुनावी कार्यक्रममा होमिन स्थानीय कमिटीलाई एमालेको निर्देशन, माओवादीमा २६ कात्तिकसम्म उम्मेदवार टुंग्याउन सर्कुलर

(विस्तृत पृष्ठ ३)

### अमेरिकामा राष्ट्रपति निर्वाचन आज



हयारिस र ट्रम्पबिच कडा प्रतिस्पर्धा हुने र दुवै उम्मेदवारको जित्ने सम्भावना उत्तिकै रहेको चुनावअगाडि गरिएका केही पछिल्ला सर्वेक्षणले देखाएका छन्

(विस्तृत पृष्ठ ५)

### आजदेखि मौसममा सुधार

**काठमाडौं**/ तीनवटा वायु प्रणाली एकसाथ सक्रिय हुँदा भएको वर्षा मंगलबारदेखि थामिने भएको छ। मौसम पूर्वानुमान महाशाखाका अनुसार आइतबारबाट सुरु भएको वर्षा सोमबार पूर्वी, मध्यसहित पश्चिममा सक्रिय थियो। तर, पश्चिम बंगालआसपासमा बनेको न्यूनचापीय प्रणालीको प्रभाव घट्नुका साथै पश्चिमी र स्थानीय वायु पनि कमजोर बनेपछि वर्षा थामिएको हो।

पोखरामा २४ घण्टामा ४० मिलिमिटर वर्षा भएको छ। ओखलढुंगामा १३, काठमाडौंमा ८.५ र जिरीमा ३.८ मिलिमिटर वर्षा मापन भएको छ। सोमबार दिनभर काठमाडौंको आकाश बादलले ढाकेको थियो। महाशाखाका अनुसार मंगलबार कोशी प्रदेश र देशका पहाडी भू-भागमा बदली रहनेछ भने अन्य क्षेत्रमा मौसम सफा रहनेछ। मंगलबार कोशी प्रदेश र मुलुकका अन्य पहाडी भू-भागका एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षाको आकलन गरिएको छ। उच्च पहाडी तथा हिमाली भूभागका थोरै स्थानमा हिमपातको सम्भावना छ।

पोस्ट मनसुन सुरु भएसँगै अधिकतम र न्यूनतम तापक्रम पनि घट्न थालेको छ। तर, बादल नलागेको दिन भने अझै पनि चर्को घाम लाग्ने गरेको छ। जल तथा मौसम विज्ञान विभागले यस वर्ष मध्यपुससम्म औसतभन्दा धेरै वर्षा हुने, तर अधिकतम र न्यूनतम दुवै तापक्रम पनि सरदरभन्दा धेरै हुने आकलन गरिसकेको छ।

# संसदीय मैत्री समूहको संयोजकमा दलहरूको हानथाप

### ४४ देशमा समूह गठनको तयारी हुँदा सबै दलले ताके ठुला राष्ट्र, दलहरूबिच सहमति नभएपछि प्रक्रिया अगाडि बढाउने तयारीमा सभामुख घिमिरे

**कमलराज भट्ट**/नयाँ पत्रिका

नेपालसँग दौत्य सम्बन्ध भएका विभिन्न देशहरूसँग संसदीय अभ्यास र अनुभव आदान-प्रदानका लागि गठन गरिने संसदीय मैत्री समूहको नेतृत्वमा ठुला दलको हानथाप भएको छ। नेतृत्वमा दलहरूबिच भागबन्डा नमिलेकै कारण प्रतिनिधिसभाको आधा कार्यकाल बित्न लाग्दासमेत मैत्री समूह गठन हुन सकेका छैनन्।

संसद् सचिवालयका अनुसार ४४ देशमा मैत्री समूह गठनको तयारी छ। संसद्मा प्रतिनिधित्व गर्ने दलहरूले संयोजक र सदस्यहरूको नाम सचिवालयमा बुझाइसकेका छन्। तर, दलहरूबिच सहमति नभएपछि निर्धारित प्रक्रिया अगाडि बढाउने निष्कर्षमा सभामुख पुगेका छन्। सहमति नजुटेकाले दलहरूले आफ्नो भागमा परेको संख्याका आधारमा संयोजकका लागि नाम बुझाएका हुन्। प्रमुख देशहरूको संयोजकका लागि दलहरूको हानथाप देखिएको छ। सबै दलहरूले भारत, चीन, अमेरिका, जापान, बेलायत, फ्रान्स,

» पृष्ठ २ मा क्रमशः



**देवराज घिमिरे**, सभामुख

संसदीय मैत्री समूह गठनमा कोसिस भइराखेको छ। दलीय समझदारीबाहेक अरू ढंगबाट डिसिजन गर्न अप्ठ्यारो हुन्छ। दलीय समझदारी त्यो तहमा विकास गर्न दलहरूका अन्य इस्यु बाधक बनेका छन्। त्यसले समझदारी बनाउन ढिलाइ भइरहेको छ। ढिलोछिटो समझदारी त गर्नैपर्छ। नेतृत्व कसले गर्ने भन्ने गाँठो फुकाउने कोसिस जारी छ।

### ■ के भन्छन् ठुला दलका प्रमुख सचेतक ?



● **श्यामकुमार घिमिरे**, काग्रेस

संसदीय मैत्री समूहको नेतृत्वका लागि हामीले आफ्नोतर्फबाट नाम पठाइसकेका छौं। अमेरिका, चीन, भारतलगायत ठुला देशको नेतृत्वमा सबै दलले दाबी गरेका छन्। हामीले पनि गरेका छौं। अब सभामुखले मिलाउनुहुन्छ। दुई-तीन दिनमा टुंगिन्छ होला।



● **महेश बर्तौला**, एमाले

दलहरूबिच सहमतिको वातावरण बन्न नसकेपछि आ-आफ्नै छनोटमा देश माग्ने भन्ने भयो। सभामुखले संयोजकको नाम पठाउन पत्र काट्नुभएको छ। हामीले आ-आफ्नो छनोटमा देशका नाम पठाइदियौं। सभामुखले अब निर्णय गर्नुहुन्छ, त्यसैलाई मान्ने हो।



● **हितराज पाण्डे**, माओवादी

दुई-तीनपटक नै छलफलमा बसेर आफ्नो धारणा राख्यौं। अन्तर्राष्ट्रिय मामिलामा राष्ट्रको एउटै दृष्टिकोण हुनुपर्छ, क्षमताअनुसार मापदण्ड बनाएर न्यायोचित रूपमा संयोजकहरू चुन्नुपर्छ भन्यौं। तर, सत्तापक्षको यो भावना देखिँदैन। माओवादीलाई पेल्ने र हेप्ने देखिन्छ। सत्तापक्षको कुरा माने मान, नभए छोडिदिन्छु भन्ने देखिन्छ।



● **सन्तोष परियार**, रास्वपा

सभामुखले माग गरेपछि हामीले नाम बुझाइसकेका छौं। अब सभामुखले नेतृत्व छनोट गरिदिनुहुन्छ। यसमा पनि राजनीतिक समझदारी गर्न सक्छौं। हामीले जोसँग लामो ऐतिहासिक सम्बन्ध छ, ती देशहरूसँग मिलाएर नेतृत्व गर्नुपर्छ। सत्तापक्षले मात्रै राख्ने हुँदैन। शक्ति सन्तुलन हुँदैन भनेका छौं।

# बाढीपहिरोपछि दक्षिण ललितपुरमा जतातै खानेपानीको समस्या

## संघ सरकारले घोषणा गरेको राहत स्थानीय तहमा अझै पुगेन

शान्ति तामाङ / नयाँ पत्रिका

असोज दोस्रो साता (१०-१२ असोज) को अविरल वर्षापछि देशभरका धेरै ठाउँमा जनधनको क्षति भयो । यो विपत्बाट ललितपुरका तीन स्थानीय तहले पनि धेरै नै क्षति व्यहोर्नुपऱ्यो । बाढीपहिरो गएको एक महिना बितिसक्दा पनि दक्षिण ललितपुरका बागमती, कोन्ज्योसोम र महांकाल गाउँपालिकामा खानेपानी, विद्युत् सेवा अझै सहज बन्न सकेको छैन ।

दक्षिण ललितपुरको कोन्ज्योसोम गाउँपालिकाको धेरै ठाउँमा खानेपानीको समस्या छ । महांकालमा खानेपानीको समस्यासँगै ५० प्रतिशत स्थानीयवासी विद्युत् सेवाबाट वञ्चित छन् । बागमती गाउँपालिकामा पनि खानेपानीसँगै एउटा टोलमा विद्युत् सेवा अवरुद्ध छ । तीनै पालिकाका केही ठाउँबाहेक राहत र उद्धारसम्बन्धी काम बन्द गरिएको छ । अस्थायी बसोवासका लागि अझै पहल हुन सकेको छैन । तिहारपछि मात्र ती पालिकाका पीडितका लागि अस्थायी बसोवासको व्यवस्था गरिने तयारी छ । बाढीपहिरोका कारण महांकाल गाउँपालिकामा १३, कोन्ज्योसोम र बागमती गाउँपालिकामा तीन-तीनजनाको ज्यान गएको थियो । तीनजना अझै बेवत्ता छन् । तीन गाउँपालिकामा एक हजारभन्दा धेरै घरमा क्षति पुगेको थियो । बाढीपहिरोकै कारण यस क्षेत्रमा पानीका मूल मुहान र जरुवामा क्षति पुगेको छन् । अधिकांश पानीका मुहान सुकेका छन् । महांकाल गाउँपालिकाको बुखेल, मानिखेल, गोटिखेल, कालेश्वर, चन्दनपुर, ठुला दुर्लुङ, कोन्ज्योसोम गाउँपालिकाको चौघर, शंखु , दलचोकी, नल्लु, भारदेउ र बागमती गाउँपालिकाअन्तर्गत घुसेल, माल्टा, भट्टेडाँडा, प्युटार, इकुडोल, आश्राङ, गिम्दीलगायत क्षेत्रमा बाढीका कारण ठुलो मात्रामा धनजनको क्षति भएको छ ।

महांकाल गाउँपालिकाका ५० प्रतिशत बासिन्दा खानेपानीसँगै विद्युत् सेवाबाट समेत वञ्चित छन् । गाउँपालिमा स्टक भएको दश हजार लिटर डिजेलले पालिकाभित्रको मूल सडक खुलाएको गाउँपालिका अध्यक्ष गणेशबहादुर केसीले बताए । उनका अनुसार खानेपानीको स्रोत नै नष्ट भएको छ । खानेपानी वितरणका धेरैजसो पाइपमा क्षति पुगेका कारण अस्थायी व्यवस्था गरिएको छ । गाउँपालिकाभित्र ९७ घर पूर्ण र एक सय १२ घरमा आंशिक क्षति पुगेका कारण उनीहरू विस्थापित हुने अवस्थामा पुगेको केसीले बताए । 'अरू धेरै समस्या छन् । खानेपानी, विद्युत् र टेलिफोन नेटवर्क सहज भइसकेको छैन ।' केसीले भने, 'समस्याको बाबजुद पीडितका लागि अस्थायी बसोवास गर्न ठाउँ तोकेको छौं । जंगलभित्र बस्ती बनाउन खोजेकाले संघीय सरकारले निर्णय गर्नुपर्ने भएकाले अब २६ कात्तिकमा कार्यपालिका बैठक बसेर निर्णय गर्छौं । र संघ सरकारलाई प्रस्ताव गर्छौं ।' गाउँपालिकाले अस्थायी बसोवासका लागि करिब एक सय रोपनी क्षेत्रफलमा फैलिएको मानिखेलस्थित टुटुवा डाँडालाई रोजेको छ । पीडितका लागि सरकारले राहत रकम दिने घोषणा गरे पनि हालसम्म राहत नपाउँदा पालिका रुष्ट बनेको छ । 'सरकारले पालिकालाई एक करोड दिने घोषणा गरेको दुई साता पुगे पनि अहिलेसम्म पालिकाको खातामा पैसा आएको छैन । चाहिएको वेला दिन नपाएको राहतको के काम ?' उनले प्रश्न गरे ।

१ कात्तिकमा गृहमन्त्री रमेश लेखकको अध्यक्षतामा बसेको विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकले बाढीपहिरोबाट प्रभावित ७१ स्थानीय तहलाई राहत रकम निकासा गर्ने निर्णय गरेको थियो । क्षतिका आधारमा अति प्रभावित, प्रभावित र सामान्य प्रभावित गरी तीन भागका वर्गीकरण गरेर राहत रकमस्वरूप पालिकालाई ५० लाखदेखि १ करोड रुपैयाँसम्म उपलब्ध गराउने निर्णय गरिएको भयो । सोअनुसार दक्षिण ललितपुरका तीनवटै स्थानीय तहले एक करोड रुपैयाँ पाउने भएका थियो ।

कोन्ज्योसोम गाउँपालिकामा पनि बाढीपहिरोले खानेपानीको मुहान र पाइप नष्ट गरेको छ । गाउँपालिकाका केही स्थानमा अस्थायी खानेपानीका व्यवस्था भए पनि कतिपय ठाउँमा खानेपानीको अभाव छ । सबै ठाउँमा अस्थायी खानेपानीको व्यवस्था गर्न अझै १५ दिन लाग्ने गाउँपालिकाले जनाएको छ ।





असोज दोस्रो साता परेको अविरल वर्षाले क्षति पुऱ्याएको ग्रामीण सडक तिहारअघि खुलाउँदै महांकाल गाउँपालिकाका स्थानीय

गाउँपालिका अध्यक्ष कृष्णमान लामाका अनुसार स्थायी बसोवासका लागि संघीय सरकारले पहल नगरेसम्म आधार नभएको र अस्थायी बसोवासका लागि विभिन्न विकल्प खोज्ने काम भइरहेको छ । 'आफूनै सुरक्षित घडेरी बाँकी रहेका पीडितलाई सोही ठाउँमा अस्थायी बसोवास गर्न भन्छौं । घडेरी नभएका पीडितको हकमा सार्वजनिक पर्ति जग्गा व्यवस्था गर्न पहल गर्छौं,' लामाले भने, 'अस्थायी टहरा बनाउन ५० हजार रुपैयाँ पालिकाले दिने व्यवस्था पनि गरेका छौं ।' पालिकाभित्र एक सय ५७ घर पूर्ण क्षति भएको र चार सय ६९ घरमा आंशिक क्षति पुगेको छ । जाडो मौसम सुरु भएकाले जाडोमा न्यान्यो कपडा, खानालगायतको व्यवस्था गर्न गाउँपालिकाले विभिन्न निकायसँग समन्वय गरिरहेको उनले बताए । उनले पनि संघीय सरकारले घोषणा गरेको राहत घोषणामै सीमित भएको आरोप लगाए ।

### बागमतीमा क्षतिको पूर्ण विवरण अझै अनिश्चित

गाउँपालिकामा देखिएको खानेपानी समस्या समाधान गर्न पालिकाभित्रका सातै वडाका लागि तीन-तीन लाखका दरले बजेट विनियोजन भएको छ । १-२ दिनमै पाइप खरिद गरेर तिहारपछि खानेपानीको अस्थायी समाधान गरिने अध्यक्ष वीरबहादुर लोप्चनले बताए । उनका अनुसार बागमतीमा पूर्ण क्षति र आंशिक क्षति पुगेका घरको प्रारम्भिक विवरण मात्र आएकाले अस्थायी बसोवासलगायतका काम गर्न केही समय लाग्नेछ । 'अहिले हामीले पालिकाभित्र राहत वितरण गरिरहेका छौं । पीडितलाई अस्थायी बसोवासको व्यवस्था गर्नका लागि क्षति पुगेका घरको तथ्यांक भेरिफाई भइरहेको छ,' उनले भने । पालिकाले गरेको प्रारम्भिक अनुमानअनुसार पालिकाभित्र ४१ घर पूर्ण र एक सय घरमा आंशिक क्षति पुगेको छ । तिहारपछि अस्थायी बसोवासका लागि पहल गर्ने भए पनि संघीय सरकारको निर्णयपछि मात्र अगाडि बढ्ने उनले बताए । बागमतीले पनि सरकारले घोषणा गरेको राहत रकम पाउन सकेको छैन ।

---

## मनसुनका...

पृष्ठ १ बाट क्रमशः

प्रभावित हुन सक्ने आकलन गरेको थियो । तर, मध्य असोजकै बाढीपहिरोमा ११ हजार परिवार विस्थापित भए भने २५ लाख जनसंख्या प्रभावित भएको छ ।

प्राधिकरणका अनुसार तीन विपत्मध्ये सबैभन्दा बढी पहिरोमा क्षति भएको छ । पहिरोका एक हजार ४८१ घटना भएकामा ३५२ जनाले ज्यान गुमाएका छन् । ४८ जना बेपत्ता छन् भने ३१३ घाइते भएका छन् । बाढीका ३९८ घटनामा ९१ जनाको मृत्यु भएको छ भने १८ जना बेपत्ता छन् । यस्तै, ४५ जना घाइते छन् । २५८ ठाउँमा चट्याङ खस्दा ५२ को मृत्यु भएको छ भने १६४ जना घाइते भएका छन् । यो बर्खामा बाढीपहिरो र चट्याङबाहेक आगलागीमा परी ६ जनाको मृत्यु भएको छ ।

### ■ यस बर्खाका मुख्य चार घटना

**१ तीन दिनको बाढीपहिरोले तहसनहस**

मध्य असोजको तीन दिनको बाढीपहिरोले २१ जिल्लाका ७१ पालिकामा तहसनहस गरिदिएको छ । १०-१२ असोजमा मध्य र पूर्वी नेपाल केन्द्रित भीषण वर्षाले २५० जनाको ज्यान लिएको छ भने १८ जना बेपत्ता छन् । १७८ घाइते छन् । ४६ अर्बको भौतिक क्षतिको आकलन गरिएको छ ।

२५ लाख जनसंख्या प्रभावित भएको छ भने १८ हजार ४०३ घर पुनर्निर्माण गर्नुपर्नेछ । प्राधिकरणका अनुसार पाँच हजार ९१६ घर पूर्ण र १२ हजार ४७७ घरमा आंशिक क्षति पुगेको हो । १४६ पुल, सात सिँचाइ परियोजना, पाँच राजमार्ग, २६ जलविद्युत् परियोजना, दूरसञ्चार (नेपाल टेलिकम र एनसेल) का ३०२ परियोजनामा क्षति पुगेको छ । त्यस्तै, ५२ स्वास्थ्य संस्था, २६० शैक्षिक संस्थामा क्षति पुगेको विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्यांक छ ।

५८ हजार ४७२ हेक्टरको धानबाली क्षति भएको छ भने चार हजार ७६५ हेक्टरमा लगाइएको फलफूल र तरकारी नष्ट भएको छ । यसबाहेक अन्य कृषि बाली र पशुपन्छीमा ठुलो क्षति पुगेको छ । देशको पूर्वी भागलाई संघीय राजधानीसँग जोड्ने बिपी राजमार्गसहितका ३९ वटा राजमार्ग पूर्ण रूपमा अवरुद्ध भए । राजमार्गतर्फ मात्र २७ अर्ब रुपैयाँभन्दा बढीको क्षति भएको छ ।

**२ ६२ यात्रु बोकेका दुई बस पहिरोले त्रिशूलीमा**

मध्य मनसुन अर्थात् २८ असारमा चितवनको सिमलतालमा पृथ्वी राजमार्गको माथिल्लो भिरबाट पहिरो खस्दा दुईवटा बस त्रिशूली नदीमा बगे । ६२ जना यात्रुसहित बस त्रिशूली नदीमा खसे पनि तीनजना हाम फालेर ज्यान जोगाउन सफल भएका थिए । ५९ जना बेपत्ता भएकामा हालसम्म २४ जनाको मात्र शव फेला परेको छ । बस पनि फेला परेनन् । भारतीय सीमा क्षेत्र (दुर्घटनास्थलबाट १०७ किलोमिटर)सम्म एएसमेत खोजतलास गरिएको थियो । घटनामा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालसहित भारतबाट नेसनल डिजास्टर रेस्पोन्स फोर्सका १२ जनाको प्राविधिक टोलीसमेतको सहयोगमा खोजतलास गरिएको थियो ।

**३ हिमताल फुट्दा बस्ती बगर**

३२ साउनमा सोलखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका- ५, नाम्चेको थामेगाउँ बगरमा परिणत हुन पुग्यो । दिउँसोपख थामेको शिरमा रहेका दुइटा ताल विस्फोट हुँदा पर्माफ्रस्टसहितको भेलबाढीले मानवीय क्षति त निम्त्याएन । तर, एक विद्यालय, एक स्वास्थ्य चौकी र दुईवटा होटेलसहित २७ वटा घरमा क्षति पुग्यो । प्राधिकरणले गठन गरेको कार्यदलले क्षतिको विवरण संकलन थालेको छ । तर, हिमताल विस्फोटनपछि भएको क्षति र पुनर्निर्माणमा लाग्ने खर्चको लेखाजोखा भने निस्कन सकेको छैन । यद्यपि, विज्ञहरूले उक्त विध्वंशक हिमबाढीबाट कम्तीमा डेढदेखि दुई अर्बको क्षति आकलन गरेका छन् ।

**४ रेकर्ड ब्रेक वर्षा, डेढ अर्बको क्षति**

२३ र २४ असारमा कञ्चनपुरको दोधारा चाँदनी क्षेत्रमा रेकर्ड ब्रेक वर्षा हुँदा बाढीले उग्ररूप लियो । २४ घण्टामै ६२४ मिलिमिटर वर्षा हुँदा महाकालीसहितका नदीको बाढीले २७ घर त बगायो नै, सयौं बिघाको धानबाली पनि नष्ट गऱ्यो ।

कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद सापकोटाका अनुसार आरीघोप्टे वर्षापछिको बाढीका कारण कञ्चनपुरमा एक अर्ब ५७ करोडको भौतिक क्षति भएको छ । बाढीले घर बगेका २७ परिवारलाई अस्थायी आवास निर्माणका लागि अनुदान दिइएको छ । तर, कृषिबाली र अन्य क्षतिको हकमा भने राहत दिन सकिएको छैन ।

कृषिबालीमा मात्र ६५ करोड ४० लाख र पशुधनतर्फ एक करोड २३ लाख क्षति भएको छ । 'कृषिबाली र पशुधनको क्षतिको राहतका लागि संघ सरकारसँग माग गरेका छौं, प्रदेश सरकारबाट पनि केही सहयोग आउला,' प्रजिअ सापकोटाले भने, 'तर, क्षति भएको पूरै राहत भने उपलब्ध गराउन अपुग नै हुन्छ ।'

जल तथा मौसम विज्ञान विभागका वरिष्ठ मौसमविद् डा. इन्दिरा कँडेल नेतृत्वको टोलीले गरेको अध्ययनअनुसार अत्यधिक वर्षाले कञ्चनपुरको करिब ९८ वर्गकिलोमिटर क्षेत्रफल (कुल क्षेत्रफलको करिब ६ प्रतिशत) भूभाग डुबानमा पारेको थियो । जसमध्ये ८५ वर्गकिलोमिटर कृषियोग्य भूभाग रहेको तथा ससाना संरचनासमेत गरी १४ हजार घरभवन प्रभावित भएका थिए ।

### यसपालिको मनसुनमा ११५.३ प्रतिशत वर्षा

यसपालिको मनसुनमा औसतभन्दा धेरै वर्षा भएको छ । जल तथा मौसम विज्ञान विभागले गत जेठमा आकलन गरेझैं औसतको ११५.३ प्रतिशत अर्थात् १७०६.२ मिलिमिटर वर्षा भएको हो । नेपालमा वार्षिक वर्षाको ८०.५ प्रतिशत अर्थात् एक हजार ३७४.१ मिलिमिटर वर्षालाई औसत मानिएको छ । तर, त्योभन्दा १० प्रतिशतभन्दा धेरै वर्षा भएमा औसतभन्दा बढी वर्षा मानिन्छ । ०७८ मा एक हजार ६२० मिलिमिटर (११५.५ प्रतिशत) वर्षा हुँदा देशभर बाढीपहिरोको कहर भएको थियो ।

### विपत्बाट हुने क्षतिको भार घटाउने औजार बन्न सक्छ 'डिजास्टर रिस्क फाइनान्सिङ'

नेपाल बाढी, पहिरो तथा भूकम्पजस्ता प्राकृतिक विपद्का हिसाबले उच्च जोखिममा पर्छ । नेपाल भूकम्पमा ११औं र बाढीपहिरोमा १६औं जोखिमयुक्त मुलुकमा पर्छ । जलवायुको उच्च जोखिम भएका मुलुकमध्ये नेपाल १०औं स्थानमा छ । जसका कारण नेपालमा हरेक दिन कुनै न कुनै विपत्का घटना हुन्छन् ।

नेपालले पछिल्लोपटक पूर्वसूचना प्रणालीमा सुधार गरे पनि अझै विपत्बाट हुने जोखिम न्यूनीकरणका लागि पर्याप्त काम गर्न सकेको छैन । त्यसमाथि जलवायुजन्य विपत्का घटना बढ्नुका साथै र यसले पुऱ्याउने क्षति धेरै भइरहे पनि नेपाल विपत् जोखिम वित्त पोषण (डिजास्टर रिस्क फाइनान्सिङ-डिआरएफ) मा निकै कमजोर छ ।

विपत् जोखिम वित्त पोषणलाई तीनवटै तहका सरकारले प्राथमिकतामा राख्नुपर्ने र यस्ता कार्यक्रमलाई पुनरावलोकन तथा सुधार गर्नुपर्ने युएनडिपीले गत चैतमा प्रकाशित गरेको कन्ट्री डायग्नोस्टिक अन इन्क्लुसिभ इन्स्योरेन्स एन्ड रिस्क फाइनान्सिङ फर नेपाल- ०२३को प्रतिवेदनमा उल्लेख छ ।

नेपालमा विपत्बाट हुने क्षति अधिक छ । बाढीपहिरो, भूकम्प र खडेरीबाट १९८०-२०२० (४० वर्षमा) मा सात बिलियन अमेरिकी डलर (अहिलेको नेपाली मुद्रामा नौ खर्ब ३६ अर्ब १८ करोड नेपाली रुपैयाँ)को क्षति भएको छ । सन् २०१२ देखि २०२० सम्म मात्र विपत् उद्धार र प्रतिकार्यमा ५० अर्ब नेपाली रुपैयाँ खर्च भएको प्रतिवेदनमा उल्लेख छ ।

'खर्चको यो तथ्यांकले दीर्घकालीन रूपमा आर्थिक दृष्टिकोणले दिगो नहुने देखाउँछ, यसले जोखिम स्थानान्तरण समाधान संयन्त्रको आवश्यकता देखिन्छ, जसका लागि बिमा र जोखिम वित्त पहललाई प्राथमिकता दिनुपर्ने देखिन्छ' प्रतिवेदनमा छ ।

२ असार ०७८ मा जारी भएको विपत् जोखिम न्यूनीकरणका लागि वित्तीय व्यवस्थापन राष्ट्रिय रणनीतिमा 'आवश्यक नीतिगत, संरचना एवं मौजुदा अभ्यासलाई सुधार गरी जीवन बिमाको माध्यमबाट मानवीय क्षति तथा निर्जीवन बिमाको माध्यमबाट निजी, सार्वजनिक तथा सम्पत्तिको विपत् क्षतिको आर्थिक पुनर्भरण गर्ने उपाय अवलम्बन गरिने,' उल्लेख छ ।

मध्य असोजको बाढीपहिरोमा ४६ अर्बको क्षति आकलन भनिए पनि सम्पत्ति बिमा (निजी घर, सञ्चालनमा भएका परियोजनालगायत), निर्माणाधीन आयोजना, कृषि र पशुपन्छीसहितका क्षेत्रमा आठ अर्ब ९८ करोड मात्र बिमा दाबी परेको छ । बिमा कम्पनीले १७ करोड २८ लाख भुक्तानी गरिसकेको बिमा प्राधिकरणको तथ्यांक छ ।

'निजी क्षेत्रमा विद्युत् आयोजनाको बिमा भएको छ । तर घर, सरकारी भवन, स्वास्थ्य चौकी, अस्पताल, विद्यालयको पनि बिमा गर्न सकिन्छ भनेर रणनीति र कार्ययोजना बनाएका छौं,' विपत् जोखिम व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले भने, 'यस्तो बिमा जोखिममा आधारित हुन्छ । बलियो घर छ भने प्रिमियम कम र जोखिम धेरै भएमा बढी हुनुपर्‍यो । त्यसको प्रारम्भिक जोखिमको आकलनको काम भएको छ । भूकम्पीय दृष्टिले मध्य र कर्णाली र सुदूरपश्चिम क्षेत्र जोखिममा छ ।' यसका लागि राज्यले नीति लिन सक्ने र बिमामा नै सहुलियत दिन सकिने उनी बताउँछन् । 'यसमा प्रदेश र स्थानीय तहले पनि सघाउन सक्छन्,' पोखरेलले भने ।

---

## संसदीय...

पृष्ठ १ बाट क्रमशः

रसियाजस्ता देशको संयोजक दाबी गरेर नाम बुझाएका छन् ।

सभामुख देवराज घिमिरेले दलीय समझदारीबाटै मैत्री समूह गठनको प्रयास भइरहेको बताए । 'संसदीय मैत्री समूह गठनमा कोसिस भइराखेको छ । दलीय समझदारीबाहेक अरू ढंगबाट डिसिजन गर्न अप्ठ्यारो हुन्छ । दलीय समझदारी त्यो तहमा विकास गर्न दलहरूका अन्य इस्यु बाधक बनेका छन् । त्यसले समझदारी बनाउन ढिलाइ भइरहेको छ । ढिलोछिटो समझदारी त गर्नैपर्छ । नेतृत्व कसले गर्ने भन्ने गाँठो फुकाउने कोसिस जारी छ,' उनले भने ।

६ कात्तिकमा सभामुख देवराज घिमिरेले बोलाएको समिति सभापति र प्रमुख सचेतकहरूको बैठकमा सहमति नभए प्रक्रियाबाट अगाडि बढ्ने समझदारी बनेको थियो । संसद् सचिवालयका अनुसार ४४ देशमध्ये संसद्भित्रको सामर्थ्यका आधारमा कांग्रेसले १४, एमालेले १२, माओवादीले ६, रास्वपाले चार देशको संयोजक पाउने सहमति भएको छ । बाँकी देशमा अन्य दलबाट संयोजक तोकिनेछ । प्रतिनिधिसभाका २७५ र राष्ट्रिय सभाका ५९ जनालाई जोडेर ४४ देशमा गठन हुने मैत्री समूह बढीमा आठ सदस्यीय हुनेछ ।

एमाले मुख्य सचेतक महेश बर्तौलाले मैत्री समूहको संयोजक अब सभामुखले छनोट गर्ने बताए । 'दलहरूबिच सहमतिको वातावरण बन्न नसकेपछि आ-आफ्नै छनोटमा देश माग्ने भन्ने भयो । सभामुखले संयोजकको नाम पठाउन पत्र काट्नुभएको छ । हामीले आ-आफ्नो छनोटमा देशका नाम पठाइदियौं । सभामुखले अब निर्णय गर्नुहुन्छ, त्यसैलाई मान्ने हो,' उनले भने । एमाले सचेतक सुनिता बरालले पनि कुन देशमा को संयोजक भन्ने मिलिनसकेको बताइन् ।

कांग्रेस प्रमुख सचेतक श्यामकुमार घिमिरेले प्रमुख देशको नेतृत्वमा सबै दलले दाबी गरेको बताए । 'हामीले नाम पठाइसक्यौं । अमेरिका, चीन, भारतलगायत सबै देशको नेतृत्वमा सबैले दाबी गरेका छन् । हामीले पनि गरेका छौं । अब सभामुखले मिलाउनुहुन्छ । दुई-तीन दिनमा टुंगिन्छ होला,' उनले भने ।

प्रमुख प्रतिपक्षी दल माओवादीका प्रमुख सचेतक हितराज पाण्डेले संसदीय मैत्री समूह गठनमा सत्तापक्ष सहकार्य गर्नेभन्दा पनि विपक्षीलाई पेल्ने मनस्थिति रहेको बताए । 'मैत्री समूहको नेतृत्व टुंग्याउन दुई-तीनपटक नै छलफलमा बसेर आफ्नो धारणा राख्यौं । अन्तर्राष्ट्रिय मामिलामा राष्ट्रको एउटै दृष्टिकोण हुनुपर्छ, क्षमताअनुसार मापदण्ड बनाएर न्यायोचित रूपमा संयोजकहरू चुन्नुपर्छ भन्यौं,' उनले भने, 'तर, सत्तापक्षको यो भावना देखिँदैन । माओवादीलाई पेल्ने र हेप्ने देखिन्छ । सत्तापक्षको कुरा माने मान, नभए छोडिदिन्छु भन्ने देखिन्छ । कांग्रेस, एमालेसहितका सत्तापक्षका साथीहरूसँग बस्दा कुरा मिलेको छैन । उहाँले कसरी चयन गर्नुहुन्छ, त्यो आधारमा अगाडि बढ्छौं ।' पाण्डेले माओवादी संसदीय दलले सुरुमै मैत्री समूह गठनका लागि नाम दिएको, तर सत्तापक्षकै अकर्मण्यताले ढिलाइ हुन पुगेको बताए । मैत्री समूहको न्यायोचित रूपमा बाँडफाँट गर्ने विषय अब सभामुखको हातमा रहेको उनको भनाइ थियो ।

रास्वपा प्रमुख सचेतक सन्तोष परियारले शक्ति सन्तुलन मिलाएर संयोजक छनोट गर्नुपर्ने पक्षमा आफूहरू रहेको बताए । 'सभामुखले माग गरेपछि हामीले नाम बुझाइसकेका छौं । अब सभामुखले नेतृत्व छनोट गरिदिनुहुन्छ । यसमा पनि राजनीतिक समझदारी गर्न सक्छौं,' उनले भने, 'हामीले जोसँग लामो ऐतिहासिक सम्बन्ध छ, ती देशहरूसँग मिलाएर नेतृत्व गर्नुपर्छ । सत्तापक्षले मात्रै राख्ने हुँदैन । शक्ति सन्तुलन हुँदैन भनेका छौं ।'

सभामुख घिमिरेका प्रेस सल्लाहकार शेखर अधिकारीले दलहरूबाट संयोजकका लागि नाम प्राप्त भएको र अधिकतम राजनीतिक सहमतिबाटै सभामुखले संयोजकको नाम टुंग्याउने बताए । 'मैत्री समूहको संयोजकमा दलहरूबिच कुरा नमिलेपछि कुन देशमा कसको दाबी छ पठाउनु भनिएको हो । दलहरूले नाम पठाउनुभएको छ । तर, सबैले एउटै देशमा दाबी गर्नुभएको छ । सभामुखले दलहरूसँग सल्लाह गरेर प्रक्रियाबमोजिम छान्नुहुन्छ,' उनले भने ।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले नेपालसँग दौत्य सम्बन्ध भएका विभिन्न देशसँग संसदीय अभ्यास र अनुभव आदान-प्रदानका लागि संसदीय मैत्री समूह गठन गर्ने अभ्यास रहेको बताए । 'मैत्री समूहको मुख्य उद्देश्य आपसी सम्बन्ध विस्तार गर्नु हो,' उनले भने, 'दुई पक्षबिचका साझा मुद्दाबारे छलफल गर्ने, एक-अर्को देशमा भ्रमण गर्ने, संसदीय अभ्यास र अनुभव साझा गर्ने, कानुन निर्माण प्रक्रियाबारे एक-अर्काका अनुभव बाँड्नेलगायतका कार्य हुने गर्दछ ।'

प्रवक्ता गिरीले आफ्नो देशको संसदीय अभ्यासबारे विश्वका अन्य मुलुकमा प्रचार गर्न र अन्य देशका विषय वा राम्रा अभ्यास सिकेर आफ्नो लागू गर्न पनि मैत्री समूहले भूमिका खेल्ने बताए ।

---

**मोटरसाइकल हरायो**

मिति २०८१/७/१० गते अ. २०:५० बजेको समयमा का.जि.का.म.न.पा.-३१, नयाँबानेश्वर एभरेष्ट होटलको पार्किङ गरी राखेको मेरो निम्न व्यहोरा भएको कालो रातो रंगको 220 CC को पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम: हुलास फाईनान्स लिमिटेड (निशान्त बुढाथोकी)
मो.सा.नं.: बा.प्र. ०२-०५२ प १२६०
चेसिस नं.: MD2A13EX4RCB81251
इन्जिन नं.: DKXCRB19701
सम्पर्क न.: 9803879105

---

## ६० कम्पनीमाथि...

पृष्ठ १ बाट क्रमशः

नेप्सेमा सूचीकृत नभएका पाँच लाखभन्दा बढी रकमको सेयर कारोबारको विवरणमध्ये छनोट गरी पुँजीगत लाभकरको अनुसन्धान गर्ने तयारी गरिएको छ । उनका अनुसार मंसिरदेखि विभागमातहतका कार्यालयहरूको छानबिन अघि बढाउन थालिएको छ । ओटिसीमा खरिदकर्ता र बिक्रीकर्ताको आपसी समझदारीबाट निर्धारित मूल्यमा सेयर खरिद-बिक्री हुने भएकाले कर छलीको जोखिम बढी रहने जानकार बताउँछन् ।

नेप्सेमा सूचीकृत नभएका कम्पनीहरूको सेयर कारोबार 'ओभर द काउन्टर-ओटिसी' बजारबाट हुने गरेको छ । कर कार्यालयसँग प्रत्यक्ष नजोडिएरै नेप्सेमै कर दाखिला गरेर किनबेच गर्न पाइने भएकाले शंकास्पद कारोबारको छानबिन गर्न खोजिएको महानिर्देशक आचार्यले बताए ।

'नेप्सेमा सूचीकृत नभएका सेयर कारोबारको पुँजीगत लाभकरसँग कर कार्यालयहरू प्रत्यक्ष रूपमा जोडिँदैनन् । नेप्सेले सेयर कारोबारको पुँजीगत लाभकर उठाउँछ । यस्तोमा हुन सक्ने शंकास्पद कारोबारको छानबिन र अनुसन्धान गर्ने हाम्रो योजना हो,' उनले भने, 'यसमा कारोबारीले करको दायित्व पूरा गऱ्यो कि गरेन र कर कार्यालयमा बुझाएको कर विवरण र नेप्सेलाई तिरेको करमा केही भिन्नता छ कि छैन भनेर हामीले हेर्न खोजेका हौं ।'

नेपाल धितोपत्र बोर्डका पूर्वकार्यकारी निर्देशक नीरज गिरीले ओटिसी कारोबारलाई व्यवस्थित नबनाएसम्म कम मूल्यांकन गरेर पुँजीगत लाभकर छली हुने जोखिम सधैं रहने बताए । 'ओटिसीमा खरिदकर्ता र बिक्रीकर्ताको आपसी समझदारीबाट निर्धारित मूल्यमा सेयर खरिद-बिक्री हुने भएकाले कर छलीको जोखिम बढी रहन्छ । ओटिसी कारोबारलाई व्यवस्थित नबनाएसम्म कम मूल्यांकन गरेर पुँजीगत लाभकर छली हुने जोखिम सधैं रहन्छ,' उनले भने, 'ओटिसीमा सेयरको न्यूनतम मूल्यांकन नगर्दा वास्तविक कारोबारबापत राज्यले पाउनुपर्ने राजस्व गुमिरहेको छ । खरिदकर्ता र बिक्रीकर्ताले आपसी समझदारीमा कम मूल्यांकनमा सेयर किनबेच गर्छन् ।'

नेपाल स्टक एक्सचेन्जका प्रवक्ता मुरारहरि पराजुलीले ओटिसीमा सेयर कारोबारमा प्रणालीगत मूल्यांकन नहुने भएकाले यसमा पाउनुपर्ने पुँजीगत लाभकर उठाउन समस्या रहेको बताए । 'ओटिसीमा हुने सेयर किनबेचको मूल्यांकन निर्धारण नहुने भएकाले कम मूल्यमा कारोबार गरेर पुँजीगत लाभकर छली गर्ने सम्भावना रहन्छ । सायद त्यसैले आन्तरिक राजस्व विभागले ओटिसी कारोबारको विवरण छानबिन गर्न खोजेको हुन सक्छ,' उनले भने, 'ओटिसीमा कारोबार गर्ने व्यक्तिले राजस्व खातामा पैसा जम्मा गरेर नेप्सेमा रसिद पेस गर्छन् । त्यसपछि नेप्सेले कारोबारको अनुमति दिन्छ । कर अनुसन्धानमा सहयोग गर्न हामी तयार छौं । संसारभर नै ओटिसी बजार अनौपचारिक नै हुन्छन् । तर, यसलाई थप व्यवस्थित बनाउन सकिन्छ ।'

### ६३ कम्पनीको ओटिसीबाट पाँच अर्ब चार करोडको कारोबार

कम्पनी रजिस्ट्रारको कार्यालयले ओटिसीबाट सेयर किनबेच अनिवार्य गरेपछि पछिल्ला वर्षहरूमा ओटिसी कारोबार बढ्न थालेको छ । नेपाल धितोपत्र बोर्डका अनुसार गत आर्थिक वर्ष ०८०/८१ मा ६३ कम्पनीहरूको पाँच अर्ब चार करोड रुपैयाँबराबरको कारोबार भएको थियो । यो ओटिसी बजार सुरु भएयताकै ठुलो कारोबार हो । आर्थिक वर्ष ०७९/८० मा ४३ कम्पनीको दुई अर्ब ६९ करोड रुपैयाँमा कारोबार भएको थियो । आव ०७८/७९ मा ४३ कम्पनीको दुई अर्ब ३५ करोडमा कारोबार भएको थियो । ०७७/७८ मा ४६ कम्पनीको दुई अर्ब ६३ करोडमा कारोबार भएको थियो । ०७६/७७ मा २४ कम्पनीको एक अर्ब ८९ करोडको कारोबार भएको थियो । ०७५/७६ मा ६१ कम्पनीको दुई अर्ब एक करोड र आव ०७४/७५ मा ५४ कम्पनीको एक अर्ब ३० करोडको कारोबार भएको थियो । आव ०७३/७४ मा २५ कम्पनीको २४ करोड कारोबार भएको बोर्डको तथ्यांक छ ।

---

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय,काठमाडौं

**सडक डिभिजन, भरतपुर**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मितिः २०८१/०७/२०

यस डिभिजनबाट विभिन्न मितिमा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार तपशिलमा उल्लिखित खरिद कार्यको लागि विद्युतीय खरिद प्रणाली (e-GP System) मार्फत दाखिला हुन आएका बोलपत्रदाताहरूको प्राविधीक तथा आर्थिक प्रस्तावहरूको मूल्यांकन कार्य सम्पन्न गरि देहाय बमोजिम न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्रहरू सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतिको लागि छनौट गरिएकोले सोही ऐनको उपदफा (२) तथा (३) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि. नं | खरिद नं | कामको विवरण | छनौट भएको बोलपत्र दाताको नाम | कबोल अंक (VAT & PS समेत) |
|---|---|---|---|---|
| 1 | RDBHT/ 33701169/ 081/82-14 | Upgrading of Bharatpur Rampur Meghauli Golaghat Road, Chitwan | M/S Amit-Baba Ganinath-Gadhimai Riya, JV, Karahariya,2-Rautahat | 26,940,492.16 |
| 2 | RDBHT/ 337310113/ 081/82-31 | Periodic Maintenance of Bharatpur Rampur Meghauli Road (F125) Chitwan | M/S Om Satya Sai Construction Pvt. Ltd,Bharatpur 9 Chitwan | 110,711,834.27 |

डिभिजन प्रमुख

# उपनिर्वाचन : उम्मेदवार छनोटमा केन्द्रित दलहरू

## स्थानीय तह उपनिर्वाचनका लागि कांग्रेसले तोक्यो कमान्डर, चुनावमा होमिन स्थानीय कमिटीलाई एमालेको निर्देशन, २६ कात्तिकसम्म उम्मेदवार टुंग्याउन माओवादीको सर्कुलर

**केशवप्रसाद पाण्डे**/नयाँ पत्रिका

आगामी १६ मंसिरमा ४२ पदका लागि स्थानीय तहको उपनिर्वाचन हुँदै छ। मनोनयन दर्ताको मिति नजिकिँदै गर्दा प्रमुख दलहरू उम्मेदवार छनोटमा केन्द्रित भएका छन्। निर्वाचन आयोगको कार्यतालिकाअनुसार मनोनयन दर्ताका लागि १२ दिन मात्र बाँकी छ। आयोगका अनुसार जिल्ला समन्वय समिति प्रमुख दुई, नगरपालिकाका मेयर र उपमेयर एक-एक, गाउँपालिका अध्यक्ष दुई, गाउँपालिका उपाध्यक्ष चार र ३२ वडाध्यक्ष गरी ४२ पदमा निर्वाचन हुँदै छ। ०७९ वैशाखमा भएको स्थानीय तह निर्वाचनमा कांग्रेसले २५ स्थान, एमालेले आठ, माओवादीले सात, जसपाले एक र एक स्थानमा स्वतन्त्र उम्मेदवार विजयी भएका थिए। उपनिर्वाचनका लागि २५ दल दर्ता भएका छन्।

कांग्रेसले दुई जिल्ला समन्वय समिति प्रमुख, एक नगरपालिकाका मेयर, एक उपमेयर, दुई गाउँपालिका अध्यक्ष, दुई गाउँपालिका उपाध्यक्ष र १७ वडाध्यक्ष जितेको थियो। तत्कालीन समयमा कांग्रेस-एमाले गठबन्धन गरेर निर्वाचनमा होमिएका थिए। यसपटक कांग्रेसले गठबन्धन नगर्ने नीति लिएको छ। परिवर्तित परिस्थितिमा उपनिर्वाचन दलहरूको शक्ति परीक्षणको आधार बन्ने भएकाले पनि कांग्रेसका लागि आफूले पाएको मत जोगाउनु प्रतिष्ठाको विषय बनेको छ। सबै आधारमा निर्वाचन तयारी थालिएको कांग्रेसले जनाएको छ।

### ■ कुन दलका कति पद रिक्त ?



**कांग्रेस** : दुई जिल्ला समन्वय समिति प्रमुख, एक नगरपालिकाका मेयर, एक उपमेयर, दुई गाउँपालिका अध्यक्ष, दुई गाउँपालिका उपाध्यक्ष, १७ वडाध्यक्ष (२५)

**एमाले** : आठ वडाध्यक्ष

**माओवादी** : दुई गाउँपालिका उपाध्यक्ष, पाँच वडाध्यक्ष (७)

**जसपा** : एक वडाध्यक्ष

**स्वतन्त्र** : एक वडाध्यक्ष

### ■ कांग्रेसले महामन्त्री शर्मालाई तोक्यो कमान्डर, उम्मेदवार सिफारिसको प्रक्रियामा

कांग्रेस सहमहामन्त्री जीवन परियारका अनुसार उपनिर्वाचनलाई प्राथमिकतामा राखेर केन्द्रबाटै परिचालित गरेर परिणाम ल्याउने रणनीतिअनुसार तयारी अगाडि बढाइएको छ। यसका लागि केन्द्रमा निर्वाचन परिचालनका लागि विशेष समिति र तल्लो तहबाट योग्य उम्मेदवार छनोट गरी सिफारिसको तयारी भइरहेको उनले बताए। 'थोरै ठाउँमा उपनिर्वाचन हुँदै छ। तर, अधिकांश हामीले परिणाम ल्याएका स्थान हुन्। स्थानीय तह भए पनि निर्वाचनलाई कम आँक्न मिल्दैन। केन्द्रबाट पार्टीलाई परिचालित गरेर परिणाम ल्याउन केन्द्रित छौं,' उनले भने, 'केन्द्रमा संयोजन समितिको बैठक बसेर रणनीति बनाउँदै छौं। स्थानीय तहमा उम्मेदवार सिफारिसका लागि परिपत्र भइसकेको छ।'

कांग्रेस पार्टी कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलका अनुसार निर्वाचन परिचालनका लागि महामन्त्री विश्वप्रकाश शर्मा संयोजकत्वमा चार सहमहामन्त्री र तीन केन्द्रीय सदस्य रहेको स्थानीय तह उपनिर्वाचन केन्द्रीय संयोजन समिति गठन भएको छ। समितिमा सहमहामन्त्रीहरू महालक्ष्मी उपाध्याय 'डिना', भीष्मराज आङ्देम्बे, महेन्द्र यादव र जीवन परियार तथा केन्द्रीय सदस्यहरू डा. प्रकाशशरण महत, पुष्पा भुसाल, मीन विश्वकर्मा र मधु आचार्य सदस्य छन्। प्रकाश शर्मालाई समितिको सदस्यसचिवको जिम्मेवारी तोकिएको छ।

कांग्रेस स्थानीय तह समन्वय विभाग प्रमुख मधु आचार्यले उम्मेदवारको टुंगो लगाउने काम भइरहेको बताए। स्थानीय तह निर्वाचन प्रत्यक्ष रूपमा जनस्तरमा जोडिने र आगामी निर्वाचनका लागि समेत अर्थ राख्ने भएकाले कांग्रेसले उच्च प्राथमिकतामा राखेको उनको भनाइ छ। 'यसअघि हामीले निर्वाचनमा गठबन्धन गरेका थियौं। अहिले एकल प्रतिस्पर्धामा रहँदा मतदाताको रुझान के रहेछ भन्ने अध्ययनको विषय बन्छ। आगामी आमनिर्वाचनमा यसको अर्थ रहन्छ,' उनले भने, 'पहिलो फेजमा उम्मेदवार निर्धारण गर्दै छौं। विधानको व्यवस्थाअनुसार उम्मेदवार सिफारिसका लागि तहगत रूपमा २० कात्तिकसम्मको समय निर्धारण गरेर परिपत्र गरिसकेका छौं। कतिपय स्थानमा सर्वसम्मत उम्मेदवार चयन भएका छन्। कतिपयमा तल्लो समितिबाट माथिल्लो समितिमा सिफारिस आएका छन्। यही आधारमा २१ कात्तिकमा बस्ने समन्वय समिति बैठकमा सूचना संकलन, विश्लेषण गरेर आवश्यक निर्णय र कार्यविभाजन गर्छौं।'

कीर्तिपुर नगरपालिका मेयरका लागि उपनिर्वाचन हुन लागेको एक मात्र नगर हो। उपत्यकाकै नगर भएकाले सबै दलको ध्यान यसतर्फ केन्द्रित छ। कीर्तिपुरमा गत स्थानीय तह निर्वाचनमा कांग्रेसबाट राजकुमार नकर्मी निर्वाचित भएका थिए। लामो समयदेखि मिर्गौला रोगबाट पीडित उनको गत १० साउनमा निधन भएको थियो। कीर्तिपुरमा कांग्रेस नगर सभापति कृष्णमान डंगोल, जमुना नकर्मी, हिमाल कार्की, बद्रीलाल महर्जनको चर्चा छ। यसमध्ये डंगोलको सम्भावना बढी रहेको नेताहरू बताउँछन्। डंगोल तीनपटक कांग्रेसको नगर सभापति बनिसकेका छन्। बद्रीलाल पूर्वनगर सभापति तथा कांग्रेसका पुराना नेतामध्येका हुन्। जमुना दिवंगत मेयर नकर्मीकी पत्नी हुन्। कार्की कांग्रेस काठमाडौं जिल्ला सदस्य हुन्।

### ■ धमाधम उम्मेदवार छान्दै एमाले, सिट थप्ने रणनीति

कीर्तिपुरमा डा. मानन्धरको नाम सर्वसम्मत, तीन पालिका उपप्रमुखमा एकल उम्मेदवार सिफारिस, वडाका उम्मेदवार छानिए

स्थानीय तहको उपनिर्वाचनका लागि एमालेले बहुसंख्यक स्थानमा उम्मेदवारको नाम टुंगो लगाएको छ। कीर्तिपुर नगरपालिका मेयरमा डा. सुरेन्द्र मानन्धरको नाम सिफारिस भएको छ। कीर्तिपुर नगर कमिटीबाटै उनको नाम जिल्लामा सर्वसम्मत सिफारिस भए पनि अन्तिम निर्णय भने बागमती प्रदेश कमिटीले गर्न बाँकी छ। एकल नाम सिफारिस भएपछि मानन्धरले चुनावी प्रचार अभियान अगाडि बढाएका छन्। एमाले केन्द्रीय सदस्यसमेत रहेका मानन्धर अघिल्लो निर्वाचनमा काठमाडौं १० अन्तर्गत प्रदेश सभा सदस्यको उम्मेदवार बनेर पराजित भएका थिए।

केन्द्रीय सदस्य तथा निर्वाचन विभाग प्रमुख नीरज आचार्यले वडाध्यक्षका उम्मेदवारहरूको नाम जिल्ला कमिटीहरूले टुंगो लगाइसकेको जानकारी दिँदै २३ कात्तिकभित्र सबै नाम केन्द्रीय कार्यालयमा आइपुग्ने बताए। उनका अनुसार निर्वाचन हुन लागेका पालिकाहरूमध्ये दोलखाको गौरीशंकर गाउँपालिकाको उपाध्यक्षमा उमा शेर्पा मगर, जाजरकोटको नलगाड गाउँपालिका उपाध्यक्षमा सुनिता बोहोराको नाम टुंगो लागेको छ। बाजुराको बुढीगंगा, दैलेखको महावु, पूर्वी रुकुमको पुथा उत्तरगंगामा पनि मंगलबार बेलुकीसम्म एकल नाममै टुंगो लाग्ने गरी गृहकार्य भइरहेको पनि आचार्यले बताए।

एमालेले आफूले जितेका सातवटै वडा सुरक्षित गर्दै बहुसंख्यक स्थानमा जित्ने गरी केन्द्रीयस्तरबाट नीति र योजना बनाएको छ। 'हामी पहिले निर्वाचित स्थानको क्षतिपूर्तिका लागि होइन, सबै स्थानमा जित्नका लागि चुनाव लड्दै छौं र परिणामबाटै एमाले पहिलो दल हो भन्ने सन्देश दिन चाहन्छौं', आचार्यले भने, 'त्यसअनुसार नै योजना र रणनीति बनाएर चुनावी कार्यक्रममा होमिन तलका सबै तहका कमिटीहरूलाई निर्देशित गरिएको छ।'

एमालेले बहुसंख्यक स्थानमा चुनाव जित्ने रणनीतिसहित सबैजसो स्थनमा चुनाव हुने स्थानीय तहको कमिटीबाटै सर्वसम्मत उम्मेदवार छनोट गरेर चुनावी प्रचार बढाउने नीति अख्तियार गरेको छ। कतै पनि सहकार्य वा गठबन्धन नगर्ने उसको नीति छ। यसअघि केन्द्रीय कार्यालयले १५ कात्तिकभित्र वडाध्यक्ष र २० कात्तिकभित्र प्रमुख/उपप्रमुखको उम्मेदवार टुंगो लगाएर २३ कात्तिकभित्र केन्द्रीय कार्यालयलाई जानकारी पठाउन जिल्ला र प्रदेश कमिटीलाई एमालेले निर्देशन दिएको थियो।

### ■ माओवादीमा उम्मेदवार छान्ने जिम्मा स्थानीय कमिटीलाई

माओवादीले उम्मेदवार छान्ने जिम्मा स्थानीय कमिटीलाई दिएको छ। वडा तहसम्मको निर्णय गर्ने जिम्मा पालिकालाई दिएको छ भने पालिकास्तरको उम्मेदवार पालिका हुँदै जिल्लामार्फत प्रदेश कमिटीले टुंग्याउने तयारी छ। 'उपनिर्वाचनका लागि उम्मेदवार छान्ने जिम्मा स्थानीय कमिटीलाई नै दिएका छौं,' माओवादी कोषाध्यक्ष श्रीराम ढकालले भने, 'वडा तहसम्मको पालिकाले नै निर्णय गर्छ। पालिकास्तरको पालिकाको सिफारिसमा प्रदेश कमिटीले निर्णय गर्छ।' २६ कात्तिकसम्म उम्मेदवार टुंग्याएर नाम पठाउन माओवादीले निर्देशन दिएको छ। 'पालिका र प्रदेश कमिटीले टुंग्याएको नाममा टिकट दिन्छौं,' उनले भने। ढकालले उपनिर्वाचनमा तालमेल नगर्ने बताए। 'हामी एक्लै निर्वाचन लड्छौं। सबै जिम्मा तल्ला कमिटीलाई दिएका छौं,' उनले भने।

### ■ मुख्य ठाउँमा मात्र रास्वपाका उम्मेदवार, कीर्तिपुरमा राप्रपाबाट महर्जन

संसद्को चौथो दल रास्वपाले उपनिर्वाचन हुन लागेकामध्ये केही मुख्य स्थानहरूमा मात्र उम्मेदवारी दिने गरी आन्तरिक तयारी गरेको छ। सभापति रवि लामिछाने पक्राउ परेपछि ध्यान आन्दोलनमा केन्द्रित हुँदा संगठन विस्तार प्रभावित भएकाले केही मुख्य स्थानमा मात्र उम्मेदवारी दिने तयारीमा रहेको कार्यवाहक महामन्त्री कवीन्द्र बुर्लाकोटीले बताए। उनले मापदण्डका कारण उम्मेदवारी सम्भव नभएका स्थानहरूमा गैरदलीय स्वतन्त्र उम्मेदवारलाई समर्थन गर्ने पार्टीको नीति रहेको पनि बताए। स्थानीय तहको उपनिर्वाचन परिचालनका लागि रास्वपाले नेता गणेश पराजुलीको नेतृत्वमा अलग्गै परिचालन समिति बनाएको छ।

राष्ट्रिय प्रजातन्त्र पार्टीले कीर्तिपुर नगर प्रमुखमा ध्रुव महर्जनलाई उम्मेदवार बनाउने निर्णय गरेको छ। केन्द्रको परामर्शमा स्थानीय कमिटीले इन्जिनियर महर्जनलाई उम्मेदवार बनाउने निर्णय गरेको प्रवक्ता मोहन श्रेष्ठले जानकारी दिए। उनले उपनिर्वाचन हुने अन्य स्थानमा पनि केन्द्रको परामर्शमा केही दिनभित्रै उम्मेदवारहरूको नाम टुंगो लाग्ने बताए।

## सरकारले थाल्यो उपनिर्वाचनको सुरक्षा तयारी

### नेपाल प्रहरीले एसएसपीको कमान्डमा गठन गऱ्यो विशेष सुरक्षा सेल



**काठमाडौं**/ गृह मन्त्रालयले १६ मंसिरमा हुने स्थानीय तह उपनिर्वाचनको सुरक्षा तयारी थालेको छ। गृहको निर्देशनमा नेपाल प्रहरीले प्रधान कार्यालयमा एसएसपीको कमान्डमा विशेष सुरक्षा सेल गठन गरेर निर्वाचन हुने जिल्लाका प्रहरी प्रमुखसँग सुरक्षा चुनौती र निवारणका विवरण माग्न सुरु गरेको हो।

प्रहरीका अनुसार जिल्लाबाट आएका विवरण विश्लेषणपछि सुरक्षा चुनौतीको दृष्टिकोणका आधारमा निर्वाचनस्थल वर्गीकरण र सुरक्षाकर्मी परिचालन गर्ने योजना छ। नेपाल प्रहरीका प्रवक्ता डिआइजी दानबहादुर कार्कीले उपनिर्वाचनको सुरक्षा प्रयोजनार्थ एसएसपीको कमान्डमा सुरक्षा सेल गठन गरिएको बताए। उनले भने, 'उपनिर्वाचनका लागि आवश्यक सुरक्षा प्रबन्धको काम सुरु भइसकेका छन्। हामीले केन्द्रमा एसएसपीको कमान्डमा विशेष सेल गठन गरेका छौं। सोही सेलबाट उपनिर्वाचनका लागि आवश्यक सुरक्षा प्रबन्ध हुनेछ।'

गृह मन्त्रालयका अनुसार निर्वाचन सुरक्षाका लागि मातहतका नेपाल प्रहरी, सशस्त्र प्रहरी र सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई आवश्यक तयारी गर्न निर्देशन भइसकेको छ। उपनिर्वाचनमा नेपाल प्रहरी र सशस्त्र प्रहरीसँगै सेना र राष्ट्रिय अनुसन्धान विभागका गुप्तचर पनि परिचालन हुनेछन्। गृहले निर्वाचन सुरक्षाका लागि उनीहरूसँग पनि आवश्यक समन्वय सुरु गरेको छ। गृहका प्रवक्ता ऋषिराम तिवारीले उपनिर्वाचन सुरक्षाका लागि आवश्यक तयारी सुरु भइसकेको बताए। उनले भने, 'उपनिर्वाचनका लागि आवश्यक सुरक्षा प्रबन्ध मिलाउने काम सुरु भइसकेका छन्। चारवटै सुरक्षा संयन्त्रसँग यस विषयमा आवश्यक छलफल र निर्देशन दिने काम भइसकेका छन्। हामीसँग विगतका अनुभव पनि छन्। सोही मोडालिटीमा सुरक्षा प्रबन्ध मिलाउने हो। यसका लागि काम अघि बढिसकेका छन्।'

गृहको निर्देशनपछि सशस्त्र प्रहरीले पनि केन्द्रमा एसएसपी वा डिआइजीको कमान्डमा विशेष सुरक्षा सेल गठनको तयारी गर्दै छ। निर्वाचनका लागि आवश्यक सुरक्षा प्रबन्ध सोही सेलबाट हुने सशस्त्रका सहप्रवक्ता डिएसपी शैलेन्द्र थापाले जानकारी दिए। 'उपनिर्वाचनका लागि आवश्यक सुरक्षा प्रबन्ध मिलाउने काम सुरु भएको छ। केही दिनभित्रै एसएसपी वा डिआइजीको कमान्डमा एउटा विशेष सेल गठन हुनेछ। सोही सेलको कमान्डमा निर्वाचनका लागि आवश्यक सुरक्षा प्रबन्ध मिलाउने काम हुनेछ,' उनले भने।

## संक्षेप

### बसको ठक्करबाट दुईको मृत्यु, ३३ घाइते

**बुटवल**/ अर्घाखाँचीमा देउसीभैलो खेलिरहेको समूह रहेको स्थानमा बसले ठक्कर दिँदा दुईजनाको मृत्यु भएको छ। भूमिकास्थान नगरपालिका- ५ जयठाँटीमा ना३ख २४७१ नम्बरको बसको ठक्करबाट ३३ जना घाइते भएका छन्। जसमध्ये गम्भीर घाइते १० जनालाई बुटवल रिफर गरिएको छ। बसको ठक्करबाट अर्घाखाँचीको भूमिकास्थानकी २२ वर्षीया तारा श्रेष्ठ र ७० वर्षीया रुनी खनालको ज्यान गएको डिएसपी चक्रबहादुर मल्लले बताए। भैली समूह बोकेको बसले भैलीको अर्को समूहलाई ठक्कर दिएको थियो। बसको 'ब्रेक फेल' हुँदा दुर्घटना भएको बताइए पनि त्यसको जाँच गर्न बाँकी रहेको प्रहरीले जनाएको छ। बसचालक फरार रहेको र खोजी भइरहेको डिएसपी मल्लले बताए।

### वर्षापछि अवरुद्ध बिपी राजमार्ग सञ्चालनमा

**काभ्रे**/ बाढीका कारण अवरुद्ध बिपी राजमार्ग सोमबार साँझदेखि सञ्चालनमा आएको छ। वर्षाका कारण राजमार्गमा भल पस्दा अवरुद्ध भएको थियो। रोशी गाउँपालिका- ११ माम्तीस्थित राजमार्गमा भल पसेर सडक अस्थायी डाइभर्सन बगाएपछि अवरुद्ध भएको राजमार्ग तीन घन्टापछि सुचारु भएको हो। इलाका प्रहरी कार्यालय मंगलटारका प्रमुख प्रहरी निरीक्षक कृष्ण गिरीका अनुसार माम्तीस्थित सडकमा भल पसेर गेग्रान थुपार्ने र डाइभर्सन बगाएपछि सडक अवरुद्ध भएको थियो। अपराह्न ५ बजे अवरुद्ध भएको सडक राति ८ बजे सुचारु भएको गिरीले जानकारी दिए। सडक डिभिजन कार्यालय भक्तपुर र रोशी गाउँपालिकासँगको समन्वयमा सडक खुलाएको उनको भनाइ छ। राजमार्ग खुलाउन सडक डिभिजन कार्यालय भक्तपुरबाट हेभी इक्विपमेन्ट मगाइएको थियो। बिपी राजमार्ग माम्ती खण्डमा वर्षापछिको भल पसेर अस्थायी डाइभर्सन बगाएपछि सडक अवरुद्ध भएको रोशी गाउँपालिकाका अध्यक्ष दिनेश लामाले जानकारी दिए। अवरुद्ध सडक खुले पनि रातको समयमा हिँड्नैपरेमा प्रहरीसँग समन्वय गर्न उनले अनुरोध गरे।

### कटुवा पेस्तोल र गोलीसहित भारतीय नागरिक पक्राउ

**रौतहट**/ अवैध हतियार र गोलीसहित सशस्त्र प्रहरीले एकजना भारतीय नागरिकलाई नियन्त्रणमा लिएको छ। विशेष सूचनाका आधारमा बिओपी बेलबिछवाबाट खटिएको प्रहरी टोलीले रौतहटको राजदेवी नगरपालिका- ९ ब्रह्मपुरस्थित सञ्जीव सिंहको मदिरा पसलमा सोमबार बिहान २ बजे चेकजाँच गर्दा अवैध कलकटुवा पेस्तोल र गोलीसहित भारतीय नागरिकलाई पक्राउ गरिएको सशस्त्र प्रहरी बल नेपाल नम्बर ११ गण रौतहटले जनाएका हुन्। सञ्जीव सिंहले सञ्चालन गरेको मदिरा पसल नजिकेबाट एक थान नलकटुवा पेस्तोल, सोही पेस्तोलमा लाग्ने ८ एमएमको ३ थान गोली, ८ एमएमको एक थान पड्केको गोलीका खोखा, एक थान मोबाइलसहित भारत विहार समस्तीपुर खैदी- ५ का ४२ वर्षीय राजेश सिंहलाई पक्राउ गरिएको सशस्त्र प्रहरीका एसपी विक्रम हुमागाईंले जानकारी दिए। प्रहरीका अनुसार भारतीय नागरिक राजेश सिंह र मदिरा पसल सञ्चालक सञ्जीव सिंह नातणमा सालो भिनाजू पर्छन्। अवैध हतियारसहित पक्राउ परेका राजेशलाई आवश्यक अनुसन्धान एवं कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय रौतहटको जिम्मा लगाइएको एसपी हुमागाईंले बताए।

### साढे ६ लाखसहित २० जुवाडे पक्राउ

**काठमाडौं**/ प्रहरीले बौद्धबाट साढे ६ लाख रुपैयाँसहित २० जुवाडे पक्राउ गरेको छ। प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई काठमाडौं महानगरपालिका- ६ रामहिटीस्थित सूर्यबहादुर सुनारको घरबाट पक्राउ गरेको हो। पक्राउ पर्नेमा रामबहादुर सुनार, सुरेश लामा, कुमार गोले, सन्तोष कालिकाटे, सुनील बानियाँ, कृष्ण भुजेल, प्रेम गहतराज, लाल विक, कृष्ण विक, भीम बराइली छन्। यस्तै, वीरबहादुर लामा, कृष्णबहादुर बुढाथोकी, पूर्णबहादुर सेन्चुरी, दीपेन सुनार, रोशन सुनार, विजयकुमार पण्डित, तेन्जिङ लामा, गुणराज विक, अनिल विक र नारायण विक पनि सोही जुवाखालबाट पक्राउ परेका छन्। प्रहरीका अनुसार उनीहरूबाट नौ बुक ताससहित ६ लाख ६९ हजार ८१० रुपैयाँ बरामद भएको छ। पक्राउ परेकाविरुद्ध जुवा ऐनअन्तर्गत कारबाही अघि बढाइएको प्रहरीको भनाइ छ।

## ■ छठको तयारी



छठ पर्वका लागि गुह्येश्वरीस्थित बागमती नदीकिनार सिँगारिँदै। तराई मधेशमा प्रमुखताका साथ मनाइने सांस्कृतिक पर्व छठ पछिल्लो समय काठमाडौंमा पनि लोकप्रिय बन्दै गएको छ। यो पर्वमा सूर्यको विशेष पूजा-आराधना गर्ने गरिन्छ। **तस्बिर : दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

## सडक सुरक्षाका लागि विश्व समुदायसँग सहयोगको आग्रह

**साउदी अरब**/ भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले नेपालको सडक पूर्वाधार र सडक सुरक्षाका लागि विश्व समुदायसँग सहयोगको आग्रह गरेका छन्। साउदी अरबको राजधानी रियादमा जारी सडक सुरक्षासम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको मन्त्रीस्तरीय सत्रमा मन्त्री दाहालले नेपालमा जलवायु परिवर्तनका कारणले सडक पूर्वाधारमा व्यापक क्षति पुग्ने गरेकाले प्रविधि र दिगो सडक सुरक्षामा सहयोग गर्न विश्व समुदायलाई आग्रह गरेका हुन्।

मन्त्री दाहालले नेपालमा सडक दुर्घटनामा बर्सेनि करिब दुई हजार चार सयजनाको ज्यान गइरहेको जानकारी गराउँदै सडक पूर्वाधारको स्तरोन्नति र सुरक्षामा लगानी भएमा दुघटना न्यूनीकरण हुने जानकारी दिए।

सडक दुर्घटनामा मृत्यु हुनेको संख्या उच्च रहेकाले यसमा सुधार गर्न नेपालमा विभिन्न नीतिगत निर्णय, संस्थागत संरचनामा सुधार निर्माण गरेको भन्दै दाहालले भने, 'सडक सुरक्षा बहुपक्षीय विषय हो। यसमा सबैको सहकार्य चाहिन्छ।' 'सडक पूर्वाधारको अवस्थामा सुधार ल्याउने, भेइकल फिटनेस टेस्ट गर्ने, ड्रिंक र ड्राइभमा रोक लगाउने काम भएको छ,' उनले भने, 'नेपालले आफ्नो क्षमताले भ्याएसम्म काम गर्दै छ। सडक पूर्वाधार र सुरक्षामा विश्व समुदायको सहयोगको आवश्यकता छ।'

मन्त्री दाहालले जलवायु परिवर्तनको नकारात्मक प्रभाव नेपालमा पर्ने गरेको उल्लेख गरेका छन्। 'नेपालमा वातावरण परिवर्तनले नकारात्मक असर परेको छ। बाढीपहिरोले धनजनको ठुलो क्षति भइरहेको छ,' उनले भने, 'नेपाल एक्लैले क्षति परिपूर्ति गर्न सक्दैन। अन्तर्राष्ट्रिय समुदायले पनि सहकार्य गर्नुपर्छ।'

नेपालमा जलवायु परिवर्तनको कारणले हिमाल, पहाड, तराई क्षेत्रमा असर पुगेको र वर्षा तथा बाढीका कारण सडक पूर्वाधारमा वढी क्षति पुग्ने गरेकाले यसमा सबैको न्यूनीकरण गर्न सहकार्य आवश्यक भएको उनले बताए।

# सुन्दर पर्यटकीय गन्तव्य 'जलजला'

## बिदा मनाउन तथा ट्रेकिङ र हाइकिङका लागि उत्कृष्ट गन्तव्यको रूपमा परिचित बन्दै

रोल्पामा **नवीन लोचनमगर**

रोल्पाको जलजला पर्यटकीय हिसाबले प्रचुर सम्भावना बोकेको गन्तव्य हो। पर्यटकको रोजाइमा पर्दै गएको जलजला क्षेत्रको विविध आयाम छन्। धार्मिक, प्राकृतिक तथा युद्धसँग जोडिएको यसका विविध पक्ष चाखलाग्दा छन्। रोल्पा सदरमुकाम लिबाङ, सुनछहरी गाउँपालिकाको जेल्बाङ र थबाङ गाउँपालिका गरी तीनवटा द्वारबाट प्रवेश गर्न सकिने प्रसिद्ध पर्यटकीय क्षेत्र जलजला बिदा मनाउन तथा ट्रेकिङ र हाइकिङका लागि उत्कृष्ट गन्तव्यको रूपमा परिचित बन्दै गएको छ।

चाडपर्वकै सन्दर्भ पारेर माओवादी उपमहासचिव वर्षमान पुनको नेतृत्वमा करिब एक सयजनाको टोलीले 'घुम्न जाऔं जलजला पदयात्रा' गरेको छ। सोमबार रोल्पा सदरमुकाम लिबाङबाट धबाङ-ओखरेनी हुँदै थालिएको पदयात्री टोलीमा पूर्वसभामुख ओनसरी घर्तीमगर, लुम्बिनी प्रदेशका निवर्तमान मुख्यमन्त्री जोखबहादुर महरा, पूर्वमन्त्री दीपेन्द्रकुमार पुन, जिल्ला समन्वय समिति रोल्पाका प्रमुख सीता आचार्य, उपप्रमुख कर्मलाल परियार, स्थानीय तहका प्रमुख-उपप्रमुखहरू, प्रमुख जिल्ला अधिकारी, पत्रकार, साहित्यकारलगायतको टोली जलजला पुगेको थियो।

तीनदिने जलजला यात्रा रोल्पा नगरपालिकाको लिबाङबाट सुरु भई सुनछहरी गाउँपालिकाको ओखरेनीमा पहिलो दिनको यात्रा समापन गरिएको थियो। लिबाङमा बिदाइ तथा धबाङको गापा र



धार्मिक, प्राकृतिक तथा युद्धसँग जोडिएको रोल्पाको जलजला क्षेत्र

पेवामा स्थानीयको भव्य स्वागतपछि पदयात्री टोली ओखरेनी पुगेको थियो। ओखरेनीमा सुनछहरी गाउँपालिका अध्यक्ष धनबहादुर पुन नेतृत्वको टोलीले स्वागत गरेको थियो। ओखरेनी साँझमा कवि तथा साहित्यकारहरूले रचनावाचन गरेका थिए।

ओखरेनीबाट सुरु गरिएको पदयात्रा धरमपानी हुँदै जलजला पुगेको थियो। जलजलामा थबाङ गाउँपालिका अध्यक्ष ऋषिकेशव बुढा नेतृत्वको टोलीले स्वागत गरेको थियो। पर्यटन अभियन्ता बालकुराम पुनको संयोजनमा सुनछहरी गाउँपालिकाको जेल्बाङस्थित पर्यटन प्रवर्द्धन तथा गेमी होमस्टे र थबाङस्थित थबाङ सामुदायिक होमस्टेको संयुक्त व्यवस्थापन रहेको पदयात्राका लागि रोल्पा नगरपालिका, सुनछहरी गाउँपालिका र थबाङ गाउँपालिकाले सहकार्य गरेका थिए।

मुलुकभरका एक सय गन्तव्यमा सम्मिलित जलजलाको विकास र प्रचार-प्रसारका लागि पदयात्रा गरिएको पूर्वमन्त्री पुनले बताए। 'जलजलालाई आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न यो पदयात्रा गरिएको हो,' प्रतिनिधिसभा सदस्य पुनले भने, 'जलजलाको विकास भएमा स्थानीय उत्पादनका वृद्धि, बजार विस्तार र रोजगारी सिर्जनामा समेत टेवा पुग्ने अपेक्षा लिएका छौं।' जलजलालाई पर्यटकीय दृष्टिकोणले अझै विकास गर्न आवश्यक रहेको बताउँदै उनले त्यसका लागि पूर्वाधार निर्माणको कामलाई पनि जोड दिइएको जानकारी दिए।

समुद्री सतहबाट करिब ३६०० मिटरको उचाइमा रहेको जलजला विशेषतः तीन किसिमले चर्चामा छ। धार्मिक हिसाबले बराह मन्दिर रहेको यहाँ आफूले मागेको पाइने धार्मिक विश्वास छ।

पर्यटकीय हिसाबले पनि जलजलाको बहुरङ्गी रूप देख्न सकिन्छ। यहाँ करिब १४ प्रजातिका गुराँस पाइन्छ। विशेषतः सेतो गुराँसका कारण जलजलाको रूप लोभलाग्दो देखिन्छ। ४७ हेक्टर क्षेत्रफलमा फैलिएको जलजलामा घाँसेमैदान पनि छ। जलजलालाई यसअघि 'गामा' भनिन्थ्यो। मगर खाम भाषामा गामाको अर्थ 'अग्लो लेकको बुकी पाटन' भन्ने हुन्छ।

जलजलालाई १० वर्षे जनयुद्धको प्रतीकका रूपमा पनि लिने गरिन्छ। जनयुद्धका समयमा जलजलामै रेडियो जनगणतन्त्र समेत सञ्चालन गरिएको थियो। तत्कालीन जनमुक्ति सेनाले तालिम केन्द्रको रूपमा पनि जलजलालाई उपयोग गरेको थियो।

# प्रशासनिक दुरुपयोगका परिणति

## राजनीतीकरणले प्रशासनभित्र अनुचरवादी प्रवृत्ति भित्रिन्छ र महत्त्वपूर्ण निर्णयमा राजनीतिक संकेत र समर्थन खोज्ने काम सुरु हुन्छ



● गोपीनाथ मैनाली

अग्रलेख

नेपालको प्रशासन राजनीतिकृत हुँदै दलीयकरणतर्फ गएकाले आलोचित हुँदै आएको छ। प्रशासन तटस्थ नहुनुमा स्वयं कर्मचारीतन्त्र र यसलाई अभिभावकत्व दिने राजनीति दुवै जिम्मेवार देखिन्छन्। सुशासन र सेवा व्यवस्थापनमा संलग्न हुने स्थायी संयन्त्र सार्वजनिक प्रशासनका आफ्नै मूल्य सिद्धान्त छन्, जसलाई बेवास्ता गर्दा प्रशासन, प्रशासनजस्तो देखिन छाडेको छ।

कर्मचारीतन्त्र राष्ट्रका अनिर्वाचित प्रतिनिधि हुन्। जनभावनाको कदर, राष्ट्रका साझा मूल्यको संवर्द्धन र नागरिक सेवा प्रवाह गर्ने यो संयन्त्र शासनको पनि प्रशासन गर्ने स्थायी सरकार हो। निष्ठा र निष्पक्षतामा रहे मात्र यसले आफ्नो औचित्य सिद्ध गर्न सक्छ। दलीय अभीष्ट पूरा गर्ने कर्मचारीतन्त्र हुनुहुँदैन भनेर राजनीति र प्रशासनको सीमा विभाजनको सिद्धान्त प्रतिपादन गरिएको थियो। विड्रो विल्सनले राजनीति र प्रशासनको सीमा विभाजनको सैद्धान्तिक खाका कोर्दा सार्वजनिक प्रशासन भनेको कानुनको व्यवस्थित र विस्तृत कार्यान्वयन हो र प्रशासनको कार्यक्षेत्र अनि कार्यप्रणाली निर्धारण राजनीतिले गर्छ, तर यो मनोमानीमुक्त हुनुपर्छ भनेका थिए। राजनीतिको अस्वस्थ रस्साकस्सीबाट अलग राखी जनताको राज्यइच्छालाई संस्थागत गर्न राजनीति र प्रशासनको सीमा विभाजन आवश्यक ठानिएको थियो। कर्मचारीमा निष्पक्ष दक्षता, ग्रहणशील दक्षता र व्यवस्थापकीय दक्षता भएमा मात्र राजनीतिको रस्साकस्सीबाट प्रशासनले आफूलाई जोगाउन सक्छ।

राजनीतिले प्रशासनमा राजनीतीकरण गर्न तीन रणनीति अवलम्बन गर्दै आएको छ– पहिलो, निजामती कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, जिम्मेवारी निर्धारणलगायत कर्मचारी व्यवस्थापनमा दलीय प्रभाव पार्ने। दोस्रो, सार्वजनिक प्रशासनबाट हुने निर्णय र सम्पादन हुने काम एवं निजामती सेवाका मान्य मूल्य-मानकलाई वैचारिक आग्रहबाट विस्थापन गर्ने। र तेस्रो, नीति ज्ञानको राजनीतीकरण गर्ने। विभिन्न मुलुकले प्रशासनिक नेतृत्वमा राजनीतिक तह राख्ने, समानान्तर संगठन बनाउने, स्वकीय सचिव तथा सल्लाहकारको प्रचलनमार्फत प्रशासनको कार्यस्वायत्तता साँघुर्‍याउने र राजनीतीकरण गर्ने काम गरिरहेका छन्। यसले प्रशासनभित्र अनुचरवादी प्रवृत्ति भित्रिने र महत्त्वपूर्ण निर्णयमा राजनीतिक संकेत र समर्थन खोज्ने काम हुन गएको छ। तर, सैद्धान्तिक रूपमा भने राजनीति र प्रशासनको सीमा विभाजन गर्ने 'डिकोटोमी प्रिन्सिपल' स्विकारिएको छ। व्यवहारमा कर्मचारीहरू राजनीतिक मूल्य आग्रहमा प्रतिबद्ध र काममा भने तटस्थ देखिन थालेका छन्। कर्मचारी नीति निष्ठा र नैतिकतामा पातलिँदै छन्। कर्मचारीतन्त्रलाई यो अवस्थामा पुर्‍याउन स्वयं कर्मचारी पनि जिम्मेवार छन् भने राजनीतिक कार्यकारीचाहिँ मूल्य र आस्थामा कर्मचारीलाई व्यवहार गरी आस्थामा विभाजन गर्न उद्यत छ। युनियनवादले पनि यसलाई मलजल गरेको छ। कर्मचारीमा अवसर र छिटो उन्नतिको मार्ग खोज्ने प्रवृत्ति र राजनीतिको दलीय इच्छा पूरा गर्न कर्मचारी परिचालन गर्ने प्रवृत्तिले पनि निष्पक्षता अतिक्रमित भएको छ। यस्तो प्रवृत्तिले व्यावसायिक सदाचारलाई संस्थागत हुन दिएको छैन।

प्रशासन र कर्मचारीको राजनीतीकरणका कानुनी, नैतिक, मनोवैज्ञानिक र तजबिजी विधि रहन्छन्। कर्मचारीतन्त्रको राजनीतीकरण सामान्य अवस्थामा राजनीतिक तथा प्रशासनिक मूल्य भत्काउन र निर्वाचनको समयमा लोकतन्त्रका मूल्य भत्काउन हुने गरेको छ। सामान्य अवस्थामा कर्मचारीको दुरुपयोग गर्दा राजनीतिक दलले सामान्य स्वार्थ र लाभ प्राप्त गर्छन्। तर, चुनावको समयमा तिनले कर्मचारीको दुरुपयोगमार्फत शक्ति हत्याउँछन्, यसले प्रणालीलाई नै भत्काइदिन्छ। सरकार र सर्वसाधरणबिच विश्वासको खाडल ठुलो बनाइदिन्छ। यसले निर्वाचनमार्फत तानाशाह भित्र्याउँछ। रुसी गणतन्त्रका राष्ट्रपति एवं ड्युमाको निर्वाचनमा राष्ट्रपति भ्लादिमिर पुटिनले निर्वाचनका समयमा कर्मचारीतन्त्र र प्रशासनिक प्रणालीको व्यापक दुरुपयोग गरे। त्यस्तै दुरुपयोग टर्की, युक्रेन, अल्बानिया, जर्जिया र पछिल्लो समय भारतीय संसदीय निर्वाचनमा पनि देखियो। राजनीतिक संस्कार व्यवस्थित नभएका लोकतन्त्रमा सार्वजनिक साधन, स्रोत र सूचनाको दुरुपयोग, निर्वाचन आचारसंहिता उल्लंघनमा कारबाही नगर्ने प्रवृत्ति देखिन्छ। यसले लोकतन्त्र र प्रतिनिधित्व प्रणालीमाथि नै धाबा बोल्ने गर्छ।

कर्मचारीतन्त्र राजनीतीकृत हुँदा तत्काल फाइदा राजनीतिक दल र त्यसबाट लाभ उठाउने कर्मचारीलाई भएको देखिए पनि दीर्घकालमा स्वयं राजनीति र कर्मचारीलाई यसले फाइदा दिँदैन, सर्वसाधारणलाई त प्रत्यक्ष असर पर्ने नै भयो। पूर्वयुगोस्लाभिया विखण्डनको एक कारण कर्मचारीतन्त्रको अति राजनीतीकरण पनि थियो। मध्य र पूर्वी एसियामा सरकारप्रति विश्वास गिर्नुमा निजामती कर्मचारीको भर्ना, बढुवा, पदस्थापनजस्ता कर्मचारी व्यवस्थापनमा राजनीतिक मापदण्डलाई आधार बनाइनु पनि एक हो। कर्मचारीतन्त्रको राजनीतीकरणका




कारण बेलायतमा लेबर सरकार ढलेको थियो। कर्मचारीतन्त्रको राजनीतीकरण गर्दै जाँदा राजनीतिको कर्मचारीतान्त्रीकरण हुने गर्छ। यसको ज्वलन्त पछिल्ला उदाहरण बंगलादेश र श्रीलंका हुन्। बेलायतमा मार्गरेट थ्याचरले 'ह्वाइट हल कल्चर' सुधारका नाममा शिष्ट राजनीतीकरणलाई बढावा दिएकी थिइन्। बेलायतमा विकास भएको राजनीतीकरणको अभियानले अन्य विकसित तथा विकासशील मुलुकलाई पनि अछुतो राखेन। न्युजिल्यान्डमा राज्य सेवा कानुन, १९८८ मार्फत मन्त्री र उच्च प्रशासकको सम्बन्धलाई पुनः परिभाषा गरियो। त्यहाँ उच्च प्रशासक छनोट प्रक्रियामा 'ओल्ड ब्वाई क्लब'का मानिस समावेश हुन नपाउने व्यवस्था गरियो भने मन्त्रीका सल्लाहकार र अन्य 'बाइपासिङ' च्यानलमार्फत निजामती प्रशासनका नियमित संरचनालाई विस्थापन गर्ने काम भयो। क्यानडामा मुल्रोनीका समयदेखि 'मन्त्रीले नै आफ्नो विभाग चलाउनेछ' भन्ने मान्यता अँगिकार गरियो र उच्च वृत्ति सेवकको तहमा राजनीतीकरणलाई संस्थागत गरियो। अस्ट्रेलियामा १९७२ देखि १९९२ सम्म हि वटलम-हायकको समयमा प्रशासन सुधारको अभिन्न भागका रूपमा निजामती प्रशासनलाई राजनीतीकरण गर्नमा खर्चियो। सुधारको राजनीतीकरणको प्रक्रियाले प्रशासनको भूमिकालाई संयन्त्रात्मक मात्र बनाउने, सके छिँोल्ने अवधारणाले प्रश्रय पायो। विकसशील मुलुकमा कर्मचारीतन्त्रको राजनीतीकरणलाई अव्यवस्थित रूपमा अभ्यासमा ल्याइयो। बंगलादेशमा बिएनपी र अबामी लिगले पटक-पटक कर्मचारीतन्त्रलाई राजनीतिक अभीष्टमा दुरुपयोग गर्न पुगे। बिएनपी र जमातको संयुक्त सरकारका समयमा यतिसम्म देखियो कि ९७८ प्रशासनिक पदमा जिम्मेवारीविनै 'अफिसर अन स्पेसल ड्युटी' भनेर भर्ना गरियो। लोकसेवा आयोगले जनाएको अपत्तिको पनि अर्थ रहेन। अबामी लिगको सरकारबाट पनि दरबन्दीविना पदोन्नति गर्ने, सुविधा वितरण गर्ने, आस्थाका आधारमा प्रशासनिक नेतृत्व चयन गर्ने काम भयो। यतिसम्म भयो कि राजनीतिक अस्थिरताका समयमा निष्पक्ष सुरक्षा दिनुपर्ने प्रहरी प्रशासन पनि राजनीतीकृत भयो। दुवै प्रमुख दलले सुधारको प्रयास गरेजस्तो त गरे, तर तिनको गर्भित एजेन्डा प्रशासनलाई उपयोग गरेर सत्तारोहण र स्रोत हडप्नु नै थियो। जसको बुमराङ्गी असर स्वयं राष्ट्रपतिलाई समेत पर्न गई निर्वाचित राष्ट्रपति भागेर देश छोड्नुपर्ने स्थिति आयो, शासन व्यवस्थामा अस्थिरता र भ्रष्टाचार बढ्न गयो। पाकिस्तान विभाजित हुँदादेखि त्यहाँको प्रशासन र सेनाले लिँदै आएको शक्तिस्वाद र राजनीतीकरणबाट बंगलादेशको कर्मचारीतन्त्रसमेत प्रभावित छ। पाकिस्तानमा पटक-पटक सैनिकले लोकतन्त्र हत्याएपछि शासकले सैनिक र कर्मचारीतन्त्रलाई उपयोग गरेर शासन चलाउने प्रवृत्ति देखियो। भारतमा जवाहरलाल नेहरू, इन्दिरा गान्धी, रावडीदेवी, मायावती, मोदीजस्ता महत्त्वाकांक्षी राजनीतिज्ञ प्रशासनमाथि अघोषित राजनीतीकरण गर्न पुगे। भारतको कर्मचारीतन्त्र संस्थापन पक्षमा भिज्दै आएको छ। हिजो संस्थापन पक्ष कंग्रेस आई थियो, अब त्यो भारतीय जनता पार्टी (भाजपा), जनसंघ भएको छ। श्रीलंकाको उदाहरण पनि झन्डै बंगलादेशजस्तै छ। सार्क क्षेत्रमा श्रीलंकामा सुशासन व्यवस्था दह्रो मानिए पनि तामिल-सिंहला द्वन्द्वका समयदेखि कर्मचारीलाई जिम्मेवारीविहीन राख्ने, दलीय आस्थामा कित्ताकाट गर्ने काम झन्डै संस्थागत भयो। केहीअघिको आर्थिक तथा राजनीतिक संकटको एउटा कारण प्रशासनको राजनीतीकरण पनि थियो। नेपालमा दरबार र पञ्चले गरेको प्रशासनको राजनीतीकरणले प्रशासन शासन प्रणालीको रक्षाकवच बन्न सकेन। कर्मचारीतन्त्रलाई दुरुपयोग गरेर दलहरू सत्तामा पुग्ने र राजनीतिसँग सौदाबाजी गरी कर्मचारीले अवसर लिने प्रवृत्तिले क्षणिक शक्तिस्वाद दुवै वर्गले पाए पनि राष्ट्र, प्रणाली र संस्थालाई दीर्घकालीन हानि हुने परिणाम देशहरूको अध्ययनबाट देखिएको छ। यसले दिने नतिजा भनेको अनियमितता, भ्रष्टाचार र बेथिति हो। शासनमा लोकतन्त्र र कर्मचारीतन्त्रमा व्यावसायिकताको क्षय हो। यसलाई लयमा ल्याउन लामो समय लाग्ने पक्का छ।

> कर्मचारीमा अवसर र छिटो उन्नतिको मार्ग खोज्ने र राजनीतिको दलीय इच्छा पूरा गर्न कर्मचारी परिचालन गर्ने प्रवृत्तिले गर्दा निष्पक्षता अतिक्रमित भएको छ। यस्तो प्रवृत्तिले व्यावसायिक सदाचारलाई संस्थागत हुन दिँदैन।

विकसित र समृद्ध लोकतन्त्र भएका स्थानमा प्रशासनको राजनीतीकरणले धेरै विकृति ल्याएन, उम्दा मानिसहरू सार्वजनिक प्रशासन र सरकारमाथि विश्वास गर्न छाडेर कर्पोरेट हाउसतिर लागे। तर, अल्पविकसित र लोकतन्त्र संस्थागत नभएका मुलुकमा भने दलनिकट 'क्रोनिज'हरूले प्रश्रय पाए र प्रणाली अस्थिर भयो। 'तिमी सरुवा र बढुवा देऊ, म तिम्रो चुनावी स्वार्थ पूरा गरिदिन्छु' भन्ने 'स्वार्थ सौदाबाजी'ले सर्वसाधारणको स्वार्थलाई ओझेलमा पारी प्रशासनभित्र तदर्थवाद संस्थागत हुन पुग्यो।

बेलायतलगायत मुलुकमा प्रशासनको राजनीतीकरणले ल्याएको विसंगतिका सम्बन्धमा अध्ययन गरेका सर रबर्ट माउन्टफिल्डले सार्वजनिक प्रशासनको स्वायत्तता र तटस्थता संरक्षण गर्दा प्रशासन स्वयं बेथितिको पहरेदार बन्ने व्यावसायिक सामर्थ्य प्राप्त गर्छ भन्ने निष्कर्ष निकालेका छन्। संस्थागत सम्झना र विज्ञतालाई कायम गर्दा निष्ठाको राजनीति र लोकतन्त्रको वितरणको आधार दिन्छ भन्ने छ। नेपालमा प्रशासनको राजनीतीकरण हुँदा पनि नीतिज्ञानको भने राजनीतीकरण भएको छैन। राजनीतिले नीतिज्ञान, संस्थागत सम्झना र अनुभव एवं व्यावसायिक सदाचार भएका व्यक्तिलाई उपयोग गर्ने सामर्थ्य राखेको छैन। भनौं, निष्ठा, नैतिकता र व्यावसायिकता भएकाबाट राजनीति गर्नेहरू सधैं पर रहन्छन्। एकजना विद्वानूले भनेका थिए, 'राम्रा मानिससँग काम गर्न राजनीतिज्ञ 'कम्फर्ट' मान्दैनन्'। राज्यका उच्च जिम्मेवारीमा रबिन्सन सिद्धान्त लागू छ। परिमाणतः प्रशासनमा राजनीति र राजनीतिमा प्रशासन घोलियो। दुवै आ-आफ्ना आदर्श र मूल्यबाट पथभ्रान्त भए, जसको मारमा सर्वसाधारण पर्न थाले। लोकतन्त्रको वितरण हुन सकेन। समाजमा उग्र कुण्ठा, नकारात्मकता र नैराश्य फैलिँदै छ। र, अविकास र अविश्वास पनि यसैको परिणाम हो।

@mainaligopi

---

## ३ प्रश्न

'द स्पिरिट अफ छठ फेस्टिभल' का लेखक **जीवेश झालाई**



**छठ पर्वको महत्त्व कस्तो छ ?**

छठ मिथिला संस्कृतिको बृहत्तर र उदात्त रूप हो। यो पर्व वर्षमा दुईपटक मनाइन्छ, कात्तिक र चैतमा। यस पर्वमा सूर्यका दुई पत्नीमध्ये प्रत्यूषा अर्थात् साँझमा अस्ताउँदो सूर्यलाई अर्घ्य दिई पूजा गरेर व्रत प्रारम्भ गरिन्छ र अर्की पत्नी उषा अर्थात् बिहान उदाउँदो सूर्यलाई पुनः अर्घ्य दिई पूजा गरेर व्रत समापन गरिन्छ। यसलाई अँध्यारोबाट उज्यालो या अज्ञानबाट ज्ञानमा पुग्ने पर्वका रूपमा समेत लिइन्छ। यस पर्वमा व्रत बसेर पूजा, आराधना गर्दा तथा जलाशयमा स्नान गर्दा चर्मरोग निको हुने, सन्तान प्राप्ति हुने, परिवारका सम्पूर्ण सदस्यलाई सुस्वास्थ्य तथा दीर्घजीवन प्राप्त हुने विश्वास गरिन्छ।

**यस पर्वमा कस्ता सामग्री प्रयोग गरिन्छन् ?**

छठ पर्वमा आफ्नै करेसाबारी या खेतबारीमा उब्जाइएका सामग्री मात्र प्रयोग गरिन्छन्। चामलको पिठोको भुसुवा, गहुँको पिठोको ठेकुवा, पिर्किया आदि परिकार तयार गरिन्छन्। यसका लागि नयाँ माटोको चुलो तयार गरिन्छ। सहरबजारमा ग्यास प्रयोग गरिए पनि नयाँ चुलो प्रयोग गरिन्छ र त्यसलाई हरेक वर्ष छठमा मात्र प्रयोग गर्ने चलन छ। यसमा धान, चामल, भन्टा, बेसार, अदुवा, गाँजरलगायत विभिन्न कृषि उपज प्रयोग गरिन्छ। यी सबै सामग्री बाँसबाट तयार गरिएको नयाँ टोकरीमा राखिन्छ। वंशवृद्धिको प्रतीकका रूपमा माटाका हात्तीको मूर्ति प्रयोग गरिन्छ र त्यसलाई भोलिपल्ट जलाशयमा बगाइन्छ।

**छठ पर्वको सामाजिक महत्त्व कस्तो छ ?**

छठ सामाजिक सद्भावको पर्व हो। यस पर्वमा लैंगिक, आर्थिक तथा जातीयलगायत कुनै पनि भेदभाव छैन। धार्मिक रूपमा पनि हिन्दुसँगै मुस्लिम समुदायको पनि सहभागिता बढ्दै गएको छ। मधेसी र पहाडी समुदायबिच सामाजिक सद्भाव बढाउने पुल पनि छठ पर्व बन्दै गएको छ।

---

प्रेरक प्रसंग

## बुद्ध र डोरी



एक स्थानमा केही दिनदेखि गौतम बुद्धको प्रवचन चलिरहेको थियो। एक दिन बिहानैदेखि मानिसहरू बुद्धको प्रवचन सुन्न धैर्यपूर्वक प्रतीक्षा गरिरहेका थिए। निर्धारित समयमै बुद्ध मञ्चमा पुगे। उनले आज पहिलोपटक आफ्नो हातमा केही लिएर आएका थिए। उनको हातमा एउटा ठिकै आकारको डोरी थियो। उनी केही नबोली सो डोरीमा गाँठा बनाउन लागे।

केहीबेरमा बुद्धले सोधे- मैले यस डोरीमा तीन गाँठा बनाएँ। के यो त्यही डोरी हो, जुन गाँठा बाँध्नुपूर्व मेरो हातमा थियो ? उनका एक शिष्यले जवाफ दिए- यसको उत्तर दिन अलि कठिन छ। हामीले कसरी यसलाई हेर्छौं, त्यसमा निर्भर हुन्छ। एकातिरबाट हेर्दा डोरी उही हो। यसमा कुनै परिवर्तन आएको छैन। अर्कोतिरबाट हेर्दा यसमा पहिले नभएका तीन गाँठा बनेका छन्। त्यसैले, यसलाई बदलिएको पनि भन्न सकिन्छ। यथार्थमा बाहिरबाट हेर्दा बदलिएको देखिए पनि यो भित्रबाट भने पहिले जे थियो, त्यही नै हो।

ठिक भन्नुभयो। अब म यी गाँठा खोल्छु। यति भनेर बुद्धले डोरीको दुवै छेउबाट तान्न थाले। अनि, उनले सोधे- यसरी तान्दा डोरीका गाँठा खुल्लान् त ? एक शिष्यले उत्तर दिए- होइन प्रभु, यसो गर्दा त यी गाँठा थप कसिन्छन् र खोल्न झनै मुस्किल हुन्छ। बुद्धले पुनः प्रश्न गरे- त्यसो भए गाँठा खोल्न के गर्नुपर्छ त ? अर्का एक शिष्यले भने- ती गाँठा कसरी बाँधिएका छन्, तिनलाई ध्यानपूर्वक हेर्नुपर्छ र खोल्ने प्रयास गर्नुपर्छ।

हो, जसरी डोरीमा गाँठो बन्दैमा त्यसको वास्तविक स्वरूपमा बदलाव आउँदैन, ठिक त्यसैगरी मानिसमा केही खराबी देखिँदैमा उसको भित्री असलपनको बीज समाप्त हुँदैन। जसरी ध्यानपूर्वक हेरेर हामी डोरीका गाँठा खोल्न सक्छौं, त्यसैगरी मानिसका कमी-कमजोरी पनि सुधार्न सक्छौं। जहाँ जीवन छ, त्यहाँ समस्या पनि हुन्छ। त्यसको मुख्य कारण खोज्न जानियो भने समाधान कठिन छैन।

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## गृहमन्त्रीको ध्यान कता ?

गृहमन्त्री रमेश लेखक सहकारीको आठ करोडभन्दा बढी ठगी गर्ने आफ्ना कार्यकर्तालाई जोगाउन लागिपरेको समाचार पढियो। उनले एउटै कसुरमा सहकारीका अध्यक्षलाई पक्राउ गराएर आफ्ना कार्यकर्तालाई चाहिँ पक्राउ पुर्जी जारी भइसक्दा पनि संरक्षण गरिरहेको सुन्दा उनी किन गृहमन्त्री बनेका रहेछन् भन्ने प्रस्ट भएको छ। उनी गृह प्रशासनमा सुधार ल्याउन, देशमा शान्ति सुरक्षा बहाली गर्न, अपराधी र भ्रष्टाचारीलाई दण्डित गर्न होइन, आफ्नाजतिलाई खोजीखोजी जोगाउन गृहमन्त्री भएका रहेछन्। यो तथ्यलाई उनले आफ्ना हर्कतबाटै प्रमाणित गरिरहेका छन्।

● **मुमिना पौडेल**, सामाखुसी, काठमाडौं

## किन भएन फोहोर प्रशोधन ?

बाँकेको नेपालगन्ज सहरको फोहोर फालिने ल्यान्डफिल साइटमा फोहोर प्रशोधन गरेर मात्र फालिने भने पनि त्यस्तो गरिएको पाइन्न। जथाभावी फोहोर फाल्दा त्यसले यस क्षेत्रमा दुर्गन्ध मात्र फैलाएको छैन, विभिन्न संक्रामक रोगसमेत फैलाइरहेको छ। मानिसहरू विभिन्न सरुवा रोगको सिकार भइरहेका छन्। ल्यान्डफिल साइटमा फोहोर प्रशोधन गर्न भनी जडान गरिएको मेसिन विनाप्रयोग थन्किएको छ। यसमा खिया लागेर चल्नै नसक्ने भएको छ। किन भएन फोहोर प्रशोधन ?

● **साहिना खातुन**
नेपालगन्ज-६, बाँके

## रगतमा खेलबाड नगर

मानव स्वास्थ्यका लागि रगत अति महत्त्वपूर्ण छ। आफूलाई आवश्यक पर्दा रगत लिनु र अरूलाई आवश्यक पर्दा रगत दिनु अति जरुरी हुन्छ। यस क्रममा हामीले दिने प्रायः रगत नेपाल रेडक्रस सोसाइटीअन्तर्गतको ब्लड बैंकले संकलन गर्छ। त्यसरी संकलित रगतमा विभिन्न परीक्षण गरी बिरामीले प्रयोग गर्न योग्य छ भनी निश्चित भएपछि त्यो रगत बिरामीका लागि वितरण गरिन्छ। तर, त्यही रगत नै दूषित भेटिन्छ भने रेडक्रसमाथि कसरी विश्वास गर्ने ?

● **कीर्तन झा**
सतुंगल, काठमाडौं

## सरकारी वायुसेवाको दुर्दशा किन ?

२०१५ सालमा शाही नेपाल वायुसेवा निगम नामबाट यात्रा थालनी गरेको सरकारी स्वामित्वको वायुसेवा अहिले थला परेको छ। झन्डै ६६ वर्ष लामो इतिहास बोकेका वायुसेवा यसरी किन थला पर्‍यो ? यसबारे सरकारले कहिल्यै चासो देखाएन। खालि सरकारमा जाने, सरकार गिराउने खेलबाहेक नेताले केही गर्न जानेनन्। देशको मेरुदण्डका रूपमा रहेको सरकारी वायुसेवालाई कसरी भरपर्दो बनाउन सकिन्छ भन्ने विषयमा कहिल्यै बहस भएन। नागरिक उड्डयन मन्त्रालय छ, मन्त्री छन् र मन्त्रालयमा कर्मचारी पनि छन्। तर, तिनको काम भनेको तलबभत्ता खाने, सित्तैँमा टिकट आउँछ, त्यसैले देश-विदेश घुम्नेबाहेक केही देखिँदैन। निगम घाटामा जाँदा कसैलाई मतलब छैन। कर्मचारीलाई बोनस भने चाहिन्छ। यस्तो ज्यादती भएपछि निगम कसरी उकासिन्छ ? जहाज बनाउनेदेखि पाङ्ग्रा फेर्ने काममा समेत कमिसनको खोलो बग्छ। सबको मिलेमतोमा भ्रष्टाचार हुन्छ, निगरानी कसले गर्ने ? सरकारी स्वामित्वमा रहेका हरेक संघसंस्था घाटामा जाने अनि क्रमशः तिनलाई निजी कम्पनी गराउँदै जाने हो भने भोलि देशको अवस्था के होला सोचौं त ?

हिजो विद्युत् प्राधिकरण पनि अर्बौं घाटामा थियो। नेपाली जनता अन्धकारमा बस्नुपरेको थियो। दैनिक १८ घण्टासम्म लोडसेडिङ हुन्थ्यो। जब प्राधिकरणका कार्यकारी निर्देशकमा कुलमान घिसिङ आए समस्या एकाएक घट्दै गयो। अहिले प्राधिकरण मनग्गे नाफामा चलेको छ। एउटा कर्मचारीले चाह्यो भने के गर्न सक्दो रहेछ भन्ने एउटा राम्रो उदाहरण कुलमानले देखाएका छन्। सरकारी वायुसेवामा त्यस्तो कार्यकारी खोज्न सकिन्न ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

---

# लोकप्रियतावादप्रतिको मौजुदा धारणामाथि प्रश्न

## आजपर्यन्त 'लोकप्रियतावाद'ले संकीर्ण विचारधारा र डरलाग्दो मनोवृत्तिलाई इंगित गर्छ भन्ने धारणा आम–मानिसमाझ रहेको छ



देश / विदेश

● केनान मलिक

'अमेरिकी राजनीति प्रायः क्रोधित मानिसका लागि खेल मैदान भएको छ।' यो पंक्ति सन् १९६४ ताका अमेरिकी राष्ट्रपतीय निर्वाचनका वेला प्रकाशित रिचर्ड होफस्ट्याडटरको प्रभावशाली निबन्ध 'द प्यारेनोइड स्टाइल इन अमेरिकन पोलिटिक्स'को सुरुवाती वाक्य हो। सो निबन्धले अमेरिकी राजनीतिमा रहेको पागलपनको प्रवृत्तिलाई झल्काउँछ र यही प्रवृत्ति आजको अमेरिकी राजनीतिक परिदृश्यसँग पनि मिल्छ। डोनाल्ड ट्रम्पले आक्रोश र असन्तुष्टिलाई आन्दोलनमा परिणत गरेपछि होफस्ट्याडटरको कामले पुनः बहसमा ठाउँ पाएको छ। पश्चिमा मिडियाका विचार पृष्ठमा 'अमेरिकी राजनीतिमा पागलपन प्रवृत्ति फिर्ती भएको छ' लगायत शीर्षकका लेख प्रकाशित भइरहेका छन्। यी लेखमा ट्रम्पको दृष्टिकोण र होफस्ट्याडटरका सिद्धान्तबिच समानता चित्रण गरिएको देख्न सकिन्छ। हालका समयमा पागलपन प्रवृत्ति र लोकप्रियतावादको होफस्ट्याडटरको आलोचनाको प्रासंगिकता पुनर्जागृत भएको छ। उनका प्रभावका बाबजुद होफस्ट्याडटर प्रायः गलत थिए र उनको गलत दृष्टिकोणले निरन्तर बहसलाई आकार दिइरहेको छ। एक अग्रणी इतिहासकारका रूपमा उनले सन् १९३० मा मार्क्सवाद छाडेर शीतयुद्धकालीन उदारवादलाई अँगालेका थिए। उनका अनुसार अमेरिकी इतिहास मूलतः वर्गसंघर्ष नभई सामाजिक सहमतिबाट चलेको दाबी गरेका थिए। उनको सन् १९६४ को निबन्धले बढ्दो दक्षिणपन्थी प्रतिक्रियावादी राजनीति, कम्युनिस्टविरोधी, जो म्याकार्थीको सुधारिएको छविबारे उल्लेख गरिएको थियो। सो निबन्धमा उग्र पुरातनपन्थी जोन बर्च सोसाइटी समूहको उदय निम्त्यायो र ब्यारी गोल्डवाटर सन् १९६४ को राष्ट्रपतीय निर्वाचनमा रिपब्लिकन उम्मेदवार हुने अवस्थाबारे पनि उल्लेख गरिएको थियो।

सन् १९६० को दशकमा ब्यारी गोल्डवाटरप्रतिको प्रतिक्रिया दशकौंपछि ट्रम्पविरुद्धका आलोचनामा प्रतिध्वनित भएको थियो। कतिपयले गोल्डवाटरको उदयलाई फासीवादको संकेत भन्दै भयसमेत व्यक्त गरेका थिए। फ्याक्ट पत्रिकाले एक विशेष संस्करणमा एक हजार एक सय मनोचिकित्सकले गोल्डवाटरलाई राष्ट्रपतिका लागि 'मनोवैज्ञानिक रूपमा अयोग्य' ठाने भन्दै समाचार प्रकाशित गरेको थियो। होफस्ट्याडटरले गोल्डवाटरको सफलताले अमेरिकी लोकतन्त्रलाई खतरामा पार्न सक्ने चेतावनी दिएका थिए। गोल्डवाटरले लिन्डन जोनसनसँग पराजित भए पनि होफस्ट्याडटरले नव दक्षिणपन्थलाई 'पागलपन प्रवृत्ति'का रूपमा देखेका थिए र षड्यन्त्रलाई इतिहासमा चालक शक्तिका रूपमा हेरेका थिए। उनले भन्ने गरेको 'प्यारानोइड स्पोक्सपर्सन' (पागलपनका प्रवक्ता)ले प्रायः प्रलयको भाषा प्रयोग गर्छ र असल एवं खराबबिचको आधारभूत लडाइँमा आफूलाई सभ्यताको रक्षकको रूपमा चिनाउँछ।

होफस्ट्याडटरले 'पागलपन'लाई चिकित्सकीय शब्दका रूपमा प्रयोग गरेका थिएनन्। उनले इतिहासभर दोहारिइरहने मानसिकताको वर्णन गरेका थिए, जसले विश्वलाई षड्यन्त्रपूर्ण सर्तमा दर्साउँछ। उनका अनुसार यसरी सोच्ने तरिका केही सीमित व्यक्तिमा निष्क्रिय हुने गर्छ, जसलाई केही सामाजिक वा राजनीतिक आन्दोलनले सक्रिय बनाउँछ। यो सोचाइले विपक्षी विचारलाई तर्कहीनको संज्ञा दिन सजिलो बनाइदिन्छ। उनले मध्ययुगीन सहस्राब्दी पन्थहरूलाई युद्धपछिको अमेरिकी अधिकारसँग पनि तुलना गरेका थिए। यद्यपि इतिहासकार एन्ड्र्यु म्याकेन्जी-म्याकहर्गका अनुसार यो दृष्टिकोणमा ऐतिहासिक गम्भीर्यको कमी छ। निश्चय नै दक्षिणपन्थी लोकप्रियतावादले आप्रवासन वा अभिजात वर्ग वा अन्य मुद्दामा षड्यन्त्रको सिद्धान्तलाई




तस्बिरः हुल्टन ड्युस/गेटी इमेजेस

भरपूर प्रयोग गर्छन्। तथापि, 'फासीवाद'को आगमन र 'लोकतन्त्रको अन्त्य' भन्दै उदारवादीले पनि हौवा पिट्छन्, अर्थात् तिनले पनि लोकप्रियतावादविरुद्धको लडाइँलाई एकदमै सहज ढंगले प्रस्तुत गर्छन्।

सन् १९५० र ६० को दशकमा होफस्ट्याडटरको दोस्रो प्रमुख विषयवस्तु उनको लोकप्रियतावादको आलोचना थियो। कट्टरपन्थबाट एक मध्यपन्थी अडानमा सर्दै उनले जनताका आन्दोलनप्रति अविश्वास गर्दै लोकतन्त्रप्रति सन्देहास्पद दृष्टिकोण राखेका थिए। सन् १९६३ मा प्रकाशित 'एन्टी-इन्टेलेक्चुअलिज्म इन अमेरिकन लाइफ'मा उनले बौद्धिकताको प्रायः लोकतन्त्रसँग द्वन्द्व हुन्छ, किनभने यसले समतावादलाई चुनौती दिन्छ भन्ने तर्क गरेका थिए। यसले लोकप्रियतावादलाई हेर्ने नयाँ राजनीतिक दृष्टिकोणलाई आकार दिएको थियो। होफस्ट्याडटरअघि धेरै इतिहासकारले सन् १८९० को दशकको अमेरिकाका लोकप्रियतावादी आन्दोलनलाई सकारात्मक रूपमा हेर्ने गर्थे। यी लोकप्रियतावादीले सुधार, प्रगतिशील कर र विभिन्न उपयोगितामा सार्वजनिक स्वामित्वको माग गर्न विविध जातका किसान र मजदुरलाई एकताबद्ध गर्ने लक्ष्य राख्दै असमानताको विरोध गरेका थिए।

सन् १९५५ मा प्रकाशित द एज अफ रिफर्ममा होफस्ट्याडटरले सन् १८९० को लोकप्रियतावादप्रतिको सकारात्मक दृष्टिकोणलाई चुनौती दिए, जहाँ उनले यसलाई जातिवादी एवं षड्यन्त्रकारी आन्दोलनका रूपमा वर्णन गरेका थिए। उसो त यी आन्दोलनमा कट्टरता मौजुद थियो, तथापि लोकप्रियातावादीको लोकतान्त्रिक लक्ष्य महत्त्वपूर्ण थिए। सी. भान वुडवर्ड, लरेन्स गुडविन र वाल्टर न्युजेन्टजस्ता इतिहासकारले होफस्ट्याडटरको चित्रणलाई खण्डन गरेका थिए। यद्यपि होफस्ट्याडटरको दृष्टिकोण नै प्रचलनमा रह्यो। वाल्टर न्युजेन्टको सन् १९६३ को द टोलरेन्ट पपुलिस्ट पुस्तकको सन् २०१३ को संस्करणमा उनले 'लोकप्रियतावाद'ले संकीर्ण विचारधारा र डरलाग्दो मनोवृत्तिलाई इंगित गर्छ भन्ने पारियो र आजपर्यन्त यही धारणा आम-मानिसमाझ रहेको उल्लेख गरेका थिए।

इतिहासकार एरिक फोनरका अनुसार एक समय 'जनता'लाई अमेरिकी लोकतन्त्रको मूलका रूपमा मान्ने होफस्ट्याडटरले पछि राजनीतिलाई डर, अतीतप्रेम र कट्टरताका रूपमा हेरेका थिए। यो परिवर्तनले होफस्ट्याडटरको निराशा मात्र नभई अमेरिका आफैँले आशा र विश्वास गुमाएको पनि प्रतिबिम्बित गर्छ। आज सम्पन्न हुने अमेरिकी राष्ट्रपतीय निर्वाचनमा जस्तोसुकै नतिजा आओस्, यो प्रवृत्ति भने अपरिवर्तित रहनेछ।

*(मलिक द गार्डियनका स्तम्भकार हुन्)*

*द गार्डियनबाट*

■ अमेरिकामा राष्ट्रपति निर्वाचन आज

# ह्यारिस र ट्रम्पमा कसले मार्ला बाजी ?

## कडा प्रतिस्पर्धा हुने र दुवै उम्मेदवारको जित्ने सम्भावना उत्तिकै रहेको चुनावअगाडि गरिएका केही पछिल्ला सर्वेक्षणले देखाएका छन्

अमेरिकामा आज राष्ट्रपति निर्वाचन हुँदै छ। संसारकै महाशक्ति देशको निर्वाचनलाई विश्वभरले उत्सुकतापूर्वक हेरिरहेको छ। निर्वाचनमा पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प र उपराष्ट्रपति कमला ह्यारिस तीव्र प्रतिस्पर्धामा छन्। अमेरिकाको सर्वोच्च नेतृत्वमा ह्यारिसको रूपमा पहिलो महिला र अझ एसिया-अफ्रिकी मूलकी महिलालाई चुन्ने अवसर छ। ह्यारिसले चुनाव जिते अमेरिकी राजनीतिमा एउटा इतिहास नै बन्नेछ। त्यस्तै ट्रम्प विजयी भएमा दोस्रोपटक देशको सर्वोच्च पदमा पुग्ने अवसर पाउनेछन्। अमेरिकी राष्ट्र प्रमुखलाई विश्व मञ्चमा देशको प्रतिनिधित्व गर्न र विदेश नीति तय गर्न उल्लेख्य स्वतन्त्रता हुन्छ। मतदाताले देशको राष्ट्रपतिसँगै संसद सदस्यहरू पनि चयन गर्नेछन्।

निर्वाचनको अन्तिम दिन सोमबार पूर्वराष्ट्रपति तथा रिपब्लिकन उम्मेदवार डोनाल्ड ट्रम्प र उपराष्ट्रपति तथा डेमोक्र्याटिक उम्मेदवार कमला ह्यारिसले मतदातालाई आ-आफ्ना समापन सन्देश दिए। दुवै उम्मेदवार मुख्य 'ब्याटलग्राउन्ड स्टेट'मा अन्तिम प्रचारमा सक्रिय देखिए। ह्यारिसले पेन्सिल्भेनियामा प्रचार गरिन् भने ट्रम्पले पेन्सिल्भेनियासहित उत्तरी क्यारोलिना र मिसिगन पुगेर आफ्नो अभियान सम्पन्न गरे। यसअघि ट्रम्पले आफ्नो गृहनगर न्युयोर्कको म्याडिसन स्क्वायर गार्डेनमा चुनावी च्याली गरे भने उपराष्ट्रपति कमला ह्यारिसले प्रमुख 'स्विङ स्टेट' पेन्सिलभेनियामा प्रचार अभियान तीव्र पारिन्। म्याडिसन स्क्वायर गार्डेनमा आयोजित चुनावी सभामा ट्रम्पले बारम्बार अप्रमाणित अध्यागमनलाई रोक्ने र आप्रवासी (जसलाई उनले दुष्ट र रक्तपात गर्ने अपराधी भन्दै आएका छन्) लाई निर्वासन गर्ने आफ्नो योजना व्याख्या गरे।

### ■ के भन्छन् चुनावी सर्वेक्षण ?

राष्ट्रपति निर्वाचनमा निकै कडा प्रतिस्पर्धा हुने र दुवै उम्मेदवारले जित्ने सम्भावना उत्तिकै रहेको चुनाव अगाडि गरिएका केही पछिल्ला सर्वेक्षणले देखाएका छन्। आइतबार सार्वजनिक गरिएको सिबिएस न्युज/युगोभ सर्वेक्षणले ट्रम्पको सम्भावना ४९ प्रतिशत र ह्यारिसको ५० प्रतिशत रहेको देखाएको छ। राष्ट्रिय सर्वेक्षणमा ह्यारिस ट्रम्पभन्दा एक अंकले अगाडि छिन्। अमेरिकाको एबिसी टेलिभिजनले गरेको अन्तिम सर्वेक्षणअनुसार राष्ट्रिय रूपमा दुवै उम्मेदवारले बराबर (४९/४९ प्रतिशत) प्राप्त गर्ने देखिएको छ।

चुनावी दौडमा ठुलो संख्यामा लैंगिक विभाजन रहेको पनि सर्वेक्षणले देखाएको छ। धेरै पुरुषहरूले ट्रम्पलाई प्राथमिकता दिन्छन् भने अधिक महिलाले ह्यारिसलाई मन पराएका छन्। सर्वेक्षणअनुसार ट्रम्पले पुरुष मतदाताम ४५ प्रतिशतदेखि ५४ प्रतिशतले अग्रता लिएका छन् भने ह्यारिस महिला मतदाताम ४३ देखि ५५ प्रतिशतले अगाडि छन्।





### ■ गाजा युद्ध अन्त्य गर्छु : ह्यारिस

अरबी अमेरिकीको बिचमा आफ्नो अन्तिम चुनावी सम्बोधनका क्रममा ह्यारिसले गाजा युद्ध समाप्त पार्ने घोषणा गरिन्। गाजा युद्धमा ४० हजारभन्दा बढी प्यालेस्टिनीको मृत्यु भइसकेको छ भने दुई लाख विस्थापित बनेका छन्। 'राष्ट्रपतिको रूपमा म गाजामा युद्ध अन्त्य गर्न, बन्धकलाई घर फिर्ता गर्न र प्यालेस्टिनी जनताको सुरक्षाको अधिकार सुनिश्चित गर्न तत्पर छु,' अन्तिम चुनावी सम्बोधनमा उनले भनिन्। ह्यारिसले ट्रम्पविरुद्धको आफ्नो अभियानमा गर्भपतन अधिकारलाई केन्द्रीय मुद्दा बनाएकी छिन्। तर, सन् २०२२ मा अमेरिकी सर्वोच्च अदालतले गर्भपतनको संवैधानिक अधिकार खारेज गरेसँगै ह्यारिसले गर्भपतनको मुद्दालाई स्थापित गर्दै आएकी छिन्। आइतबार ह्यारिसले 'गाजामा युद्ध समाप्त गर्न' आफ्नातर्फबाट सक्दो प्रयत्न गर्ने वाचा गरिन् भने ट्रम्पले पेन्सल्भेनियामा धाँधली हुन सक्ने आशंका गरे। निर्वाचन प्रतिस्पर्धात्मक हुने देखिएको छ। उपराष्ट्रपति तथा डेमोक्र्याटिक उम्मेदवार कमला ह्यारिसले फिलाडेल्फियामा आयोजित चुनावी च्यालीलाई सम्बोधन गर्दै कसैलाई पनि किनारा लगाउन नमिल्ने भन्दै अप्रत्यक्ष रूपमा आप्रावासीको बचाउ गरिन्।

### ■ आप्रवासन नियन्त्रण गर्छु : ट्रम्प

रिपब्लिकन उम्मेदवार ट्रम्पले मेक अमेरिका ग्रेट अगेन (एमएजिए) भन्ने आफ्नो नारालाई पुनः ब्युँताउँदै यसै साता न्युयोर्क सहरमा च्याली गरे। सो अवसरमा उनले आप्रवासनलाई नियन्त्रण गर्ने वाचा गर्दै ह्यारिसप्रति आक्रामक रूपमा प्रस्तुत भए। 'नोभेम्बर ५ हाम्रो देशको इतिहासमा सबैभन्दा महत्त्वपूर्ण मिति हुनेछ र हामी सबै मिलेर अमेरिकालाई फेरि शक्तिशाली बनाउनेछौं,' उनले भने। पूर्वराष्ट्रपतिले देश आर्थिक र सामाजिक संकटले ग्रस्त चित्रण गर्दै आएका छन्। ट्रम्पले ह्यारिसलाई पनि दोष दिए। उनले ह्यारिसलाई 'कट्टरपन्थी वाम मार्क्सवादी' भनेर वर्णन गर्दै देशले सामना गरेको संकट समाधान गर्न उनी अयोग्य रहेको दाबी गरे। 'तपाईंले हाम्रो देशलाई ध्वस्त बनाउनुभयो,' उनले अमेरिकी उपराष्ट्रपतिलाई लक्षित गर्दै भने।

अमेरिकाको ५० राज्यबाट मतभारका आधारमा कुल ५३८ इलेक्टोरल कलेज अर्थात् निर्वाचक मण्डल छनोट हुन्छन् र उनीहरूले राष्ट्रपति छनोट गर्छन्। राष्ट्रपति निर्वाचित हुन कम्तीमा २७० इलेक्टोरल कलेज मत आवश्यक हुन्छ।

युनिभर्सिटी अफ फ्लोरिडाको इलेक्सन ल्याबका अनुसार आइतबार मध्याह्नसम्म चार करोड १० लाख अमेरिकीले व्यक्तिगत रूपमा इमेलमार्फत मतदान गरिसकेका छन्। निर्वाचनको अघिल्लो दिनसम्म इमेलमार्फत मतदान हुनेछ। सन् २०२० को राष्ट्रपति निर्वाचनमा कोभिड-१९ महामारीको बिचमा १० करोडभन्दा बढी मतदाताले चुनावको अघिल्लो दिनसम्म इमेलमार्फत आफ्नो मत हालेका थिए।

### ■ को हुन् ह्यारिस ?

५९ वर्षीया ह्यारिस एक भारतीय मूलकी आमा र जमैका मूलका बुबाकी छोरीको रूपमा क्यालिफोर्नियाको अकल्यान्डमा जन्मिएकी थिइन्। उनले क्यालिफोर्निया युनिभर्सिटी अफ क्यालिफोर्नियामा कलेज अफ द लबाट डिग्री हासिल गर्नुअघि वासिंटन डिसीको हावर्ड विश्वविद्यालयमा अध्ययन गरेकी थिइन्। सान-फ्रान्सिस्को जिल्ला अधिवक्ताको कार्यालयमा जानुअघि उनले अलमेडा काउन्टी जिल्ला अधिवक्ताको कार्यालयमा काम गरेकी थिइन्। उनी सन् २००३ मा सान-फ्रान्सिस्कोको जिल्ला न्यायधिवक्ता बनिन् र सन् २०१० मा क्यालिफोर्निया राज्यको कानुन प्रवर्तनको शीर्ष भूमिकामा देखिइन्।

सन् २०१६ मा अमेरिकी सिनेटमा निर्वाचित भएकी ह्यारिस ट्रम्पको अध्यागमन नीतिको प्रमुख आलोचक बनिन्। सन् २०१८ मा सर्वोच्च अदालतका उम्मेदवार ब्रेट काभानाउप्रतिको आक्रामक प्रश्नले डेमोक्र्याटिक पार्टीको शीर्ष उदाउँदो स्टारहरूमध्ये एकजना स्टारको रूपमा उनको प्रमाणलाई सशक्त बनाउन मद्दत गऱ्यो। अमेरिकाले पहिलो अश्वेत मूलकी महिला राष्ट्रपति चाहेको र देश यसका लागि तयार हुनुपर्ने कतिपय विज्ञले जोड दिँदै आएका छन्। राष्ट्रपतिमा निर्वाचन भएमा उनले इतिहास रच्नेछिन्। अर्कोतर्फ ट्रम्प कुनै पनि हालतमा दोस्रोपटक देशको राष्ट्रपति बन्ने दाउमा छन्।

ट्रम्पले सोमबार अटलान्टामा आयोजित एक च्यालीलाई सम्बोधन गरेका छन्। त्यसअघि उनले एक हजार पादरी र धार्मिक नेतालाई सम्बोधन गरेका थिए। उक्त अवसरमा ट्रम्पले आर्थिक मुद्दालाई जोड दिएका थिए। १६ इलेक्टोरल कलेज भोटसहित जर्जिया अर्को ब्याटलग्राउन्ड राज्य हो। सन् २०१६ को निर्वाचनमा जितेका ट्रम्पले सन् २०२० मा भने झिनो मतले हारेका थिए।

*- अलजजिराबाट*

### ■ हुलाकमार्फत साढे सात करोडले गरे मतदान

अहिलेसम्म साढे सात करोड मानिसले इमेलमार्फत मतदान गरिसकेका छन्। नोभेम्बर ५ को मतदानका दिन समय मिलाउन नसक्ने वा मतदान गर्न नसक्ने अवस्थामा रहेका व्यक्तिलाई अधिकांश अमेरिकी राज्यले व्यक्तिगत मतदान वा हुलाक मतदानको अनुमति दिन्छन्। बाइपार्टिसन पोलिसी सेन्टरका अनुसार सन् २०२४ मा मतदान गर्न योग्य अमेरिकीको संख्या २४ करोड ४० लाख छ। तीमध्ये कतिजनाले वास्तवमै मतदान गर्नेछन् भन्ने हेर्न बाँकी नै छ।

फाइभ थर्टी एइटको दैनिक पोल ट्र्याकरका अनुसार ह्यारिसले मिसिगन र विस्कन्सिनमा झिनो अग्रता कायम राखेकी छिन्। अर्कोतर्फ ट्रम्पले पेन्सिल्भेनिया र नेभाडामा ह्यारिसलाई थोरै पछि पारेका छन्। त्यस्तै, उनी उत्तरी क्यारोलिना, एरिजोना र जर्जियामा पनि केही अगाडि देखिन्छन्।

तथापि, सबै सात राज्यमा उम्मेदवारबिच दुई अंकले अन्तर छ। हालसालैको अरब न्युज/युगोभ सर्वेक्षणले ट्रम्पका लागि अरब-अमेरिकी समर्थन (४५ प्रतिशत) ह्यारिस (४३ प्रतिशत) को भन्दा केही बढी छ। सर्वेक्षणमा सहभागी अधिकांश सहभागीले पनि ट्रम्पलाई इजरायल-प्यालेस्टाइन द्वन्द्व समाधान गर्ने सम्भावना बढी देखेका छन्।

## इतिहासमा आज

नोभेम्बर ५



२००७ : चीनले चन्द्रमाको अध्ययन गर्न पठाएको यान चाङ १ आजकै दिन पहिलोपटक चन्द्रमाको कक्षमा प्रवेश गरेको थियो। सो यानले २६ नोभेम्बरमा पहिलोपटक पृथ्वीमा तस्बिर पठाएको थियो।

- **सन् १९४३** : विश्वयुद्धको समयमा भ्याटिकन सिटीमा इटलीको लडाकु विमानबाट बम खसालिएको थियो।
- **सन् १९९५** : क्यानडाका तत्कालीन प्रधानमन्त्री जिन क्रिटिनको हत्या प्रयास। एन्ड्री डालियरले प्रधानमन्त्रीको असफल हत्या प्रयास गरेका थिए।
- **सन् २००३** : अमेरिकाका कुख्यात सिरियल किलर ग्रे रिङ्गेले सन् १९८० र १९९० को दशकमा भएका शृंखलाबद्ध आक्रमणमा आफ्नो संलग्नता रहेको स्वीकार गरे। उनले कम्तीमा ४९ महिलाको हत्या गरेका थिए।
- **२००६** : इराकका पूर्वराष्ट्रपति सद्दाम हुसेनलाई सन् १९८२ मा १४८ सिया मुस्लिमको नरसंहारका लागि मृत्युदण्डको सजाय सुनाइयो।
- **सन् २००९** : टेक्सासको फोर्ट हुडस्थित सेनाको एउटा केन्द्रमा सेनाका मेजरले गोली चलाउँदा १३ जनाको मृत्यु। गोली लागेर अन्य ३० जना घाइते भएका थिए।

## विश्व संक्षेप

### राष्ट्रसंघीय निकायसँग इजरायल रुष्ट

**जेरुसेलम**/ इजरायलले प्यालेस्टिनी शरणार्थीका लागि सहयोग गर्ने गाजास्थित राष्ट्रसंघीय निकाय (युएनआरडब्लुए) सँग सम्बन्ध तोड्ने निर्णय गरेको छ। इजरायलले सम्बन्ध तोड्ने निर्णय औपचारिक रूपमा संयुक्त राष्ट्र संघसमक्ष सोमबार पेस गरेको हो। इजरायली विदेशमन्त्री इ काट्जको निर्देशनमा विदेश मन्त्रालयले इजरायल र युएनआरडब्लुएबिचको सम्झौता रद्द भएको संयुक्त राष्ट्र संघलाई सूचित गरेको विदेश मन्त्रालयले एक विज्ञप्तिमार्फत जनाएको छ। विदेशमन्त्री काट्जले युएनआरडब्लुएका कर्मचारीले गत अक्टोबरको नरसंहारमा भाग लिएको दाबी गर्दै उनीहरूलाई हमासका कार्यकर्ता भएको आरोप लगाएका छन्। यद्यपि कुनै प्रमाण भने पेस गएिको छैन। इजरायली संसद्ले गत महिना इजरायल र पूर्वीजेरुसेलममा युएनआरडब्लुएलाई प्रतिबन्धित गर्ने प्रस्तावलाई अनुमोदन गरेको थियो। उक्त कार्यको इजरायलको सहयोगी अमेरिकासहित अन्तर्राष्ट्रिय समुदायद्वारा निन्दा भएको थियो।

### हिन्दु मन्दिरमा भएको हिंसा अस्वीकार्य : ट्रुडो

**टोरोन्टो**/ क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले टोरन्टोनजिकैको एक हिन्दु मन्दिरमा भएको हिंसालाई 'अस्वीकार्य' भन्दै निन्दा गरेका छन्। उनले टोरन्टोबाट करिब ५० किलोमिटर उत्तर-पश्चिममा रहेको ब्राम्पटन सहरका स्थानीयको प्रदर्शनका क्रममा शान्ति कायम गर्न मन्दिरबाहिर ठुलो संख्यामा सुरक्षाकर्मी तैनाथ गरिएको बताएका छन्। 'ब्रैम्पटनस्थित मन्दिरमा आज भएको हिंसात्मक कार्य अस्वीकार्य छ। प्रत्येक क्यानेडियनलाई आफ्नो विश्वासलाई स्वतन्त्र र सुरक्षित रूपमा अभ्यास गर्ने अधिकार छ,' ट्रुडोले एक्समा लेखेका छन्। अहिलेसम्म हिंसात्मक कार्यमा सहभागी भएका कसैलाई पक्राउ गरिएको छैन। प्रहरीले हिंसामा कुनै समूहको संलग्नता रहेको किटानीसाथ आरोप लगाउन अस्वीकार गरेको छ। ओटावाले सन् २०२३ मा भ्यानकुभरमा ४५ वर्षीय अंगीकृत क्यानेडियन नागरिक हरदीप सिंह निज्जरको हत्यामा भारत सरकारले षड्यन्त्र गरेको आरोप लगाएपछि क्यानडा र भारतबिचको सम्बन्धमा खटपट आएको छ।

### जापानले गऱ्यो रकेट प्रक्षेपण

**टोकियो**/ जापानले कागोसिमा प्रान्तको तानेगासिमा अन्तरिक्ष केन्द्रबाट आफ्नो ध्वजाबाहक नयाँ एच-थ्री रकेट प्रक्षेपण गरेको छ। जापान एयरोस्पेस एक्सप्लोरेसन एजेन्सी (जाक्सा) र मित्सुबिसी हेभी इन्डस्ट्रिजद्वारा विकसित एच-थ्री रकेट सफलतापूर्वक उपग्रहबाट अलग भएको छ। यो उपग्रहको उद्देश्य जापानको सेल्फ डिफेन्स फोर्सलाई अन्तरिक्षबाट सूचना आदानप्रदान बढाउने हो। जापानको एचथ्री रकेटले एच-२ ए रकेटको सञ्चालनलाई पूर्ण रूपमा प्रतिस्थापन गर्ने तयारी गरेको छ। आर्थिक वर्ष २०२४ देखि अर्को मार्चसम्म ५० रकेटको प्रक्षेपण गरिने अपेक्षा गरिएको छ। मार्च २०२३ मा यसको उद्घाटन प्रक्षेपणको विफलता र यस वर्ष दुई सफल मिसनपछि सोमबारको एच-थ्रीको प्रक्षेपण यो वर्ष गरिएको जापानको चौथो प्रक्षेपण हो।

# यसकारण लाग्दै छ रुसी सैन्य सामग्रीको प्रतिष्ठामा धक्का

## युक्रेनी युद्धभूमिमा पटक-पटक रुसी सैन्य उपकरणको कमजोर प्रदर्शन देखिँदै आएको छ

इजरायलले गत अक्टोबर २६ बिहान केही महत्त्वपूर्ण इरानी सैन्य पूर्वाधारमाथि हवाई आक्रमण गऱ्यो। आक्रमणले ती पूर्वाधारमा मात्र होइन, रुसी सैन्य उपकरणको प्रतिष्ठामा पनि धक्का पुऱ्याएको छ। अमेरिकी र इजरायली अधिकारीहरूका अनुसार अक्टोबर २६ मा इजरायलले १०० जेट लडाकुमार्फत प्रहार गरेका क्षेप्यास्त्रमध्ये एकदम थोरै मात्र रुसमा बनेको वायु प्रतिरक्षा उपकरणले रोक्न सक्षम भएको थियो। इजरायलले आक्रमणबाट क्षेप्यास्त्र रोक्न प्रयोग हुने तीनवटा रुसी एस-३०० हवाई प्रतिरक्षा प्रणाली नै नष्ट गरिदियो। यस वर्षको सुरुको आक्रमणमा इजरायलले इरानसँग रहेका चारमध्ये बाँकी एस-३०० पनि नष्ट गरिदिएको थियो।

युक्रेनी युद्धभूमिमा पटक-पटक रुसी सैन्य उपकरणको कमजोर प्रदर्शन देखिँदै आएको छ। रुसविरुद्ध लडिरहेका युक्रेनी सेनो एस-३०० मात्र होइन थप उन्नत रुसी उपकरणमा उलेख्य क्षति पुऱ्याइरहेका छन्। यस वर्षको मे र अगस्टमा किभको फौज एस-४०० प्रतिरक्षा प्रणालीमा समेत क्षति पुऱ्याउन सक्षम देखियो। युक्रेनी आक्रमणमा त्यसका सम्पूर्ण र आंशिक हिस्सा नष्ट भएका थिए। सन् २००७ मा पहिलोपटक प्रयोगमा ल्याइएको एस-४०० प्रतिरक्षा प्रणाली रुसको सबैभन्दा परिष्कृत वायु प्रतिरक्षा उपकरण हो। यसलाई अमेरिकी शक्तिशाली प्याट्रियोट प्रणालीको जवाफ मानिन्छ। यसको आगमनपछि लामो समयदेखिको नेटोको हवाई श्रेष्ठतामा धक्का लागेको पश्चिमी विश्लेषकले चिन्ता व्यक्त गर्दै आएका छन्। सन् १९७० को दशकको अन्त्यतिर निर्माण गरिएको एस-३०० प्रणाली भने पटक-पटकको परिष्कारपछि हालको अवस्थामा आएको छ। दुवै रुसी हवाई प्रतिरक्षा प्रणालीलाई चीन र बेलारुसजस्ता मस्कोका केही निकटतम सहयोगी र भारत, भियतनाम र अल्जेरियालगायतका उसका सबैभन्दा ठुला हतियार खरिदकर्ताले प्रयोग गर्छन्।

एस-३०० प्रणाली र तेहरानको मिसाइल-उत्पादन गरिने संयन्त्रमाथि इजरायलको सटिक आक्रमणले इरानमा इजरायलको गहिरो खुफिया प्रवेशलाई पुनः सार्वजनिक गरिदिएको छ। यो गत अगस्टमा तेहरानमा हमासका राजनीतिक प्रमुखको हत्यादेखि त्यसअघि इरानी आणविक कार्यक्रमसँग सम्बन्धि क्षेत्रमाथिको आक्रमणको समय पनि देखिएको थियो। रुसी मात्र होइन, हाल प्रचलनमा रहेका कुनै पनि मिसाइल प्रतिरक्षा प्रणाली पूर्ण रूपमा अभेद्य छैनन्। रुसले युक्रेनमा प्रयोगमा ल्याइएका कम्तीमा एउटा अमेरिकाको उति उन्नत प्याट्रियोट प्रणालीलाई नष्ट गरिदिएको छ। इजरायलसँग विश्वको सबैभन्दा उन्नत क्षेप्यास्त्र रक्षा प्रणाली छ। तर, त्यसले इरान र उसका सहयोगी मिलिसियाले यो वर्ष प्रहार गरेका मिसाइल र ड्रोन इजरायली आकाशमा प्रवेश रोक्न सकेन।



### सैन्य उपरकणको विक्रीमा रुसको घट्दो प्रभाव

स्टकहोमस्थित इन्टरनेसनल पिस रिसर्च इन्स्टिच्युट(सिप्रि)का अनुसार सन् २०२२ मा युक्रेनमाथि आक्रमण सुरु गरेपछि रुसी हतियार निर्यातमा कमी आउन थालेको छ। सिप्रिका अनुसार गत वर्ष मस्कोले विदेशी मुलुकलाई गर्ने हतियार बिक्री सन् २०२२ को तुलनामा ५२% घट्यो। 'रुसको युक्रेनमाथि आक्रमणले यसको रक्षा उद्योगको प्रतिष्ठामा ठुलो धक्का लगायो,' सिंगापुरस्थित थिंक ट्यांक अाईएसइएस- युसोफ इसाक इन्टिच्युटका वरिष्ठ फेलो इयान स्टोरीले भने, 'रुसका परम्परागत ग्राहकले देशको रक्षा उद्योगमा विश्वास गुमाइसकेका छन्। तिनले अहिले नयाँ आपूर्तिकर्ता खोजिरहेका छन्।'

> इजरायलले अक्टोबर २६ मा इरानमाथि प्रहार गरेका क्षेप्यास्त्रमध्ये केहीलाई मात्र रुसमा निर्मित वायु प्रतिरक्षा उपकरणले रोक्न सक्षम भयो। इजरायली आक्रमणमा क्षेप्यास्त्र रोक्न प्रयोग हुने तीनवटा रुसी एस-३०० हवाई प्रतिरक्षा प्रणाली नै नष्ट भयो।

तथापि, अहिले देखिएको रुसी सैन्य उपकरणहरूको खराब प्रदर्शनले मस्कोको सैन्य निर्यातमा उलेख्य प्रभाव पार्ने सम्भावना न्यून छ। रुसका सबैभन्दा ठुला हतियार खरिदकर्ताका सामु निकट अवधिमा धेरै विकल्प नभएकाले तिनले अन्य खरिदकर्ता खोज्नेछैनन्। अहिलेका लागि रुसमाथि नै निर्भर हुनुपर्ने कारणले तिनले पछिल्लो घटनामा देखिएको हतियारको कमजोर प्रदर्शननाई औल्याउँदै मस्कोमाथि दबाब सिर्जना गर्नेछन्। तर मध्यमकाल र दीर्घकालमा रुसबाट हतियार किन्ने देशहरू दक्षिण कोरिया, इजरायल, अमेरिका र चीनतर्फ फर्किन सक्छन्।

सार्वजनिक तथ्य नै हो कि रुसको सबैभन्दा महत्त्वपूर्ण ग्राहक भारत रहँदै आएको छ। रुसले सन् २०१९ र सन् २०२३ बिचमा गरेका कुल सैन्य सामग्रीको निर्यातको एकतिहाइभन्दा बढी हिस्सा भारतले ओगटेको सिप्रिले तथ्यांकले देखाउँछ। शीतयुद्धकालमा सोभियत संघसँगको सम्बन्ध घनिष्ठ हुँदादेखि नै भारत मस्कोको शीर्ष हतियार ग्राहक रहँदै आएको छ।

भारतले रुससँग पाँच एस-४०० प्रणाली माग गरेकोमा तीन वटा पाइसक्यो। भारतीय सुरक्षा अधिकारीका अनुसार रुसबाट आएका उक्त वायु प्रतिरक्षा प्रणालीको एकाइहरू पाकिस्तान र चीनतर्फको सिमानामा राखिएका छन्। भारतीय वायुसेनाले अर्को वर्षको अन्त्यसम्ममा बाँकी दुईवटा एकाइ पनि रुसले दिने अपेक्षा गरेको छ। भारतीय अधिकारीहरूले धेरैपटक मस्कोलाई उक्त प्रणाली छिट्टै उपलब्ध गराउन दबाब दिएका छन्। तर, रुसले ढिलाइका लागि युक्रेन युद्धलाई दोष दिँदै आएको छ। इरानमा इजरायली आक्रमणलाई आफूहरूले चेतावनीको रूपमा नहेरेको भारतीय अधिकारीहरूले प्रतिक्रिया दिएका छन्।

'एस-४०० विश्वको कुनै पनि वायु प्रतिरक्षा प्रणालीभन्दा उन्नत छ। इजरायली आक्रमणमा परेको इरानी संस्करण न्यून गुणस्तरको थियो। त्यसैले हामीलाई आफूसँग भएको प्रणालीको प्रविधि र कार्यसम्पादप्रति कुनै चिन्ता छैन,' एक सेवारत भारतीय सुरक्षा अधिकारीले भने। अधिकारीको यस टिप्पणीको बाबजुद भारतले पछिल्लो वर्षमा रुसी हतियारको खरिद घटाउँदै लगेको छ। ऊ अहिले अन्य देशको सहयोगमा स्वतन्त्र रूपमा आफ्नै सैन्य उपकरण निर्माण उद्योग विकास गर्न केन्द्रित भएको छ। सन् २०१९ देखि २०२३ सम्मको अवधिमा रुसी सैन्य उपकरणको भारतीय आयात अघिल्लो पाँच वर्षको अवधिको तुलनामा ३४ प्रतिशतले घटेको सिप्रिले जनाएको छ। भारत लामो दूरीका हवाई प्रतिरक्षाका लागि एस-४०० माथि निर्भर भए पनि छोटो र मध्यम-दूरीका प्रतिरक्षाका लागि देशभित्रै विकसित उपकरण प्रयोग गर्दछ, जुन उसले इजरायलको सहकार्यमा विकास गरेको हो। सुरक्षा अधिकारीहरूका अनुसार भारतले स्वदेशमै लामो दूरीको सतहबाट हावामा मार हान्न सक्ने मिसाइल प्रणाली विकासमा काम गरिरहेको छ। त्यसको दायरा एस-४०० हाराहारी हुने अपेक्षा गरिएको छ।

*-वाल स्ट्रिट जर्नलबाट*

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार २० कात्तिक ०८१

# निजीकरण गरिएका दुई उद्योगले तिरेनन् ५० करोड
## लिज अवधि थप्दै सरकार



पवन तिमिल्सिना/नयाँ पत्रिका

सरकारले जग्गा तथा भवन भाडामा लगाएर निजीकरण गरिएका दुई कारखानाको लिज अवधि थप्ने तयारी गरेको छ। अर्थ मन्त्रालयले भक्तपुर इँटा तथा टायल कारखाना र नेपाल रोजिन एन्ड टर्पेन्टाइन प्रालिको लिज अवधि थप्न गृहकार्य गरिरहेको स्रोतले जानकारी दिएको छ।

महालेखा परीक्षकको ६१औँ वार्षिक प्रतिवेदनअनुसार भक्तपुर इँटा तथा टायल कारखानाको नाममा सरकारलाई बुझाउनुपर्ने भाका नाघेको साँवा र ब्याज रकम ४८ करोड ९० लाख पुगेको छ। त्यस्तै, नेपाल रोजिन एन्ड टर्पेन्टाइन प्रालिले ९१ लाख तिर्न बाँकी छ। यी दुई कारखानासहित रघुपति जुट मिल्स, विराटनगर जुट मिल्स र लुम्बिनी चिनी कारखानाबाट सरकारले दुई अर्ब ९० करोड ४९ लाख उठाउन बाँकी रहेको महालेखाको प्रतिवेदनले देखाएको छ। निजीकरण गर्दाको सम्झौताअनुसार यो रकम सरकारलाई तिर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ।

२२ पुस ०६० मा अर्थ मन्त्रालयको सचिवस्तर र आरआरबी इन्टरप्राइजेजबिच भक्तपुर इँटा कारखाना लिमिटेडको जग्गा र भवनको पट्टा सम्झौता भएको थियो। त्यस्तै, ५ चैत ०६९ मा अर्थ मन्त्रालयको सहसचिवस्तर र भक्तपुर इँटा टायल उद्योग प्रालिबिच भएको पूरक सम्झौता २१ पुस ०८० मा म्याद सकिएको थियो। तर, भाडाबापत रकम असुली नभएपछि यसको नवीकरण अघि बढ्न सकेको थिएन। सरकारसँग भएको सम्झौताअनुसार यो कारखानाले सर्वसाधारणलाई ४५ प्रतिशत सेयर उपलब्ध गराउनुपर्ने थियो। यद्यपि, हालसम्म यो सम्झौता पूरा हुन सकेको छैन। यो कारखानाको सम्पत्ति एक करोड ४५ लाख रुपैयाँमा बिक्री गरिएको थियो भने ४२ लाख १२ हजार रुपैयाँ वार्षिक भाडा उठाउने गरी सम्झौता गरिएको थियो।

त्यस्तै, नेपाल रोजिन टर्पेन्टाइन प्रालिको २९ वैशाख ०६३ मा लिज सम्झौता भएको थियो। यसको सम्पत्ति पनि ११ करोड एक लाख रुपैयाँमा बिक्री गरिएको थियो भने २० लाख १२ हजार वार्षिक भाडामा लिज सम्झौता गरिएको थियो। बिचमा वन विभागबाट म्याद थप पनि गरिएको थियो। जसअनुसार नेपाल रोजिन एन्ड टर्पेन्टाइनको जग्गा दिव्या रोजिन एन्ड टर्पेन्टाइनलाई भाडामा दिएको अवधि ८ जेठ ०८० मा सकिएको थियो। यो उद्योगले सम्झौताअनुसार हालसम्म पाँच करोड १२ लाख रुपैयाँ १७ किस्तामा बुझाउनुपर्नेमा ६५ लाख रुपैयाँ मात्रै तिरेको छ। लिज अवधि नवीकरण नभए पनि सञ्चालनमा रहेका भक्तपुर इँटा तथा टायल कारखाना र नेपाल रोजिन एन्ड टर्पेन्टाइन प्रालि नाफामा रहेको सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा ०८१ मा उल्लेख छ।

निजीकरणको निर्णय मन्त्रिपरिषद्को बैठकले तय गर्ने भएकाले यसमा अर्थ मन्त्रालयले निर्णय गर्न नसक्ने संस्थान समन्वय महाशाखा प्रमुख दीर्घराज मैनालीले जानकारी दिए। उनले भने, 'निजीकरण गरिएका दुई कारखानाको भवन तथा जग्गा भाडामा लगाएको अवधि सकिएको छ। अब भाडा सम्झौता नवीकरण गर्ने वा नगर्ने विषयमा छलफल भइरहेको छ।'




# २३ कात्तिकदेखि त्रिभुवन विमानस्थलमा ३०% अन्तर्राष्ट्रिय उडान कटौती

## थाई एयर एसिया, जजिरा, फ्लाई दुबई मात्रै भैरहवामा उडान गर्न तयार

नवीन अर्याल/नयाँ पत्रिका

२३ कात्तिकदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा करिब ३० प्रतिशत अन्तर्राष्ट्रिय उडान कटौती हुने भएको छ। ट्याक्सी वे, एप्रोनलगायत विस्तारका लागि विमानस्थलमा दैनिक १० घण्टा मात्रै सञ्चालन हुने हुँदा हिउँदे सिजनमा एकतिहाइ उडान कटौती गरिएको हो।

स्तरोन्नतिका कारण त्रिभुवन विमानस्थलमा सातमा दुई सय ९५ उडान कटौती भएका हुन्। सातामा चार सय १० अन्तर्राष्ट्रिय उडान भइरहेकामा २३ कात्तिकदेखि दुई सय ८७ उडान मात्रै हुने नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)का सहप्रवक्ता ज्ञानेन्द्र भुलले बताए। यस्तै, त्रिभुवन विमानस्थलबाट हुने ३५ प्रतिशत आन्तरिक उडान पनि कटौती भएको उनको भनाइ छ।

अहिले दैनिक २१ घण्टा उडान हुँदै आएको त्रिभुवन विमानस्थलमा स्तरोन्नतिको काम सुरु भएपछि १४ घण्टा मात्र उडान हुनेछ। पाँच महिना त्रिभुवन विमानस्थल राति १० बजेदेखि बिहान ८ बजेसम्म बन्द हुने तालिका सार्वजनिक भइसकेको छ। विमानस्थलमा उडान आवर घटेका कारण वायुसेवा कम्पनीका उडान कटौती गर्नुपरेको भुलले बताए। दैनिक तीन-चार उडान गर्ने वायुसेवा कम्पनीहरूको ५० प्रतिशत उडान कटौती गरी विन्टर सेड्युल स्वीकृत गरिएको छ।

क्यानले आधा उडानहरू भैरहवा र पोखराबाट गर्ने गरी 'विन्टर सेड्युल' पेस गर्न भनेको थियो। यसका लागि राज्यले ल्यान्डिङ, पार्किङ, नेभिगेसन, ग्राउन्ड ह्यान्डलिङडेखि यात्रुसेवा शुल्क छुटसम्म विशेष सहुलियत दिएको थियो। तर, अन्तर्राष्ट्रिय वायुसेवा आधा उडान कटौती गर्न तयार भए, भैरहवा र पोखरामा उडान गर्न तयार देखिएनन्।

२८ मध्ये तीनवटा वायुसेवा कम्पनीले मात्रै भैरहवामा अन्तर्राष्ट्रिय उडान गर्न तयार देखिए। थाई एयर एसियाले १८ कात्तिकदेखि बैंकक-भैरहवा उडान सुरु गरिसकेको छ। कुवेतको जजिरा एयरवेज र फ्लाई दुबईले २४ कात्तिकदेखि भैरहवामा उडान सुरु गर्दै छन्। जजिराको सातामा तीन र फ्लाई दुबईको दैनिक एउटा उडानतालिका स्वीकृत भएको छ। अरू वायुसेवा कम्पनीहरूले पछि उडान गर्ने, अध्ययन गरिरहेको, अझै समय चाहिन्छ भन्नेजस्ता जवाफ दिइरहेको सहप्रवक्ता भुलले बताए।

### ■ दैनिक चार उडान गर्नेको दुईवटा कटौती

त्रिभुवन विमानस्थलमा दैनिक चारवटा उडान गर्नेको दुईवटा, दैनिक तीनवटा गर्नेको एक वा दुईवटा, दैनिक दुई उडान गर्नेको एक उडान कटौती भएका छन्। दैनिक एक वा सातामा तीन-चारवटा उडान गर्ने वायुसेवाका पनि उडान कटौती भएका छन्।



भैरहवा उडान गर्न तयार नभएपछि थाई एयर एसियाले काठमाडौंमा विन्टर सेड्युल नै पाएको थिएन। १८ गतेदेखि भैरहवामा सातामा दुई उडान गर्ने भएपछि काठमाडौंमा साबिककै सातामा चार उडान स्वीकृत भएका छन्। एयर अरेबियाका दैनिक चारमध्ये दुई उडान कटौती भएका छन्। एयर अरेबियाले सारजहाँ-काठमाडौं दैनिक तीन र आबुधाबी-काठमाडौं दैनिक एक उडान गर्दै आएको थियो। कटौतीपछि सारजहाँ-काठमाडौं दैनिक एक उडान मात्र गर्न स्वीकृति पाएको छ।

एयर इन्डियाको नयाँल्ली-काठमाडौं दैनिक तीन उडानमध्ये एउटा कटौती भएको छ। बाटिक एयरको क्वालालम्पुर-काठमाडौं उडान कटौती भएर दैनिक एउटामा सीमित भएको छ। चाइना साउर्दनको ग्वाङ्झाओ-काठमाडौं दैनिक दुईमध्ये एउटा कटौतीमा परेको छ। फ्लाई दुबईले दुबई-काठमाडौं दैनिक चारवटा उडान गर्दै आएको थियो। भैरहवामा दैनिक एउटा उडान गर्ने भएपछि त्रिभुवन विमानस्थलमा उडान कटौती नगरी दुबई-काठमाडौं दैनिक तीन उडान स्वीकृत गरिएको छ।

हिमालय एयरलाइन्सको क्वालालम्पुर-काठमाडौं दैनिक दुईमध्ये एक, काठमाडौं-बेइजिङ सातामा तीनमध्ये एक, काठमाडौं-किङ्दाओ सातामा तीनमध्ये एक उडान मात्र स्वीकृत भएका छन्। हिमालयले यसअघि उडान नगर्ने आबुधाबी, कुवेत, चाङ्सा र सांघाई उडान गर्न स्वीकृति पाएको छ। इन्डिगोका दिल्ली-काठमाडौं दैनिक तीनमध्ये एउटा मात्र उडान स्वीकृति पाएको छ। जजिराको दैनिक एकमध्ये अब सातामा तीन उडान मात्र गर्ने भएको छ।

कुवेतको सातामा पाँचमध्ये तीन उडान मात्र स्वीकृत भएका छन् भने नेपाल वायुसेवा निगमले काठमाडौं-दिल्ली दैनिक दुईमध्ये एउटा गर्न पाउनेछ। एउटा वाइडबडी सि-चेकका लागि इटाली लगेर थन्क्याइएपछि निगमले यसअघि नै काठमाडौं-दिल्ली दैनिक एक मात्र उडान गर्दै आएको छ। यस्तै, कतार एयरका दैनिक चारमध्ये दुई उडान कटौती हुँदा थाई एयरवेजका दैनिक दुईमध्ये एक उडान कटौती गरिएको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको वार्षिक ९० लाख यात्रु ह्यान्डलिङ क्षमता रहेको छ। विमानस्थल २१ घण्टा सुचारु हुँदै करिब ९० लाख यात्रु संख्या पुगिसकेको छ। अर्थात्, विमानस्थलको क्षमता स्याचुरेसनमा पुगेको देखिन्छ। त्यसमाथि सात घण्टा उडान अवधि घट्दा सबै वायुसेवालाई काठमाडौंमै स्लट दिन नसकिएको क्यानको जिकिर छ।

भैरहवा र पोखरामा अन्तर्राष्ट्रिय उडान सिफ्ट गर्नका लागि ल्यान्डिङ, पार्किङ, नेभिगेसन, सुरक्षा, ग्राउन्ड ह्यान्डलिङमा ७५ प्रतिशत छुट दिइएको छ। अन्तर्राष्ट्रिय उडान आकर्षित भैरहवा र पोखराबाट यात्रा गर्ने यात्रुलाई भ्याट छुट, हवाई इन्धनमा छुट, यात्रु सेवा शुल्कमा छुट दिने निर्णय भएको छ। यस्तै, अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि न्यूनतम सेवाहरू श्रम डेस्क स्थापना, अध्यागमन पूर्ण रूपमा सञ्चालन, भिसा सेन्टर स्थापनालगायतमा पनि विशेष पहलकदमी भइरहेको पर्यटनमन्त्री बद्री पाण्डेको भनाइ छ।

# लुम्बिनी सरकारको विकास निर्माणकेन्द्रित खर्च ८ प्रतिशत

बुटवलमा **विष्णुप्रसाद घिमिरे**

लुम्बिनी प्रदेश सरकारले चालू आर्थिक वर्षको तीन महिना (साउन-असोज)मा पुँजीगततर्फ जम्मा ८ प्रतिशत मात्रै खर्च गरेको छ। मन्त्रीमण्डलले पूर्णता नपाउँदा त्यसको असर विकास निर्माणकेन्द्रित खर्चमा परेको हो।

प्रदेशका तीन मन्त्रालयको त यो अवधिमा पुँजीगत खर्च शून्य नै देखिएको छ। साउनको पहिलो साता सत्ताको नेतृत्व गरेका एमालेका चेतनारायण आचार्यले मन्त्रिपरिषद्लाई हालसम्म पनि पूर्णता दिन सकेका छैनन्। लामो समयसम्म मन्त्रीविहीन मन्त्रालयको पुँजीगत खर्च शून्य देखिएको छ।

प्रदेश लेखा नियन्त्रण कार्यालय लुम्बिनीका अनुसार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, आर्थिक मामिला मन्त्रालय र आन्तरिक मामिला कानुन तथा सहकारी मन्त्रालयको पुँजीगत खर्च शून्य रहेको छ। यीमध्ये महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय साउनयता मन्त्रीविहीन छन्। यही ४ कात्तिकको मन्त्रिपरिषद् बैठकले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई सामाजिक विकास मन्त्रालयमा गाभ्ने र युवा तथा खेलकुद मन्त्रालय बनाउने निर्णय गरेको थियो।

सामाजिक विकासमन्त्री र आन्तरिक मामिला तथा कानुनमन्त्री गत साता मात्रै नियुक्त भएका छन् भने युवा तथा खेलकुदमन्त्रीको नियुक्ति हालसम्म हुन सकेको छैन।

बाँकी मन्त्रालयहरूको पनि पुँजीगत खर्च न्यून देखिएको छ। उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयको शून्य दशमलव ७७ प्रतिशत छ। त्यस्तै, सामाजिक विकास मन्त्रालयको १ दशमलव १३, वन तथा वातावरण मन्त्रालयको १ दशमलव ६१ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको १ दशमलव ६४ प्रतिशत पुँजीगत खर्च छ।

असोज मसान्तसम्ममा ८ दशमलव १२ प्रतिशत पुँजीगत खर्च गरेको प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयको पुँजीगत खर्च ५ दशमलव ६४, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको ७ दशमलव ९० प्रतिशत र खानेपानी, ग्रामीण तथा सहरी विकास मन्त्रालयको ९ दशमलव १० प्रतिशत खर्च रहेको छ। यहाँ धेरै खर्च गर्नेमा स्वास्थ्य मन्त्रालय रहेको छ। स्वास्थ्य मन्त्रालयको पुँजीगततर्फ चालू आर्थिक वर्षको सुरु तीन महिनामा २५ दशमलव ९६ प्रतिशत खर्च रहेको छ। त्यस्तै, कृषि तथा भूमि व्यवस्था मन्त्रालयले १० दशमलव ५५ प्रतिशत खर्च गरेको छ।

यहाँ चालूतर्फ ११ दशमलव ६८ प्रतिशत खर्च रहेको छ। प्रदेश सरकारको चालू आर्थिक वर्षका लागि ३८ अर्ब ९७ करोडको बजेट रहेकोमा तीन अर्ब ६७ करोड ५९ लाख ४९ हजार ६ सय ७९ रुपैयाँ अर्थात् ९ दशमलव ४३ प्रतिशत खर्च गरेको छ। जसमा पुँजीगततर्फ २४ अर्ब ५८ करोड ५९ लाख बजेट रहेकोमा एक अर्ब ९९ करोड ५२ लाख ६२ हजार आठ सय १६ रुपैयाँ खर्च गरेको छ।

त्यस्तै, चालूतर्फ १४ अर्ब ३८ करोड ४१ लाख बजेट रहेकोमा एक अर्ब ६८ करोड ६ लाख ८६ हजार आठ सय ६२ रुपैयाँ अर्थात् ११ दशमलव ६८ प्रतिशत खर्च गरेको छ।

# सिँचाइका लागि एडिबीको साढे आठ करोड डलर ऋण

**काठमाडौं**/ एसियाली विकास बैंक (एडिबी)ले नेपालको सिँचाइ सञ्जालको आधुनिकीकरण गर्ने तथा कृषि उत्पादन बढाउने उद्देश्यले आठ करोड ५० लाख डलर ऋण दिने भएको छ। नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २६ प्रतिशत छ। यद्यपि, भरपर्दो सिँचाइ अभावका कारण वार्षिक वृद्धिदर २.७ प्रतिशतमा सीमित बन्न पुगेको एडिबीले जनाएको छ। बाढी, खडेरी र गर्मी छालजस्ता जलवायुसम्बन्धी जोखिमहरूले खाद्य असुरक्षालाई तीव्र बनाएको एडिबीको भनाइ छ।

सिँचाइ आधुनिकीकरण अभिवृद्धि परियोजनाले नेपालका पाँच प्रदेशका करिब ५६ हजार फार्म परिवारका लागि थप प्रभावकारी र जलवायुअनुकूल कृषि र सिँचाइ प्रणालीको विकास गर्ने एडिबीको विश्वास छ। 'यो परियोजनाले नेपालको कृषि क्षेत्रलाई आधुनिकीकरण गर्न, किसानको आयमा सुधार गर्न र खाद्य सुरक्षामा सुधार गर्न मद्दत गर्नेछ,' एडिबीका वरिष्ठ सेफगार्ड अफिसर (वातावरण) दीपकबहादुर सिंहले भने, 'एडिबीले पूर्वाधार विकासका साथै उपकरण र मेसिनरी उपलब्ध गराउनेछ। नयाँ र जलवायु-स्मार्ट कृषि अभ्यासको परिचय र नेपालको विकासमा यस क्षेत्रको योगदानलाई बढावा दिन कृषक र संस्थाहरूको क्षमतालाई बलियो बनाउनेछ।'

परियोजनाले राजापुर सिँचाइ आयोजनाअन्तर्गत एक सय किसानले व्यवस्थित सिँचाइ प्रणालीमा समेट्ने र ३१ हजार हेक्टरभन्दा बढी कृषि कमान्ड क्षेत्रको स्तरोन्नति गर्ने एडिबीले जनाएको छ। यसले गेटेड रेगुलेटर, बाढी सुरक्षाका लागि नदीको तटबन्ध, नहरमुनि स्लुइस र सूक्ष्म सिँचाइ प्रणालीसहितको पहाडमा लिफ्ट सिँचाइ प्रणाली निर्माण गरेर खेतीमा सिँचाइ व्यवस्थापनमा सुधार गर्ने उल्लेख छ। परियोजनाको कुल लागत १३ करोड ३६ लाख ४० हजार अमेरिकी डलर छ। यसमा सरकारबाट एक करोड ६१ लाख ४० हजार र किसान पक्षका लाभार्थीबाट २५ लाख डलर समावेश छ।

# दूरसञ्चार सेवाको गुणस्तरदेखि बिलिङसम्म उपभोक्ताको गुनासो

## भ्वाइसभन्दा इन्टरनेट सेवाको गुणस्तरमा गुनासो धेरै



नयाँ पत्रिका

दूरसञ्चार क्षेत्रको नियामक नेपाल दूरसञ्चार प्राधिकरणमा सेवाप्रदायकको सेवा र गुणस्तरका सम्बन्धमा गुनासो आउने प्रवृत्ति बढ्दै गएको देखिएको छ। प्राधिकरणको पछिल्लो प्रतिवेदनअनुसार आर्थिक वर्ष ०८०/८१ मा उपभोक्ताले दूरसञ्चार सेवासँग सम्बन्धित तीन सय पाँचवटा गुनासो गरेका छन्। जुन अघिल्लो आव ०७९/८० को तुलनामा ८.९३ प्रतिशतले बढी हो। उक्त आवमा दूरसञ्चार सेवासँग सम्बन्धित गुनासो दुई सय ८० वटा आएका थिए।

### ■ भ्वाइसमा भन्दा इन्टरनेट सेवामा बढी गुनासो

दूरसञ्चार सेवाका उपभोक्ताले फोन (भ्वाइस)को भन्दा इन्टरनेटको गुणस्तरमा बढी गुनासो गर्न थालेका छन्। उपभोक्ताले फोन नलागेको वा नेटवर्क नभेटिएकोमा भन्दा बढी इन्टरनेट नचलेको तथा सुस्त चलेको भन्दै गुनासो गर्ने देखाएको हो। प्राधिकरणमा गत आर्थिक वर्ष ०८०/८१ मा उपभोक्ताले दूरसञ्चार सेवासँग सम्बन्धित तीन सय पाँचवटा गुनासो गरेका छन्। जसमध्ये भ्वाइससँग सम्बन्धित गुनासो १९.६५ प्रतिशत अर्थात् ६० वटा मात्रै रहेका छन्। इन्टरनेटसँग सम्बन्धित गुनासो भने ८०.३५ प्रतिशत अर्थात् दुई सय ४५ वटा रहेका छन्।

प्रतिवेदनअनुसार उक्त आवमा इन्टरनेट सेवाअन्तर्गत सबैभन्दा बढी गुनासो इन्टरनेटको स्पिड र प्याकेजमा रहेको छ। इन्टरनेटको स्पिड घटबढ भएको, प्याकेज र ब्यान्डविथ नमिलेको भन्दै ७२ वटा गुनासो परेका हुन्। त्यस्तै, इन्टरनेट नचलेको भन्दै ५३ वटा, मर्मत समस्यामा १८ वटा, बिलिङ तथा क्षतिपूर्तिमा २० वटा, टोल फ्री नम्बरमा २० वटा र राउटरमा समस्या सम्बन्धमा १३ वटा गुनासो आएको प्राधिकरणले उल्लेख गरेको छ। इन्टरनेटसँग सम्बन्धित अन्य गुनासा ४९ वटा रहेका छन्।

उक्त आवमा भ्वाइस सेवाअन्तर्गत सबैभन्दा बढी गुनासो नेटवर्कका सम्बन्धमा रहेको छ। नेटवर्क नआएको भन्दै प्राधिकरणमा १७ वटा गुनासो आाएका हुन्। त्यस्तै, बिलिङ एवं ब्यालेन्सका विषयमा १३ वटा, सिमकार्डमा चारवटा, डेटा प्याकेजमा नौवटा, नम्बर परिवर्तनमा दुईवटा र रोमिङका सम्बन्धमा दुईवटा गुनासो परेको प्राधिकरणले उल्लेख गरेको छ। भ्वाइससँग सम्बन्धित अन्य गुनासा १३ वटा रहेका छन्।

प्राधिकरणका सूचना अधिकारी अर्जुन घिमिरेले आएका सबै गुनासो फर्स्यौट भइसकेको बताए। 'उपभोक्ताले सेवाप्रदायककोमै बढी गुनासो गर्छन्, त्यहाँबाट समस्या समाधान नभएपछि प्राधिकरणमा आउँछन्,' उनले भने, 'प्राधिकरणले सेवाप्रदायकलाई चिठी काटेर समस्या समाधानका लागि निर्देशन दिन्छ, त्यसरी पनि समस्या समाधान नभए प्राधिकरणमै बोलाएर छलफल र निर्देशन दिएर उपभोक्ताको गुनासो फर्स्यौट गर्छौं।' धेरैजसो समस्याको समाधान टोल फ्री नम्बर, सेवाप्रदायकका कार्यालय र प्रतिनिधिबाटै हुने भएकाले प्राधिकरणमा थोरै मात्र गुनासो आउने गरेको उनले बताए।

### ■ सबैभन्दा बढी गुनासो क्लासिक टेकको सेवामा

प्राधिकरणका अनुसार गत आवमा क्लासिक टेकको सेवामा सबैभन्दा बढी ७२ वटा गुनासो आएका छन्। जुन कुल गुनासोको २४.१६ प्रतिशतबराबर हुन आउँछ। त्यस्तै, वर्ल्डलिंक कम्युनिकेसनका विषयमा ६४ वटा, नेपाल टेलिकमका ३९ वटा, भायानेटका ३६ वटा, एनसेलका २२ वटा र डिस मिडिया सेवाका सम्बन्धमा २८ वटा गुनासो प्राधिकरणमा आएका हुन्। त्यस्तै, सुबिसुका ६ वटा, सिजी कम्युनिकेसनका आठवटा, टेकमाइन्ड नेटवर्कका आठवटा, वेबसर्फरका ६ वटा र सजिलो नेट प्रालिको सेवाका सम्बन्धमा दुईवटा गुनासो परेका हुन्।

# चार अर्ब ३३ करोड राजस्व बक्यौता उठाइने

## चार सयजनासँग आयकर र तीन सय ५० सँग भ्याट बक्यौता असुल गर्ने आन्तरिक राजस्व विभागको लक्ष्य

नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८१/८२ मा आन्तरिक राजस्व विभागले चार अर्ब ३३ करोड रुपैयाँ राजस्व बक्यौता उठाउने लक्ष्य राखेको छ। विभागले चार सयजना करदाताबाट आयकर र तीन सय ५० करदाताबाट मूल्य अभिवृद्धि कर (भ्याट) असुल्ने लक्ष्य बनाएको हो।

विभागअनुसार हालसम्म दुई लाख ७० हजार तीन सय ८३ करदाताले लामो समयदेखि आफ्नो नाममा रहेको कर दायित्व नतिरी एक खर्ब १३ अर्ब सात करोड बक्यौता राखेका छन्। जसमा आयकरको बक्यौता ५२.५३ प्रतिशत छ भने भ्याटको बक्यौता ४५.२१ प्रतिशत छ। बर्सेनि विभागले बक्यौता असुल्ने लक्ष्य राखे पनि बक्यौता बढ्दै जान थालेको छ।

विभागले बक्यौता असुल गर्न करदातालाई पत्राचार गर्छ। पत्राचारलाई अटेरी गर्ने करदाताको कारोबार एवं सम्पत्ति रोक्का राख्ने पनि गरिन्छ। त्यति गर्दा पनि बक्यौता नउठेमा सम्पत्ति कब्जा तथा लिलामीलगायत प्रक्रिया पूरा गरी जिल्ला अदालतमा मुद्दा दायर गर्न सक्छ। त्यस्तै, आयकर ऐनले कर नतिर्ने व्यक्तिलाई देशबाट बाहिर जान रोक लगाउने पनि व्यवस्था गरेको छ।

बक्यौता असुल गर्न विभागको बक्यौता तथा बेरुजु व्यवस्थापन शाखाले बक्यौता असुल गर्न संकलन भ्रमण गर्ने योजना बनाएको छ। जसअनुसार चालू आर्थिक वर्षमा चार हजार पाँच सयपटक भ्रमण गर्ने तयारी शाखाको छ।

### ■ बक्यौता नउठाई आय विवरण स्वीकृत नगर : अध्ययन प्रतिवेदन

विद्याधर मल्लिकको अध्यक्षतामा गठित कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समितिले बक्यौता असुली नगरी करदाताको आय विवरण स्वीकृत नगर्न सुझाव दिएको छ। प्रतिवेदनमा भनिएको छ, 'आयकर ऐनले करदाताले आफ्नो आयको सम्बन्धमा स्वयं कर निर्धारण गरी कर तिर्ने व्यवस्था गरेकोमा कतिपय अवस्थामा करदाताले आय विवरण दाखिला गरी सोबमोजिम लाग्ने कर दाखिला नगरेको अवस्थामा विवरण सम्पुष्टि हुने गरेकाले करदाताले लामो समयसम्म कर बक्यौता राखिरहने अभ्यास बढ्दै गएको छ। करदाताले स्वयं कर निर्धारण गरी आय विवरण पेस गर्दा सोबमोजिम दाखिला गर्नुपर्ने कर रकमसमेत दाखिला गरेको अवस्थामा मात्र विवरण सम्पुष्टि हुने गरी कानुनी व्यवस्था गर्ने।'

आयकर संकलनका लागि कानुनी प्रबन्धको कार्यान्वयन हुन नसकेकाले बक्यौताको चाङ लाग्दै गएको समितिको अध्ययनले देखाएको छ। त्यस्तै, कर बक्यौता राख्ने करदाताको सम्पत्तिमाथि दाबी तथा लिलाम गरी कर असुली गर्ने कार्यले प्राथमिकता पाउन नसकेको अध्ययनको निष्कर्ष छ।

सरकारले विवरण पेस नगरेका करदाताबाट कारोबार गरेका सक्रिय करदाताको कारोबारको सूचनाका आधारमा करदाता पहिचान गरी विवरण नबुझाएका करदातालाई विवरण पेस गर्न लगाउनुपर्ने प्रतिवेदनमा उल्लेख छ। त्यस्तै, समयमै बक्यौता दाखिला नगर्ने करदातालाई कानुनी कारबाहीको दायरामा ल्याई राजस्व संकलनसम्बन्धी कार्यलाई थप प्रभावकारी बनाउनुपर्ने अध्ययनको सुझाव छ।

महालेखा परीक्षकको ६१औँ वार्षिक प्रतिवेदनले पनि विवादरहित बक्यौता असुलीमा अर्थ मन्त्रालयले विभागलाई प्रभावकारी रूपमा परिचालन गर्न नसकेको विषय औँल्याएको थियो। महालेखाले प्रतिवेदनमा भनेको छ, 'सरकारले संकलन गर्नुपर्ने राजस्वलाई कानुनी प्रक्रियाबमोजिम बक्यौता असुली गर्नुपर्छ।'

त्यस्तै, महालेखाले विवादरहित कर बक्यौता असुलीका लागि चल-अचल सम्पत्ति रोक्का गरी लिलामीको प्रक्रियामा जाने, बैंक तथा वित्तीय संस्थामा रहेको करदाताको खाताको रकम दाबी गर्ने, व्यवसायीको राहदानी रोक्का गर्ने, अन्य सरकारी निकायबाट प्रदान गरिने सेवामा सूचनाको आदानप्रदानलगायतका कार्यमा अपेक्षाअनुसार कर प्रशासनले कार्य गर्न नसकेको जनाएको छ। विभागले बक्यौता असुली कार्ययोजना बनाएर कार्यान्वयन गर्नुपर्ने निष्कर्ष महालेखाको छ।

# चिलिमे-त्रिशूली २२० केभी प्रसारणलाइन निर्माण सम्पन्न

## २८ किलोमिटर लामो चिलिमे-त्रिशूली प्रसारणलाइनको अनुमानित लागत तीन अर्ब ६२ करोड ८९ लाख अमेरिकी डलर



नयाँ पत्रिका

त्रिशूली नदी र त्यसका सहायक खोलाहरूमा निर्माणाधीन तथा निर्माण हुने जलविद्युत् आयोजनाहरूबाट उत्पादित विद्युत् राष्ट्रिय प्रणालीमा प्रवाह हुने चिलिमे-त्रिशूली दुई सय २० केभी प्रसारणलाइनको निर्माण सम्पन्न भएको छ।

रसुवाको आमाछोदिङ्मो गाउँपालिकाको थम्बुचेतस्थित चिलिमे हब सबस्टेसनदेखि नुवाकोटको किस्पाङ गाउँपालिकाको पहिरेबैंसीस्थित त्रिशूली श्री बी हब सबस्टेसनसम्मको २८ किलोमिटर प्रसारणलाइन निर्माण सम्पन्न भएको हो।

दसैँ र तिहारको सार्वजनिक बिदामा समेत कर्मचारी, निर्माण व्यवसायी अहोरात्र खटी प्रसारणलाइन निर्माण गरिएको नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए। प्राधिकरणको सहायक कम्पनी चिलिमे जलविद्युत्को अगुवाइमा निर्माण भएका एक सय ११ मेगावाटको रसुवागढी र ४२.५ मेगावाटको सान्जेनसहित रसुवामा निर्माणाधीन तथा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् प्रवाहका लागि प्रसारणलाइन पूर्वाधार तयार भएको उनको भनाइ छ। रसुवागढी र सान्जेन आयोजना निर्माण सम्पन्न भई विद्युत् उत्पादनको चरणमा छन्।

'भौगोलिक रूपमा अत्यन्तै जोखिमयुक्त र कठिन हिमाली क्षेत्रमा टावर बनाउनुपर्ने, भिरैभिर रहेको र सडक पनि नभएकाले ढुंगा-गिट्टी, बालुवा, टावरका सामान, पानी, मानिस या खच्चडबाट बोकाएर लैजानुपर्ने, बाढीपहिरो, वन क्षेत्रको जग्गा प्रयोगको समस्या, स्थानीयको अवरोध, कोभिड-१९, निर्माणस्थल हिमाली र पहाडी क्षेत्रमा पर्ने भएकाले लाइन निर्माणमा मौसमको पनि प्रतिकूल प्रभावजस्ता कारणले समस्यामा परेको आयोजना निरन्तरको प्रयासपछि निर्माण सम्पन्न हुन ठुलो उपलब्धि हो,' कार्यकारी निर्देशक घिसिङले भने, 'उत्तरतर्फको छिमेकी देश चीनसँगको विद्युत् व्यापारका लागि चिलिमे-केरुङ अन्तरदेशीय प्रसारणलाइन निर्माण गर्न लागिएको छ, चिलिमे-त्रिशूली प्रसारणलाइनले नै चीनलाई जोड्नेछ।

चिलिमे-त्रिशूली दुई सय २० केभी प्रसारणलाइन आयोजनाअन्तर्गत नै २२०/१३२/३३ केभीका चिलिमे हब र त्रिशूली श्री बी हब सबस्टेसन निर्माण सम्पन्न भइसकेका छन्। त्रिशूली श्री बी हब सबस्टेसनमा आएको विद्युत् काठमाडौंको मातातीर्थसम्मको त्रिशूली-काठमाडौं दुई सय २० केभी प्रसारणलाइन हुँदै राष्ट्रिय प्रणालीमा समाहित हुनेछ। सान्जेन र रसुवागढी जलविद्युत् आयोजनाहरूबाट उत्पादित विद्युत् चिलिमे हब सबस्टेसनमा जोडी चिलिमे-त्रिशूली प्रसारणलाइन हुँदा राष्ट्रिय प्रणालीमा समाहित हुनेछ। २८ किलोमिटर लामो प्रसारणलाइनका लागि ७६ वटा टावर निर्माण गरिएका छन्। प्रसारणलाइन समुद्री सतहबाट ६ सय ८० देखि २६ सय मिटरसम्म पर्ने भूभागमा निर्माण गरिएको छ। ३३ वटा टावर पहुँच सडक नै नभएका ठाउँमा निर्माण गर्नुपर्ने अवस्था थियो। उक्त स्थानसम्म पुग्न छुट्टै पहुँच सडक निर्माण गरिएको छ।

आयोजनाले लाइन निर्माणका लागि २० किलोमिटरभन्दा बढी पहुँच सडक निर्माण गरेको प्राधिकरणको उच्च भोल्टेज ग्रिड विभागका निर्देशक थर्कबहादुर थापाले बताए। निर्देशक थापाले खच्चड र मानिसबाट निर्माण सामग्री र उपकरणहरू ढुवानी गरी नौवटा हेलिकोप्टरबाट निर्माण सामग्री ढुवानी गरी दुईवटा टावर निर्माण गरिएको उल्लेख गरे।

उत्तरगया गाउँपालिका- १, तिरुबाट सोही वडाको सिरुचेतसम्म एक हजार दुई सय ३५ मिटर लम्बाइमा तार तानिएको छ। मैलुङ खोलामाथि पर्ने उक्त खण्ड (मैलुङ क्रसिङ)मा ड्रोनको प्रयोग गरी तार तानिएको थियो। प्रसारणलाइनअन्तर्गत चिलिमे-मैलुङ खण्ड २० किलोमिटर डबल सर्किट र मैलुङ-त्रिशूली श्री बी हबसम्म आठ किलोमिटर चार (मल्टी) सर्किट लाइन निर्माण गरिएको छ। कोरियन कम्पनीहरूको अगुवाइमा निर्माणाधीन दुई सय १६ मेगावाटको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाको विद्युत् जोड्नका लागि मल्टी सर्किट लाइन बनाउन लागिएको हो। माथिल्लो त्रिशूली-१ ले मल्टी सर्किट लाइन बनाउँदा भएको खर्चको ६० प्रतिशत रकम व्यहोर्नेछ।

अनुमानित लागत तीन अर्ब ६२ करोड ८९ लाख अमेरिकी डलर रहेको चिलिमे-त्रिशूली आयोजनामा नेपाल सरकार तथा नेपाल विद्युत् प्राधिकरणको लगानी र जर्मन विकास बैंक (केएफडब्लू)को अनुदान रहेको छ। युरोपेली युनियनले स्थापना गरेको युरोपेली लगानी बैंक (इआइबी)को आयोजनामा सहुलियतपूर्ण ऋण रहेको छ। प्रसारणलाइन र सबस्टेसन निर्माणका लागि चिनियाँ कम्पनी पिङ्गाओ ग्रुप अफ कम्पनिजसँग ०७४ को कात्तिकमा ठेक्का सम्झौता भएको थियो। ठेक्का सम्झौता ०७४ को पुसमा कार्यान्वयनमा आएको थियो।

# वन मन्त्रालयमा इआइएको फाइल अड्किँदा मयूरधाप औद्योगिक क्षेत्र अलपत्र

मकवानपुरमा **पोष्टराज अधिकारी**

बहुवर्षीय आयोजनाका रूपमा सुरु भएको हेटौंडाको मयूरधाप औद्योगिक क्षेत्रको निर्माणकार्य अलपत्र अवस्थामा छ। वन तथा वातावरण मन्त्रालयबाट वातारणीय प्रभाव मूल्यांकन प्रतिवेदन (इआइए) स्वीकृत नहुँदा औद्योगिक क्षेत्रभित्र निर्माण हुनुपर्ने भौतिक पूर्वाधारका कामको सुरुवात हुन सकेको छैन।

औद्योगिक क्षेत्र घोषणाको समयमा करिब तीन सय बिघा क्षेत्रफल रहेको उक्त औद्योगिक क्षेत्रमा पर्सा राष्ट्रिय निकुञ्जको जग्गा पर्ने भएपछि १४ वैशाख ०७४ मा बसेको मन्त्रिपरिषद् बैठकले औद्योगिक क्षेत्रको क्षेत्रफल घटाएर करिब १३४.८६ हेक्टर अर्थात् करिब दुई सय बिघामा कायम गरेको थियो। यद्यपि, त्यसपछि पनि औद्योगिक क्षेत्रको वातारणीय प्रभाव मूल्यांकन प्रतिवेदन (इआइए)को स्वीकृति प्रक्रिया अगाडि बढ्न सकेको छैन। औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय हेटौंडाकी प्रमुख इन्जिनियर संगीता कुँवरले औद्योगिक क्षेत्रको इआइए स्वीकृत नहुँदा पूर्वाधार निर्माणका कार्य गर्न नसकिएको बताइन्।

'इआइए स्वीकृतिका लागि पठाइएको फाइल वन मन्त्रालयमै अड्किएको छ। इआइए स्वीकृत नभई भौतिक पूर्वाधार निर्माणका काम गर्न सकिँदैन। त्यसकारण काम




रोकिएको हो,' उनले भनिन्, 'इआइए प्रतिवेदन स्वीकृत भएर आएपछि फटाफट काम अघि बढ्छ। त्यसका लागि हामी तयार छौं।'

यता उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले भने मयूरधाम औद्योगिक क्षेत्र सञ्चालनका लागि सरकारले सहयोग र समन्वय गरिरहेको जिकिर गरेका छन्। गत असोजको पहिलो हप्ता हेटौंडा कपडा उद्योग, हेटौंडा सिमेन्ट उद्योग र मयूरधाप औद्योगिक क्षेत्रको अवलोकनपछि मयूरधाप औद्योगिक क्षेत्र देशको आर्थिक समृद्धिका लागि महत्त्वपूर्ण रहेको उल्लेख गर्दै औद्योगिक क्षेत्रमा पूर्वाधार निर्माणको काम थालनी गर्न सहज हुने गरी वन मन्त्रालयसँगको समन्वयमा सरकारले निर्णय गर्ने बताएका थिए। उनले आश्वासन दिएको पनि तीन महिना पुगेको छ।

नौ वर्षअघि १ चैत ०७२ मा तत्कालीन प्रधानमन्त्री सुशील कोइराला नेतृत्वको सरकारले हेटौंडाको मयूरधापमा औद्योगिक क्षेत्र निर्माण गर्ने घोषणा गरेको थियो। सोहीअनुसार १९ जेठ ०७५ मा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माण गरी स्वीकृतसमेत भएको थियो।

यस्तै, १४ फागुन ०७७ मा तत्कालीन उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले मयूरधाप औद्योगिक क्षेत्रको शिलान्याससमेत गरेका थिए। तर, घोषणा भएको नौ वर्ष र शिलान्यास गरिएकै पाँच वर्ष पुग्दासमेत औद्योगिक क्षेत्र निर्माणको कामले गति लिन सकेको छैन। करिब दुई सय बिघा क्षेत्रफलमा फैलिएको औद्योगिक क्षेत्र निर्माण सम्पन्न हुँदा सात अर्ब दुई करोड लगानी हुने अनुमान गरिएको थियो। ६२ वटा प्लट रहने औद्योगिक क्षेमा खुल्ने उद्योग कलकारखानामा करिब १० हजार जनशक्तिले प्रत्यक्ष रोजगारी पाउने दाबी गरिएको छ।

क्षेत्रफलका दृष्टिकोणले देशकै ठुलो औद्योगिक क्षेत्र हेटौंडामा जग्गा अभाव हुँदै गएको र काठमाडौं र ललितपुरमा रहेका औद्योगिक क्षेत्रका उद्योगहरूलाई समेत स्थानान्तरण गर्ने गरी मयूरधाम औद्योगिक क्षेत्र निर्माणको काम थालिएको थियो। मयूरधाप औद्योगिक क्षेत्रमा रंग, दुग्ध उत्पादन, साबुन, खाद्य, प्लास्टिक, स्टिल, रबर, तार, डिस्टिलरी, पाइप, काष्ठ, कपडा, छाला, सिमेन्ट, इलेक्ट्रो मेकानिकललगायत उद्योगहरू रहने जनाइएको छ। यसैगरी, औद्योगिक क्षेत्रमा पानी प्रशोधन र फोहोरमैला व्यवस्थापन केन्द्रसमेत रहने प्रस्ताव गरिएको छ।

# एनसिएचएल र स्मार्ट च्वाइस टेक्नोलोजीबिच समझदारी

**काठमाडौं**/ नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल) र स्मार्ट च्वाइस टेक्नोलोजी (एससिटी)बिच नेपाल पे कार्ड जारी तथा प्राप्ति गर्न पूर्वाधार तयार गरी एकीकृत गर्ने समझदारी भएको छ। समझदारीपत्रमा एनसिएचएलका प्रमुख कार्यकारी अधिकृत (सिइओ) नीलेशमानसिंह प्रधान तथा एससिटीका सिइओ मनोज घिमिरेले हस्ताक्षर गरेका छन्।




एनसिएचएले चरणबद्ध रूपमा स्थापना गर्दै गरेको नेसनल पेमेन्ट स्विचको दोस्रो चरणअन्तर्गत नेपालको आफ्नै डोमेस्टिक कार्ड स्किम 'नेपाल पे' र एनपिएस नेसन कार्ड स्विच कार्यान्वयनका लागि आवश्यक जडान तथा परीक्षण कार्य भइरहेको बताइएको छ। उक्त कार्डको स्वीकार्यता र प्रयोग वृद्धि गर्न एससिटीले आफ्नो प्रणाली तथा पूर्वाधारमा आवश्यक स्तरोन्नति गरेपछि एनपिएस-एनसिएसको प्राविधिक सदस्यतालाई नेपाल पे कार्ड जारी गर्न सक्नेछ। सञ्चालनमा आएपश्चात् उक्त कार्डको राउटिङ, स्विचिङ तथा सेटलमेन्ट एनसिएचएलको नेसनल पेमेन्ट स्विचमार्फत हुने बताइएको छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग
सञ्चारग्राम, काठमाडौं

**पत्रकार दुर्घटना बीमा सम्बन्धी सूचना**

प्रकाशित मिति २०८१/७/२०

यस विभागको चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पत्रकार दुर्घटना बीमा गर्ने प्रयोजनको लागि इच्छुक सञ्चार प्रतिष्ठानमा कार्यरत तथा स्वतन्त्र पत्रकारहरूबाट सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र तोकिएको शर्तहरूको अधिनमा रही रितपूर्वत निवेदन आह्वान गरिन्छ। विस्तृत सूचना www.doib.gov.np मा हेर्न सकिनेछ। साथै आवेदन फाराम www.doib.gov.np बाट डाउनलोड गरी भर्नुपर्ने र doibinsurance@gmail.com मा पठाउनुपर्नेछ।

# लगानीकर्ता सप्ताहमा सिटिजन्स क्यापिटलको वित्तीय सचेतना

**काठमाडौं**/ विश्व लगानीकर्ता सप्ताह २०२४ को अवसरमा सिटिजन्स क्यापिटलले लगानीकर्ता शिक्षा तथा सचेतना कार्यक्रम गरेको छ।

क्यापिटलले १२ कात्तिकमा सिन्धुलीस्थित सिन्धुली बहुमुखी क्याम्पस तथा सिन्धुली उद्योग वाणिज्य संघमा कार्यक्रम गरेको हो। कार्यक्रममा क्याम्पसमा अध्ययनरत विद्यार्थी, शिक्षक तथा स्थानीय व्यवसायीहरूको संलग्नता थियो।

काठमाडौंबाहिरका लगानीकर्ताले पुँजी बजारमा सहभागी भई लगानी गर्न समस्या रहेको भन्दै क्यापिटलले लगानी व्यवस्थापक (पोर्टफोलियो म्यानेजर)को सेवा सिटिजन्स बैंकका देशभरका शाखा कार्यालयबाट प्रदान गर्दै आइरहेको जनाएको छ। सिटिजन्स क्यापिटल सिटिजन्स बैंकको सहायक कम्पनी हो।

# नेपाल लाइफको बिजनेस रिभ्यु मिट कार्यक्रम

**काठमाडौं**/ नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले एकदिने बिजनेस रिभ्यु मिट कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा चालू आर्थिक वर्षको पहिलो त्रैमासको व्यापार समीक्षा गर्दै आर्थिक वर्ष ०८१/८२ को बाँकी समयावधिका लागि सेल्स रणनीतिको तर्जुमा गरिएको थियो। कम्पनीका सञ्चालक कमलेशकुमार अग्रवालको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत (सिइओ) प्रवीणरमण पराजुली, नायब प्रमुख कार्यकारी अधिकृत अमितकुमार कयाल, नेसनल सेल्स हेड उमापति पोखरेललगायत उच्च व्यवस्थापक तथा प्रादेशिक प्रमुखहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा सञ्चालक अग्रवालले नेपाल लाइफ जीवन बिमा उद्योगको मार्ग प्रदर्शकको रूपमा रहेको र अहिले हासिल गरेको उपलब्धिभन्दा धेरै माथिको उपलब्धि ल्याउन सक्ने प्रचुर सम्भावना बोकेको बताए। उनले नेपाल लाइफको टिम बिमा उद्योगमा नै सबैभन्दा उत्कृष्ट रहेको र यस टिमको परिचालनले उद्योगमा आमूल परिवर्तन ल्याउनेमा आफू निर्धक्क रहेको बताए। बैंकमा तरलता बढ्दै गर्दा लगानीको प्रतिफलमा कमी नआओस् र लगानीको प्रतिफल झन् वृद्धि होस् भन्ने हेतुले नै कम्पनीले शिक्षा, हाइड्रोपावर तथा जग्गामा नेपाल बिमा प्राधिकरणको लगानीसम्बन्धी निर्देशिकाको अधीनमा रहेर लगानी गर्दै आएको बताए।

कार्यक्रममा बोल्दै सिइओ पराजुलीले कम्पनीले इन्नोभेटिभ प्रोडक्ट मार्केटमा ल्याइरहेको र आगामी दिनमा पनि यस्ता प्रोडक्ट मार्केटमा ल्याएर बिमा बजारको विस्तारमा भूमिका निर्वाह गर्ने धारणा राखे।

# जुम्लामा २० हजार पाँच सय टन स्याउ उत्पादन



**जुम्ला**/ जिल्लामा यस वर्ष २० हजार पाँच सय ११ मेट्रिकटन स्याउ उत्पादन भएको छ। कृषि विकास कार्यालय जुम्लाका अनुसार चार हजार दुई सय ५० हेक्टर जमिनमा लगाइएको खेतीबाट सोबराबरको स्याउन उत्पादन भएको हो। जुम्लाका आठवटै स्थानीय तहमा उत्पादन भएको स्याउ बिक्रीबाट ६१ करोड ४१ लाख रुपैयाँ जिल्लामा भित्रिएको कार्यालय प्रमुख बालकराम देवकोटाले जानकारी दिए। उत्पादन भएकामध्ये नौ हजार तीन सय ९१ मेट्रिकटन स्याउ जिल्लाबाहिर निर्यात भएको छ।

ट्रक, बस, जिप तथा हायस र जहाजबाट समेत स्याउ निर्यात भएको कार्यालय प्रमुख देवकोटाले बताए। उनले भने, 'बसबाट एक हजार ६ सय ६० मेट्रिकटन, जिप र हायसबाट ६ सय ६४ मेट्रिकटन र जहाजबाट ७४ मेट्रिकटन स्याउ निर्यात भएको छ।' त्यस्तै, मालवाहक ट्रकबाट ६ हजार नौ सय ९३ मेट्रिकटन स्याउ निर्यात भएको छ। आठ सय ३७ जना स्याउ व्यापारीले किसानको स्याउ बजारमा लगेका छन्। जुम्ली किसानले प्रतिकेजी सरदर मूल्य ६० रुपैयाँमा स्याउ बेचेको कार्यालय प्रमुख देवकोटाको भनाइ छ।

**Province Government**
**Ministry of Physical Infrastructure and Development**
**Urban Development and Building Office**
**Bagmati, Province**
**Kathmandu**

**INVITATION FOR BIDS(IFB)**

**Date of first publication :- 2080/07/20**

1. The Sahari Bikash Tatha Bhawan Karyalaya, Kathmandu invites electronic bids only from duly eligible and qualified registered bidders for the procurement of following works

**a) NCB single stage single envelop and seal Quotation.**

| S. N. | Contract ID | Procurement Types | Estimated amount (with VAT, Cont. and PS) | Bid Security Amounts (Nrs.) | Bid document Price (Nrs.) |
|---|---|---|---|---|---|
| 1 | UDBO/KTM/WORKS/NCB/01-81/82 | NCB | 4998143.18 | 125000 | 3000 |
| 2 | UDBO/KTM/WORKS/NCB/02-81/82 | NCB | 4998346.21 | 125000 | 3000 |
| 3 | UDBO/KTM/WORKS/NCB/03-81/82 | NCB | 2498993.86 | 70000 | 3000 |
| 4 | UDBO/KTM/WORKS/NCB/04-81/82 | NCB | 2499087.57 | 70000 | 3000 |
| 5 | UDBO/KTM/WORKS/NCB/05-81/82 | NCB | 2499982.59 | 70000 | 3000 |
| 6 | UDBO/KTM/WORKS/NCB/06-81/82 | NCB | 4999394.98 | 125000 | 3000 |
| 7 | UDBO/KTM/WORKS/NCB/07-81/82 | NCB | 2999748.33 | 75000 | 3000 |
| 8 | UDBO/KTM/WORKS/NCB/08-81/82 | NCB | 2499740.8 | 70000 | 3000 |
| 9 | UDBO/KTM/WORKS/NCB/09-81/82 | NCB | 2499695.14 | 70000 | 3000 |
| 10 | UDBO/KTM/WORKS/NCB/10-81/82 | NCB | 4236559.49 | 110000 | 3000 |
| 11 | UDBO/KTM/SQ/01-81/82 | SQ | 1999956.61 | 50,000 | 1000 |
| 12 | UDBO/KTM/SQ/02-81/82 | SQ | 1499935.28 | 38000 | 1000 |
| 13 | UDBO/KTM/SQ/03-81/82 | SQ | 1999920.35 | 50,000 | 1000 |
| 14 | UDBO/KTM/SQ/04-81/82 | SQ | 1499434.77 | 38000 | 1000 |

2. All bidders shall submit their bid electronically only. Electronic bid must be submitted through PPMO's e-GP system https://www.bolpatra.gov.np/egp on or before 12.00 Noon; on 2081/08/20 for NCB and on 2081/08/05 for SQ. Detail electronic bid submission procedure is as e-GP directives of PPMO.
3. Eligible bidders may obtain further information from www.bolpatra.gov.np/eGP or at the office of Sahari Bikash Tatha Bhawan Karyalaya, Kathmandu. Email id: mopid3udboktm75@gmail.com

**Office Chief**

**जन श्रमिक बचत तथा ऋण सहकारी संस्था लि.**
चन्द्रागिरि न.पा. वडा नं.३ थानकोट काठमाडौं, फोन नं. ४३१०८८१/४३१५७५३

**गैरबैकिङ्ग सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धि १५ दिने सूचना**

प्रकाशित मिति : २०८१/७/२०

यस संस्थाको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लेखित गैरबैकिङ्ग सम्पत्ति जहाँ जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएको हुँदा यो सूचना प्रकाशन गरिएको छ। तसर्थ उक्त सम्पत्ति खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी तथा संघ संस्थाहरूले लिखित शर्तबन्देजको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ।

तपसिल

| क्र.स | लिलामबिक्री गर्नु पर्ने गैर बैकिङ्ग सम्पत्तिको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जिल्ला | गा.पा/न.पा | वडा नं | कि नं. | जग्गाको किसिम | क्षेत्रफल | कैफियत |
| १ | काठमाडौं | बाडभान्ज्याङ | २ख | २२४ | पाखा बारी | ०.५.२.२ | |
| २ | काठमाडौं | बाडभान्ज्याङ | २ख | ४९९ | पाखा बारी | ०.२.१.० | |

शर्तहरू :

१. बोलपत्र सम्बन्धी फारम संस्थाको कार्यालयबाट रु. १०००। (अक्षेरेपी रुपैया एक हजार) (फिर्ता नहुने गरी) भुक्तानी गरी प्राप्त गर्न सकिनेछ।
२. बोलपत्र दाखिला गर्दा आफुले कबोल गरेको रकमको १० प्रतिशत रकम संस्थाको नाममा एन.आई.सी. एशिया बैक लि. थानकोट शाखामा रहेको खाता नं.४७४१२५५२६५२४००२ वा संस्थाको काउण्टरमा जम्मा गरेको सक्कले भौचर पेश गर्नु पर्दछ।
३. लिलामबिक्री गर्ने जग्गा स्थलगत रुपमा हेर्न चाहाने व्यक्ति/फर्म/कम्पनीवा संघ संस्थाले कार्यालय समयमा संस्थाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।
४. दाखिला खारेज नामसारी गर्दा नेपाल सरकारलाई बुझाउनु पर्ने सम्पूर्ण शुल्कहरू बोलकबोलवालाले व्यहोर्नु पर्दछ।
५. बोलपत्र स्वीकृत भएको मितिले १५ दिन भित्र बाँकी रुपैया दाखिल गरी नामसारी गरि लिनु पर्दछ। अन्यथा धरौटी रकम संस्थाले जफत गर्न सक्नेछ।
६. अन्य :

| | |
|---|---|
| बोलपत्र दाखिला गर्ने अन्तिम मिति : | २०८१/८/५ |
| बोलपत्र खोल्ने मिति : | २०८१/८/६ |
| समय : | दिउँसो ३.०० बजे |
| स्थान : | जन श्रमिक सभाहल भवन, चन्द्रागिरि-३ थानकोट |

**समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड**
**Samata Gharelu Laghubitta Bittiya Sanstha Ltd.**
(नेपाल राष्ट्र बैकबाट 'घ' वर्गको इजाजत प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)
रजिष्टर्ड कार्यालय: बनेपा न.पा.-७, काभ्रेपलाञ्चोक । फोन नं.: ०११-५९७०००
इमेल: samata@samata.org.np वेभसाइट: www.samata.org.np

**साधारण शेयरको थप सार्वजनिक निष्काशन तथा बिक्री बन्द बारेको सूचना**

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेडले साविकको मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरी बनेको यस संस्थाको प्रबन्धपत्रमा भएको व्यवस्था बमोजिम शेयर पूँजी संरचना अनुपात ६९.४८ : ३०.५२ (संस्थापक: सर्वसाधारण) कायम हुने गरी नपुग शेयर रकम रु.३,५०,९०,४२५/- (अक्षेरेपी तीन करोड पचास लाख नब्बे हजार चार सय पच्चिस मात्र) रकम बराबरको प्रति शेयर अंकित मूल्य रु.१००/- दरका ३,५०,९०४.२५ कित्ता साधारण शेयर मिति २०८१ कार्तिक १२ गतेदेखि सर्वसाधारणहरुमा निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा सर्वसाधारण आवेदकहरुबाट माग गरे भन्दा बढि शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८१ कार्तिक २० गते (बैकिङ्ग समय पश्चात्)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गर्दछौं।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण संकलन केन्द्रहरु, C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८१ कार्तिक २० गते (बैकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, C-ASBA सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं।

**कम्पनीको विगत तथा आगामी ३ वर्षको नेटवर्थ सम्बन्धी विवरण :**

| विवरण | सा. समता घरेलु लघुवित्त वित्तीय संस्था लि. वास्तविक | | | सा. मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लि. वास्तविक | | | अपरिष्कृत (हालको समता घरेलु) | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७७/७८ | आ.व. ०७८/७९ | आ.व. ०७९/८० | आ.व. ०७७/७८ | आ.व. ०७८/७९ | आ.व. ०७९/८० | *आ.व.०८०/८१ आषाढ मसान्त | आ.व. ०८१/८२ | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ |
| प्रति शेयर आम्दानी (रु.) | ३६।५६ | ११।९० | २१।०६ | २४।३८ | ६।८८ | ७।८८ | ६।३० | २१।४५ | २६।५६ | ३१।५० |
| प्रति शेयर नेटवर्थ (रु.) | १६३।५७ | १४३।०७ | १४१।४४ | ११२।४४ | ११३।७५ | ११४।६८ | १३०।५७ | १५०।९३ | १७६।८८ | २०८।३१ |
| संचित नाफा/(नोक्सान) (रु. हजारमा) | ७०५,२३५।४१ | ६७,८७७।०६ | २५,९५२।८५ | ७०५।३६ | ३९०।३६ | १,०८६।५६ | ३५,४५५।९७ | १३४,७४७।५६ | २६०,७५०।५६ | ४०५,८३७।२६ |

**क्रेडिट रेटिङ्ग सम्बन्धमा**

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई "[ICRANP-IR] BB -" (pronounced as ICRA NP Issuer Rating Double B -) प्रमाणपत्र प्राप्त गरेको छ। "[ICRANP-IR] BB - (Issuer Rating)]" ले कम्पनीको Moderate risk of default regarding timely servicing of financial obligations रहेको भन्ने बुझिन्छ।

ग्रेड प्रदान गरेको मिति : मिति २०८१ साल श्रावण २५ गते ग्रेड बहाल रहने अवधि : मिति २०८२ साल श्रावण २१ गते

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:
**मुक्तिनाथ क्यापिटल लि.**
MUKTINATH CAPITAL LTD.
A Subsidiary of Muktinath Bikas Bank Ltd.
प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौ
फोन नं. ४५४६९०८/०१/४५४६४७०
इमेल: info@muktinathcapital.com
वेभसाइट: www.muktinathcapital.com

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/०७०
मंगलबार २० कार्तिक ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

# नेपाल प्रिमियर लिगमा भित्रिए २४ विदेशी खेलाडी

**रमेश सुवेदी** / नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)ले पहिलोपटक आयोजना गर्न लागेको नेपाल प्रिमियर लिग (एनपिएल)का फ्रेन्चाइज ८ टोलीले अहिलेसम्म समग्रमा २४ खेलाडी अनुबन्ध गरेका छन् । एनपिएलको पहिलो संस्करण १५ मंसिरदेखि ६ पुससम्म काठमाडौंको त्रिवि क्रिकेट मैदानमा हुँदै छ । कुल ३२ खेलका लागि सहभागी हरेक टोलीले समान चार विदेशी खेलाडी अनुबन्ध गर्न पाउँछन् । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)ले फ्रेन्चाइज लिगमा अनुबन्ध हुने विदेशी खेलाडीका हकमा छुट्टै नियमावली बनाएको छ ।

आइसिसीको नियमअनुसार चार टोलीले मात्रै टेस्ट खेलिरहेका चार खेलाडी टोलीमा समावेश गर्न पाउँछन् । त्यसबाहेक टेस्टबाट सन्न्यास लिएका वा दुई वर्षदेखि राष्ट्रिय टोलीमा समावेश नभएका खेलाडीलाई जुनसुकै टोलीले अनुबन्ध गर्न पाउँछन् । एनपिएलमा टेस्ट खेलिरहेका खेलाडी अनुबन्ध भएका छैनन् । एनपिएलका फ्रेन्चाइज टोलीले विदेशी खेलाडीसँगको सम्झौता रकम खुलाएका छैनन् । पोखरा एभेन्जर्सले चारै विदेशी खेलाडी लिगमा समावेश गरिसकेको छ । काठमाडौं गोर्खाजले दुई खेलाडीलाई भित्र्याएको छ । विराटनगर किंग्स, चितवन राइनोज, जनकपुर बोल्ट्स, लुम्बिनी लायन, सुदूरपश्चिम रोयर्ल्स र कर्णाली याक्सले समान तीन खेलाडी अनुबन्ध गरेका छन् ।

चार विदेशीबाहेक सबै टोलीले अक्सनबाट १०, मार्की १ र स्थानीय एक खेलाडी टोलीमा समावेश गर्न पाउँछन् । अक्सनमा सहभागी टोलीले नेपाली खेलाडी भित्र्याए पनि लिगमा विदेशी खेलाडी नै मुख्य भूमिकामा हुने बताएका थिए । अहिलेसम्म अनुबन्ध भएका विदेशीमध्ये न्युजिल्यान्डका मार्टिन गप्टिल नै ठुला नाम गरेका खेलाडी हुन् ।

### पोखरा एभेन्जर्स : विदेशी खेलाडी (४)



म्याट क्रिचली एन्डर्सन फिलिप आन्द्रेस गौस बास डी लिडे

खेलाडी अक्सनमा सबैभन्दा महँगो बनेको पोखरा विदेशी खेलाडी अनुबन्धमा पनि अगाडि देखिएको छ । उसले चारै विदेशी खेलाडीको कोटा पूरा गरेको छ । पोखराले अन्तिम विदेशीको रूपमा इंग्ल्यान्डका अलराउन्डर म्याट क्रिचलीलाई भित्र्याएको छ । पोखराले वेस्ट इन्डिजबाट दुई टेस्ट खेलेका एन्डर्सन फिलिप, अमेरिकाका आन्द्रेस गौस र नेदरल्यान्ड्सका युवा ब्याट्सम्यान बास डी लिडेलाई टोलीमा अनुबन्ध गरिसकेको छ । टोलीका मार्की खेलाडीमा राष्ट्रिय टोलीका कुशल भुर्तेल छन् ।

### कर्णाली याक्स : विदेशी खेलाडी (३)



मोहम्मद हुसैन चादविक वाल्टन बाबर हायात

हिमालयन बिल्डर्स एन्ड इन्जिनियर्सको स्वामित्वमा रहेको कर्णालीले तीनजना विदेशी खेलाडी अनुबन्ध गरेको छ । नेपाल राष्ट्रिय टोलीका अलराउन्डर सोमपाल कामी मार्की रहेको कर्णालीले पाकिस्तानबाट टेस्ट खेलिसकेका मोहम्मद हुसैन तलात, वेस्ट इन्डिजबाट खेलिसकेका चादविक वाल्टन र हङकङबाट अन्तर्राष्ट्रिय खेल खेलिरहेका अनुभवी खेलाडी बाबर हायातलाई अनुबन्ध गरेको छ । ज्ञानेन्द्र मल्लको प्रशिक्षणमा रहेको कर्णालीमा आबद्धमध्ये चर्चित अनुहार बाबर हुन् ।

### सुदूरपश्चिम रोयर्ल्स : विदेशी खेलाडी (३)



स्कट कुगेलेइज सैफ जैब ब्रान्डन म्याकमुलेन

नेपालका पहिलो पुस्ताका खेलाडी जगत टमाटाको प्रशिक्षणमा रहेको सुदूरपश्चिमले तीन विदेशी खेलाडी भित्र्याइसकेको छ । सुदूरपश्चिमले न्युजिल्यान्डबाट तीन टेस्ट खेलेका ३२ वर्षीय खेलाडी स्कट कुगेलेइजलाई अनुबन्ध गरेको छ । यस टोलीमा उनी नै अहिलेसम्मकै ठुलो नाम गरेका खेलाडी हुन् । इंग्ल्यान्डका सैफ जैबसँगै स्कटल्यान्डका कप्तान ब्रान्डन म्याकमुलेन पनि टोलीसँग छन् । टोलीको मार्कीमा राष्ट्रिय टोलीका अलराउन्डर दीपेन्द्रसिंह ऐरी छन् ।

### लुम्बिनी लायन्स : विदेशी खेलाडी (३)



बेन कटिङ टम मोरेस मोहम्मद साइफुदिन

नेपाली राष्ट्रिय टोलीमा रहेर काम गरेका नन्दु फादनिसलाई लुम्बिनी लायन्सले प्रशिक्षक बनाएको छ । टोलीले तीन विदेशी खेलाडी अनुबन्ध गरेको छ । अस्ट्रेलियाका ३७ वर्षीय खेलाडी बेन कटिङ अहिलेसम्मकै ठुलो नाम गरेका खेलाडीमा पर्छन् । उनले चार एकदिवसीय तथा ७ टी-२० आई खेल खेलेका छन् । उनीसँग इन्डियन प्रिमियर लिग (आइपिएल)मा राजस्थान रोयल्स र सनराइजर्स हैदराबादसँगको अनुभव छ । उनीबाहेक इंग्ल्यान्डका टम मोरेस र बंगलादेशका मोहम्मद साइफुदिन पनि छन् ।

### चितवन राइनोज : विदेशी खेलाडी (३)



मार्चन्ट डी लाङ्गे लुक बेन्केन्स्टेइन हसन इसाखिल

कुशल मल्ल मार्की रहेको चितवनले तीनजना विदेशी खेलाडी अनुबन्ध गरेको छ । टोलीमा दक्षिण अफ्रिकाका मार्चन्ट डी लाङ्गे, इंग्ल्यान्डका लुक बेन्केन्स्टेइन र अफगानिस्तानका हसन इसाखिल छन् । ३४ वर्षीय दक्षिण अफ्रिकाका तीव्र गतिका बलर मार्चन्टले २ टेस्ट र चार एकदिवसीय खेलेका छन् । उनले सन् २०१२ देखि २०१५ सम्म आइपिएलमा कोलकाता नाइट राइडर्स र मुम्बई इन्डियन्सबाट लागि खेलेका थिए । नेपाल राष्ट्रिय टोलीका पूर्वप्रशिक्षक उमेश पटवालले चितवनलाई प्रशिक्षण दिइरहेका छन् ।

### जनकपुर बोल्ट्स : विदेशी खेलाडी (३)



मोहम्मद मोहसिन जेम्स निसाम जोसुवा ट्रोम्प

नेपालका पूर्वप्रशिक्षक पुबुदु दासानायके प्रशिक्षक रहेको जनकपुरले एनपिएलका लागि तीन विदेशी खेलाडी अनुबन्ध गरिसकेको छ । आसिफ शेख मार्की रहेको टोलीमा पाकिस्तानका मोहम्मद मोहसिन, न्युजिल्यान्डका जेम्स डुग्लास निसामसँगै अमेरिकाका जोसुवा ट्रोम्प छन् । न्युजिल्यान्डका ३४ वर्षीय खेलाडी जेम्स टिमका सबैभन्दा ठुला नाम गरेका खेलाडी हुन् । उनले न्युजिल्यान्डबाट १२ टेस्ट खेलिसकेका छन् । सन् २०१७ देखि उनी न्युजिल्यान्ड टोलीमा छैनन् । उनले ७६ एकदिवसीय र ७७ टी-२० आई खेलिसकेका छन् ।

### काठमाडौं गोर्खाज : विदेशी खेलाडी (२)



जेरहार्ड इरास्मस माइकल लेभिट

काठमाडौंले अहिलेसम्म दुई दिवेशी खेलाडी अनुबन्ध गरेको छ । खेलाडीको अक्सनमा काठमाडौं दोस्रो खर्चिलो टोली बनेको थियो । काठमाडौंले नामिबियाका कप्तान जेरहार्ड इरास्मस र नेदरल्यान्ड्सका माइकल लेभिटलाई अनुबन्ध गरेको छ । दुवै खेलाडी एसोसिएट राष्ट्रका राम्रा खेलाडी मानिन्छन् । वसन्त शाहीको प्रशिक्षणमा रहेको काठमाडौंले टेस्ट खेलेका र एकदिवसीय खेलेका खेलाडी भित्र्याउने प्रयासमा छ । यस टोलीका मार्की खेलाडी करण केसी हुन् ।

### विराटनगर किंग्स : विदेशी खेलाडी (३)



निकोलास किर्टन अकिब इल्यास

विराटनगरले एनपिएलमा विश्वकै चर्चित खेलाडी भित्र्याएको छ । विराटनगरले आइसिसी एकदिवसीय विश्वपकमा दोहोरो शतक प्रहार गरेका न्युजिल्यान्डका निकै अनुभवी मार्टिन गुप्टिललाई गत साता अनुबन्ध गरेको थियो । ३८ वर्षीय गुप्टिलले ४७ टेस्ट, १९८ एकदिवसीय र १२२ टी- २० आई खेलेका छन् । उनले सन् २०१५ मा भएको एकदिवसीय विश्वकपमा वेस्ट इन्डिजविरुद्ध एकै खेलमा अविजित २३७ रन बनाएका थिए । उनले न्युजिल्यान्डबाट एकदिवसीयमा १८ शतक र ३९ अर्धशतकीय इनिङ्स खेलेका थिए । उनले टी-२० आइमा दुई शतक र २० अर्धशतक बनाएका छन् ।



विराटनगरमा क्यानडाका निकोलास किर्टन र ओमानका अकिब इल्यास छन् ।

एनपिएलमा आबद्ध भएका विदेशीमध्ये न्युजिल्यान्डका मार्टिन गुप्टिल अहिलेसम्मका ठुला नाम चलेका खेलाडी हुन्

मार्टिन गुप्टिल

■ यू-१९ राष्ट्रिय क्रिकेट

## सुदूरपश्चिम र कर्णाली विजयी



**नयाँ पत्रिका**

विराटनगरमा चलिरहेको नरेश श्रेष्ठ स्मृति वाइवाई पुरुष यू-१९ राष्ट्रिय एकदिवसीय क्रिकेट प्रतियोगितामा कर्णाली र सूदुरपश्चिम प्रदेश विजयी भएका छन् । मेर्लिबोन ज्वाला क्रिकेट मैदानमा सोमबार भएको खेलमा सुदूरपश्चिमले कोशीलाई १ सय २३ रनको फराकिलोअन्तरले पराजित गरेको छ । टस जितेर ब्याटिङ गरेको सुदूरपश्चिमले ४७.४ ओभरमा सबै विकेट गुमाएर १ सय ८३ रन बनायो । सूदरपश्चिमका सुबराज खत्रीले ४४ रन जोडे । अभिषेक थापाले ३७ रन र नरेन भट्टले २४ रन बनाए । कोशीका सौजन घिमिरेले ४ विकेट लिँदा विपिन महतोले २ विकेट लिए ।

१ सय ८४ रनको विजयी लक्ष्य पाएको कोशीले २२. ३ ओभरमा सबै विकेट गुमाउँदै ६० रन मात्र बनायो । कोशीका सौजन घिमिरेले २६ रन र आशिष मगरले १३ रन बटुले । यउसबाहेक अन्य ब्याट्सम्यानले दोहोरो रन नै बनाएनन् । सुदूरपश्चिमका म्यान अफ दी म्याच सचिन भट्टले ५ विकेट लिए । उनले ६ ओभरमा २ मेडन राख्दै ७ रन मात्र दिए । नरेन पनि ४ विकेट लिए । सुदूरपश्चिमले पाँच खेलमा जित हात निकालेको छ । १० अंकका साथ सुदूरपश्चिम दोस्रो स्थानमा रहेको छ । कोशीले खेलेको ६ खेलमा १ खेलमा जित निकालेको छ । कोशी ५ खेलमा पराजित भएको छ ।

### कर्णाली ४७ रनले विजयी

प्रतियोगिताअन्तर्गत सोमबार बैजनाथपुरको गिरिजाप्रसाद कोइराला खेल मैदानमा कर्णालीले मधेश प्रदेशलाई ४७ रनले पराजित गर्दै पहिलो जित निकाल्यो । टस जितेर ब्याटिङ गरेको कर्णालीले निर्धारित ४५ ओभरमा सबै विकेट गुमाई १ सय ३३ रनको योगफल बनायो । कर्णालीका हिरालाल चनराले ४५ रन बनाए । मनीष थापाले २२ रन र युनिस ठकुरीले २१ रनको योगदान दिए ।

मधेशका राजेश यादवले सर्वाधिक ४ विकेट र अफ्रुदिन रैनले ३ विकेट लिए । १ सय ३४ रनको लक्ष्य पछ्याएको मधेशले २७.२ ओभरमा सबै विकेट गुमाई ८६ रन जोड्यो । मधेशका मायन यादवले १५ रन र जितेश मण्डलले १३ रनको योगदान दिए । कर्णालीका म्यान अफ दी म्याच विपिन शर्माले चार विकेट हात पारे । कर्णालीकै युनिस ठकुरीले ३ विकेट लिए ।

कर्णालीले खेलेको ५ खेलमा १ मा जित निकाली दुई अंक जोडेको छ । अंक तालिकामा कर्णाली पुछारमा छ मधेशले ५ खेलमा २ जित र ३ हारको सामना गरी चार अंक जोडेको छ । मधेश पाँचौं स्थानमा रहेको छ ।

प्रतियोगिताअन्तर्गत मंगलबार बैजनाथपुरको गिरिजाप्रसाद कोइराला खेल मैदानमा लुम्बिनी र मधेशबिच खेल हुनेछ । मेर्लिबोन ज्वाला क्रिकेट मैदानमा बागमतीले कर्णालीको सामना गर्नेछ ।

# टेस्ट विश्व च्याम्पियनसिपमा भारतको फाइनल यात्रा कठिन



**एजेन्सी**

घरेलु मैदानमै न्युजिल्यान्डसँग ३-० ले टेस्ट सिरिज गुमाएपछि भारतको विश्व टेस्ट च्याम्पियनसिपको फाइनल खेल्ने सम्भावना कमजोर बनेको छ । मुम्बईमा भएको तेस्रो तथा अन्तिम टेस्टमा भारत न्युजिल्यान्डसँग २५ रनले पराजित भयो । न्युजिल्यान्डले चोथो इनिङ्समा एक सय ४७ रनका सहज लक्ष्य दिएको थियो । भारत एक सय २१ रनमै अलआउट हुँदा न्युजिल्यान्डले २५ रनको रोमाञ्चक जित निकाल्यो । न्युजिल्यान्डले पहिलो इनिङ्समा दुई सय २५ रन तथा दोस्रो इनिङ्समा एक सय ७४ रनको योगफल बनाएको थियो । भारतले पहिलो इनिङ्समा दुई सय ६३ रन बनाएको थियो ।

अब विश्व टेस्ट च्याम्पियनसिपअन्तर्गत २२ नोभेम्बरदेखि अस्ट्रेलियाविरुद्ध सिरिज हुँदै छ । भारतले फाइनल स्थान पक्का गर्न अस्ट्रेलियालाई कम्तीमा ४-० ले हराउनुपर्छ । अस्ट्रेलियासँग दुई टेस्ट मात्र गुमाउँदा भारत यसपटक उपाधि दौडबाट बाहिरिनेछ । यसविपरीत न्युजिल्यान्डको अन्तिम दुईमा पुग्ने सम्भावना बलियो देखिएको छ ।

विश्व टेस्ट च्याम्पियनसिपमा पाँच राष्ट्रबिच फाइनल पुग्ने होडबाजी छ । अस्ट्रेलिया, दक्षिण अफ्रिका र श्रीलंकाको सम्भावना उत्तिकै छ ।

इंग्ल्यान्ड, पाकिस्तान, वेस्ट इन्डिज र बंगलादेश फाइनलको दौडबाट बाहिरिसकेका छन् । सन् २०२३-०२५ को विश्व टेस्ट च्याम्पियनसिपको अंक तालिकामा अस्ट्रेलियाले १२ खेलबाट ९० अंक जोडेको छ । भारतले १४ खेलबाट ९८ अंक जोडेको छ । अस्ट्रेलिया शीर्ष र भारत दोस्रो स्थानमा छन् । भारतले श्रीलंका, न्युजिल्यान्ड र दक्षिण अफ्रिकाका तुलनामा धेरै खेल खेलेको छ । तेस्रो स्थानमा रहेको श्रीलंकाले नौ टेस्टबाट ६० अंक जोडेको छ । दक्षिण अफ्रिकाले आठ टेस्टबाट ५२ अंक हात पारेको छ ।

### पूर्वखेलाडीबाट आलोचना

घरेलु मैदानमा नराम्रो हारको सामना गरेपछि भारतीय टोलीका पूर्वदिग्गज खेलाडीहरूले आलोचना गरेका छन् । पूर्वकप्तान सचिन तेन्दुलकरले हारेपछि भारतका प्रत्येक खेलाडीले आत्मसमीक्षा गर्नुपर्ने सुझाव दिएका छन् । 'घरमै ३-० ले पराजित हुनु राम्रो होइन, हामी न्युजिल्यान्डसँग दुई दशकपछि घरेलु मैदानमा पराजित भएका छौं,' सचिनले भने, 'अब सबै खेलाडीले प्रत्येक खेलमा गरेका गल्ती र आत्मसमीक्षा गर्नुपर्छ ।'

न्युजिल्यान्डविरुद्धको टेस्ट सिरिजका लागि खेलाडीले खराब सर्ट चयन गरेको र अभ्याससमेत कमी भएको उनले बताए ।

> २२ नोभेम्बरदेखि अस्ट्रेलियाविरुद्धको पाँचमध्ये चार टेस्टमा जित निकाल्दा मात्र भारत फाइनलमा पुग्न सक्ने

पूर्व ब्याट्सम्यान वासिम जाफरले न्युजिल्यान्डले भारतलाई सबै पक्षमा पराजित गरेको प्रतिक्रिया दिएका छन् । 'न्युजिल्यान्डले पहिलोपटक भारतलाई उसैको भूमिमा सबै पक्षमा हरायो, टेस्टमा वास्तविक जितको हकदार पाहुना टोली हो,' जाफरले भने, 'भारतीय खेलाडीले समीक्षा गर्नुपर्छ ।' पूर्वअलराउन्डर इरफान पठानले अहिलेसम्मकै खराब हार भएको जनाए । 'मेरो करिअरमा आफ्नै भूमिमा यस्तो हार देखेको थिइनँ,' पठानले भने, 'छनोटकर्तादेखि खेलाडीले गल्ती भएका स्थानमा सच्याउनुपर्छ ।'

यसैगरी, इंग्ल्यान्डका पूर्वक्रिकेटर माइकल भानले न्युजिल्यान्डको प्रशंसा गरेका छन् । 'भारतमाथिको जित अविश्वसनीय थियो, यसमा पनि क्लिनस्विप गर्नु सामान्य होइन,' भानले भने, 'भारतीय खेलाडीले तीनवटै टेस्टमा संघर्ष गरेको पाएँ ।' युवराज सिंहले टेस्टका खेलाडी खेलाडी फिट नभएको जनाए । 'आइसिसी टी-२० विश्वकपको सफलतापछि हामीले खराब नतिजा सामना गरेका छौं,' युवराजले भने, 'न्युजिल्यान्डविरुद्ध खेलाडी तयार नभएको पाएँ ।'

## नेपालले क्लासिक बेसबल लिग खेल्ने

**काठमाडौं** / नेपाली राष्ट्रिय बेसबल टोलीले संयुक्त अरब इमिरेट्स (युएई)मा हुने अरब क्लासिक बेसबल लिग खेल्ने भएको छ । युएईमा बिहीबारदेखि अरब क्लासिक बेसबल लिग सुरु हुँदै छ । मध्यपूर्वी र दक्षिण एसियाका नौ राष्ट्र सहभागी ११ नोभेम्बरसम्म चल्नेछ ।

निश्चल केसीको कप्तानीमा रहेको नेपाली टोलीमा १५ खेलाडीसहित २५ सदस्यीय नेपाली टोली छन् । नेपाल समूह 'बी'मा छ । यस समूहमा नेपालसहित प्यालेस्टाइन, श्रीलंका र साउदी अरेबिया छन् । नेपालले यी तीनवटै राष्ट्रविरुद्ध उत्कृष्ट खेल प्रदर्शन गर्ने कप्तान केसीले बताए । 'हामीले लिगमा राम्रो नतिजा निकालेअनुरूप प्रशिक्षण गरेका छौं,' केसीले भने । समूह 'ए'मा भने भारत, पाकिस्तान, अफगानिस्तान, बंगलादेश र युएईले प्रतिस्पर्धा गर्नेछन् ।

नेपालले प्यालेस्टाइनसँग आगामी शुक्रबारदेखि प्रतियोगिताको सुरुवात गर्नेछ । प्रतियोगितामा सहभागी हुने टोलीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप)की निमित्त सदस्यसचिव अञ्जना मास्के श्रेष्ठले सोमबार बिदाइ गरेकी छिन् । निमित्त सदस्यसचिव श्रेष्ठले टोलीका कप्तान निश्चल केसीलाई राष्ट्रिय झन्डा हस्तान्तरण गर्दै सोमबार बिदाइ गरेकी छिन् ।

## ■ युनाइटेड र चेल्सीले अंक बाँडे



**एजेन्सी** / म्यानचेस्टर युनाइटेड र चेल्सीले प्रिमियर लिगमा १-१ को बराबरी खेल्दै अंक बाँडेका छन् । ७०औं मिनेटमा कप्तान ब्रुनो फर्नान्डेजले युनाइटेडलाई १-० को अग्रता दिलाए । खेलको ७४औं मिनेटमा मोइसेस काइसेडोले चेल्सीलाई बराबरीमा ल्याए । चेल्सी १० खेलबाट १८ अंक जोडेर चौथो स्थानमा उक्लेको छ । युनाइटेड १० खेलबाट १२ अंकसहित १३औं स्थानमा छ ।

# सलाहको लिभरपुलमा सम्झौता सकिँदै

**एजेन्सी**

इजिप्टका स्ट्राइकर मोहमद सलाह र लिभरपुलबिचको सम्झौता सकिँदै छ । नौ सातापछि इंग्लिस प्रिमियर लिग (इपिएल)को नयाँ सिजन सुरु हुँदै छ । यस अवधिमा लिभरपुल र सलाहबिचको सम्झौता नवीकरण हुन्छ वा हुँदैन भन्ने चासोको विषय बनेको छ । ब्राइटनविरुद्ध विजयी गोल गर्दा सलाहले त्यति खुसी मनाएनन् । बेलायती एजेन्सीहरूका अनुसार क्लबले उनीसँग सम्झौता गर्ने सम्भावना कम छ ।

सलाह मात्र नभएर डिफेन्डर ट्रेन्ट एलेसान्दर अनान्डो र भर्गिल भान डिर्कका पनि सम्झौता सकिँदै छन् । पछिल्लो समयमा यी तीनजना खेलाडीले लिभरपुलबाट उत्कृष्ट प्रदर्शन गरिरहेका छन् । युरोपियन च्याम्पियन्स लिग र इपिएलमा लिभरपुलले उपाधि दाबेदार प्रस्तुत गरिरहँदा सलाह, अनाल्डो र भान डिर्कको प्रदर्शन मुख्य मानिन्छ । अब दुई महिनापछिको उनीहरूको भविष्य लिभरपुलमा निश्चित नभएको एजेन्सीहरूको दाबी छ । लिभरपुलले सम्झौता नगरेको खण्डमा खेलाडीलाई 'खेलाडी किनबेच विन्डो'मा खुला राख्न सक्छ ।

गत वर्षसम्म खेलाडीसँगको सम्झौता नवीकरणमा यस्तो समस्या आएको थिएन । यसै सिजनमा लिजेन्ड प्रशिक्षक जर्गेन क्लोपले क्लब छाडेपछि क्लबमा यस किसिमको अन्योल सिर्जना भएको हो । 'तालिकामा लिभरपुलमाथि छ, तर अन्तिम दिन एक क्लब मात्र च्याम्पियन बन्नेछ,' सलाहले सोसल मिडियामा भनेका छन्, 'यो वेला हामी पनि च्याम्पियन बन्ने दौडमा छौं, सबै समर्थकलाई धन्यवाद छ ।' सलाहले घुमाउरो रूपमा लिभरपुलमा अन्तिम वर्षजस्तै भावना व्यक्त गरेका छन् ।

सलाह लेख्छन्, 'एन्डफिल्डमा यस किसिमको वातावरणलाई कहिल्यै भुल्न सकिदनँ, जबजब मैले लिभरपुलका लागि गोल गर्थें, समर्थकको ताली सधैं पाएँ ।' म्यानचेस्टर सिटीका पूर्वडिफेन्डर मिचा रिचार्डले लिभरपुल र सलाहबिच दुई वर्षको सम्झौता हुन सक्ने दाबी गरेका छन् । 'मेरो जानकारीमा उनीहरूबिच दुई वर्षको सम्झौता हुन सक्छ, अहिले क्लब सार्वजनिक गर्ने पक्षमा छैन,' रिचार्डले भने, 'तर, सम्झौता रकममा केही समस्या आएको देख्छु ।'

लिभरपुलको नजरमा सलाह महत्त्वपूर्ण खेलका गोल स्कोरर हुन् । सलाहले पनि चिरपरिति प्रतिद्वन्द्वीविरुद्ध आकर्षक खेल मात्र देखाउँदैनन्, गोल पनि गर्छन् । 'एक विश्वस्तरीय खेलाडीको खुबी नै शान्त रहेर विपक्षी पोस्टमा गोल गर्नु हो,' रिचार्डले भने, 'औसत र र राम्रा खेलाडीबिचको भिन्नता यही नै हो ।'

### लिभरपुलबाट २ सय २० गोल

लिभरपुलले इटालीको सिरिए क्लब रोमाबाट सन् २०१७ मा सलाहलाई भित्र्याएको थियो । अहिलेसम्म लिभरपुलबाट सबै खाले प्रतियोगितामा गरी उनले २२० गोल गरेका छन् । उनले इंग्लिस प्रिमियर लिगमा मात्र १६२ गोल गरेका छन् । लिभरपुलको इतिहासमा इपिएलमा सर्वाधिक गोल गर्ने सूचीमा उनी पाँचौं स्थानमा छन् । विली लिडेलभन्दा आठ गोलले उनी पछाडि छन् । मैदानमा सधैं गोल गर्न तयारी अवस्थामा रहने सलाहले सन् २०१४-०१६ सम्म चेल्सीमा आबद्ध भएका थिए । चेल्सीमा उनले दुई वर्ष बिताउँदा १३ खेलमा दुई गोल गरेका थिए । त्यसपछि लोनमा उनी फ्लोरिन्टा र रोमामा पुगे ।

> सलाह र क्लबबिचको सम्झौता नौ साता बाँकी छ, तर अहिलेसम्म लिभरपुलले मुख्य खेलाडीसँगको सम्झौता नवीकरण गर्ने वा नगर्ने स्पष्ट पारेको छैन

सात वर्षभित्र लिभरपुलबाट उनले ४८ पटक विजयी गोल गरेका छन् । 'लिभरपुलका लागि सलाह विशेष खेलाडीमै पर्छन्, यसपटक मात्र उनले विजयी गोल गरेका होइनन्, कुनै पनि समयमा उनले गोल गर्न सक्छन्,' रिचार्डले भने । एन्डफिल्डमा आएपछि उनले प्रत्येक सिजनमा २० भन्दामाथि गोल गरेका छन् । सन् १९९२ पछि इपिएलमा यस्तो सफलता हात पार्ने केवल सात खेलाडी छन् । क्लोपपछि लिभरपुल सम्हालेका अर्ने स्लोटले १५ मध्ये १३ खेलमा जित दिलाएका छन् ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com